# पहिलो अध्याय

# शोध परिचय

## १.१ विषय परिचय

नेपाली साहित्यको फाँटमा पृथक् परिचय लिएर चिनिन सफल बहुप्रतिभाका धनी व्यक्तित्व नवीन विभासको वास्तविक नाम किरण पुन मगर हो । पिता दलबहादुर पुन र माता दिलसरी पुनको कान्छो सन्तानका रूपमा वि.सं. २०३६/०८/२९ मा तत्कालीन राप्ती अञ्चल रोल्पा जिल्लाको परिवर्तन गा.पा. (साविक राङ्कोट ७) मा उनको जन्म भएको हो । निम्न मध्यम वर्गीय परिवारमा जन्मिएका विभास कथा, निबन्ध, गजल र कविताका क्षेत्रमा कलम चलाउने प्रतिभाशाली साहित्यकार हुन् ।

अङ्ग्रेजी साहित्य, नेपाली साहित्य, पत्रकारिता र राजनीतिशास्त्रमा समेत स्नातकोत्तर गरेका विभास आधुनिक नेपाली निबन्ध साहित्यको समसामयिक धारामा उदाएका नव प्रतिभा हुन् ।

एक दशकभन्दा लामो समय नेपाली अङ्ग्रेजी दैनिक पत्रिकामार्फत नेपालको राजनीति र द्वन्द्वलाई पछ्याएका विभासले नेपाली संस्कृतिका विभिन्न आयामलाई नजिकबाट नियालेका छन् । विभास संयुक्त राष्ट्रसङ्घको राजनीतिक मामिला विभागमा काम गरेका स्वतन्त्र अनुसन्धाता र विकास एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्चार माध्यममा समाचार र वैचारिक लेखहरू लेख्ने गर्दछन् ।

विभासले लेख, रचना, वैचारिक अभिव्यक्ति, निबन्ध, नियात्रात्मक लेख, कविता, कथा जस्ता विविध पक्षमा कलम चलाएका छन् । 'आधाबाटो हिडेपछि' (कथासङ्ग्रह २०५७), 'मौसमका हरफहरू' (कवितासङ्ग्रह सहलेखन २०५८), उनका गजल (गजलसङ्ग्रह, सहलेखन, २०५९), 'रोल्पा सुइना' कथा सङ्ग्रह, २०७३) पुस्तकका रूपमा प्रकाशित छन् । विभासले समसामयिक सामाजिक , सास्कृतिक र राजनीतिक विकृति विसङ्गतिलाई र नेपालको सङ्कटकालीन द्वन्द्वात्मक परिवेशलाई आफ्ना निबन्धमा जीवन्त रूपमा उतारेका छन् । उनका 'रात पनि ऐठन परेको रातमा' शीर्षकका १४ ओटा निबन्धहरू पनि यसै परिवेशलाई वैचारिक अभिव्यक्ति दिने रचना हुन् । 'रात पनि ऐठन परेको रातमा' निबन्ध

कृतिमा विभास प्रगति र परिवर्तनको पक्षमा कलम चलाउने निबन्धका रूपमा देखिएका छन् । निबन्ध विधाका तत्त्वहरूमध्ये विषयवस्तु, शैली र उद्देश्यलाई मूल तत्त्व मानी यसैका आधारमा कृतिको विश्लेषण गरिएको छ ।

## १.२. समस्या कथन

नवीन विभासको 'रात पनि ऐठन परेको रातमा' निबन्ध कृतिको विधातात्त्विक अध्ययन शीर्षकको प्रस्तुत शोधकार्यको मूल समस्यालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) 'रात पनि ऐठन परेको रातमा' निबन्ध कृतिमा केकस्ता विषयवस्तुको प्रयोग गरिएको छ ?

(ख) 'रात पनि ऐठन परेको रातमा' कृतिको शैली शिल्प कस्तो छ ?

(ग) 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको उद्देश्य के कस्तो छ ?

## १.३. अध्ययनको उद्देश्य

माथि उल्लेखित शोध समस्यामा रहेका 'रात पनि ऐठन परेको रातमा' निबन्ध कृतिको विधातात्त्विक अध्ययन गर्नु नै यस शोधपत्रको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत शोधका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(क) 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा प्रयुक्त विषयवस्तुको खोजी गर्नु,

(ख) 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा प्रयुक्त शैली शिल्पको निरूपण गर्नु ।

(ग) 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्धहरूको उद्देश्य पहिल्याउनु ।

## १.४. पूर्वकार्यको समीक्षा

कथा, कविता, गजल र निबन्ध जस्ता विविध विधामा कलम चलाएका विभासका कृतिमा विभिन्न समालोचकहरूले फरक-फरक रूपमा समीक्षा गरेको पाइन्छ । विभासका 'रोल्पा सुइना' कथा सङ्ग्रह कृतिका बारेमा शोधकार्य पनि भइसकेका छन् तथा विभिन्न

पत्रपत्रिकामा उनी र उनका प्रकाशित कृतिहरूमाथि महत्त्वपूर्ण समीक्षात्मक आलेखहरू प्रकाशित भएका छन् । 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहका बारेमा व्यवस्थित अध्ययन नभए पनि त्यसबारे जहाँ जेजति अध्ययन भएका छन् तिनलाई कालक्रमिक रूपमा निम्नलिखित किसिमले उल्लेख गरिएको छ :

टीकाराम उदासी (२०६०) ले 'रात पनि ऐठन परेको रातमा' निबन्धमा 'नवीनको पृथक यात्रा' शीर्षकमा कर्फ्युको अँध्यारो रातलाई औँल्याएका छन् । साथै युद्धकालीन विसङ्गतिका अनेकौं समस्याहरूलाई पनि विभासको प्रस्तुत कृतिले कलात्मक शैलीमा प्रकट गरेको तथ्य प्रस्तुत गरेका छन् ।

प्रकाश सिलवाल (२०६०) ले 'हिमालय टाइम्स' पत्रिकामा 'देशको सन्त्रासमा अभ्यस्त कलम' शीर्षकको लेखमा 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहबारे विश्लेषण गर्दै नेपालको इतिहासमा सबैभन्दा कालो पाना रात पनि ऐठन परेको रातमा जीवन-जगत् जगजगीको भुमरीमा फन्किएको काल खण्ड हो भन्ने विचार प्रकट गरेका छन् । निदाएको स्वाङ् पारेर निर्जीव झैं गुम्सेर बितेका रातमा मानवीय कल्पना र प्रगति कति हदसम्म प्रतिबन्धित होला भन्दै त्यो जिज्ञासा र त्यसको सेरोफेरोको बारेमा समेत आफ्ना विचार प्रस्तुत गरेका छन् । प्रस्तुत पूर्वकार्यले यस शोधमा विवेचना गरिएका निबन्धहरूका बारेमा कुनै चर्चा गरिएको छैन ।

विष्णु रिजाल (२०६०) ले 'बुधबार' साप्ताहिक पत्रिकामा 'नवीन शैलीका निबन्धहरू' शीर्षकको लेखमा 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहबारे विश्लेषण गर्दै यस 'रात पनि ऐठन परेको रातमा' निबन्धले समाजमा उज्ज्वल सम्भावनाहरूको सङ्केत गरेको, मानवजीवनका मानव भोगाइहरू सुखभन्दा दुःखलाई माया गरेको र शिल्पका हिसाबले साँच्चै नै नवीन रहेको कुरा बताएका छन् । प्रस्तुत पूर्वकार्यले यस शोधमा विवेचना गरिएका निबन्धहरूका बारेमा कुनै चर्चा गरिएको छैन ।

स्वागत नेपाल (२०६०) ले समाचारपत्रमा 'वर्तमान देशको चित्र' शीर्षकको लेखमा भावुकता भए पनि वास्तविक पात्र, स्थान, समय र राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाक्रमको डिट्ठो प्रयोगले प्रत्येक पाठक आफूलाई निबन्धकार सँगसँगै पढिरहेका अनुभव गर्न सफल हुन्छन्

भन्ने धारणा प्रस्तुत गरेका छन् । प्रस्तुत पूर्वकार्यले पनि यस शोधमा विवेचना गरिएका निबन्धहरूका बारेमा कुनै चर्चा गरिएको छैन ।

शारदा पौडेल (२०७५) ले 'रोल्पा सुइना कथा सङ्ग्रहका कथाको विधातात्त्विक अध्ययन' शीर्षकको शोधपत्रमा माओवादी सशस्त्र द्वन्द्वको समयमा घटेका विभिन्न घटनाहरू तथा तिनले निम्त्याएका अनेकौं परिस्थितिलाई कथानकका रूपमा प्रस्तुत गरेको बताएकी छिन् । प्रस्तुत पूर्वकार्यले यस शोधमा विवेचना गरिएका निबन्धहरूका बारेमा कुनै चर्चा गरिएको छैन ।

माथि उल्लेख गरिएका टिकाराम उदासी (२०६०) देखि शारदा पौडेल (२०७५) सम्मका पूर्वकार्यहरूले 'रात पनि ऐठन परेको रातमा' कृतिको वस्तुपरक विवेचना गर्न सकेका छैनन् । विषयवस्तु र शैली निबन्धका दुई प्रधान तत्त्व हुन् । तर यी दुई प्रधान तत्त्वका आधारमा माथिका पूर्वकार्यहरूमा कुनै विवेचना भएको छैन । यी पूर्वकार्यहरू बढी मात्रामा विषयवस्तुतर्फ मात्र केन्द्रित देखिन्छन् । यस शोधमा तिनै दुई तत्त्वका आधारमा निबन्धहरूको विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा उक्त निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूलाई निबन्ध तत्त्वका आधारमा विवेचना गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ । कृतिमा प्रस्तुत विषयवस्तु र कृतिलाई सुन्दर पार्ने शिल्पको व्यवस्थित विश्लेषण यसै शोधमा गरिएको छ ।

### १.५. शोधकार्यको औचित्य

आधुनिक नेपाली निबन्धको विकासक्रममा वर्तमान कालका निबन्धकार नवीन विभास र उनीद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहको पनि थोर बहुत भूमिका रहेको देखिन्छ । पूर्वकार्यको समीक्षामा दिइएका विवरण बाहेक उनको निबन्ध सङ्ग्रह र निबन्धहरूको अन्यत्र कुनै समीक्षा र समालोचना भएको पाइँदैन । त्यसकारण यस निबन्धका बारेमा हालसम्म पनि विधातात्त्विक दृष्टिले समग्र र व्यवस्थित अध्ययन नभएको र अध्ययन हुन बाँकी रहनुले नै प्रस्तुत शोधकार्य लेखन औचित्यपूर्ण देखिन्छ । प्रस्तुत अध्ययनले 'रात पनि ऐठन परेको रातमा' निबन्धका बारेमा यथेष्ठ जानकारी लिन चाहने अध्येता, शोधार्थी तथा साहित्यप्रेमीहरूलाई समेत सहयोग पुग्न जाने भएकाले यसको औचित्य स्वत : सिद्ध हुने देखिन्छ ।

### १.६. शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्य नवीन विभासको 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूको विधातात्त्विक विश्लेषणमा मात्र केन्द्रित रहेको छ । यस शोधकार्यमा उनका अन्य कृतिको अध्ययन गरिएको छैन । यस कृतिको विधातात्त्विक अध्ययन नै यस शोधकार्यको मुख्य विषय भएकाले यसको सीमा पनि विधातत्त्वमा आधारित विश्लेषणलाई नै मानिएको छ ।

### १.७. शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषणको पद्धति तथा सैद्धान्तिक आधार पर्दछन् ।

#### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा प्राथमिक तथा द्वितीयक दुवै प्रकारका शोध सामग्रीको उपयोग गरिएको छ । प्राथमिक सामग्री अन्तर्गत 'रात पनि ऐठन परेको रातमा' निबन्ध कृति रहेको छ । द्वितीयक सामग्रीको रूपमा पत्रपत्रिकाहरू, शोधपत्र लगायतका अन्य सामग्रीलाई लिइएको छ । आवश्यकताअनुसार सम्बन्धित कृतिका रचनाकारसँगको अन्तर्वार्ताबाट पनि सामग्री सङ्कलन गरिएको छ । प्राथमिक तथा द्वितीयक दुवै सामग्रीको सङ्कलन मुख्यत : पुस्तकालयीय कार्यबाट गरिएको छ ।

#### १.७.२ सामग्रीको विश्लेषण

प्रस्तुत शोधकार्यमा सङ्कलित सामग्रीलाई निबन्ध तत्त्वका आधारमा विश्लेषण गरिएको छ । निबन्ध तत्त्वमध्ये विषयवस्तु, शैली र उद्देश्यलाई प्रमुख तत्त्व मानी तिनै तीन तत्त्वका आधारमा विवेच्य कृतिको विश्लेषण गरिएको छ । प्रस्तुत शोध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्धको विधातात्त्विक अध्ययनमा केन्द्रित रहेको हुँदा साहित्यशास्त्रले देखाएका निबन्धात्मक उपकरणहरूलाई मुख्य आधार बनाई विश्लेषणात्मक र व्याख्यात्मक विधिद्वारा कृतिको अध्ययन गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत 'रात पनि ऐठन परेको रातमा निबन्ध कृतिको विधातात्त्विक अध्ययन' शीर्षकको शोधपत्रलाई सुसङ्गठित र सुव्यवस्थित ढङ्गमा प्रस्तुत गर्न निम्नलिखित अध्यायमा विभाजन गरिएको छ :

पहिलो अध्याय : शोध परिचय

दोस्रो अध्याय : निबन्धको सैद्धान्तिक आधार

तेस्रो अध्याय : नेपाली निबन्धको विकासक्रम

चौथो अध्याय : 'रात पनि ऐठन परेको रातमा' निबन्ध कृतिमा सङ्गृहीत निबन्धहरूको विधातात्त्विक अध्ययन

पाँचौ अध्याय : सारांश र निष्कर्ष

प्रस्तुत शोधपत्रका उल्लिखित अध्यायहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

# दोस्रो अध्याय

# निबन्धको सैद्धान्तिक आधार

## २.१ विषय परिचय

यस अध्यायमा निबन्धको सैद्धान्तिक अध्ययन गरिएको छ । यसअन्तर्गत निबन्धको परिचय, परिभाषा, प्रकार आदिको चर्चा गरिएको छ । निबन्धको परिभाषाका क्रममा बेकन, मोन्ते, जोन्सन लगायत पाश्चात्य विद्वान्, रामचन्द्र शुक्ल, गुलाब राय आदि भारतीय विद्वान् तथा देवकोटा, ईश्वर बराल, राजेन्द्र सुवेदी, दयाराम श्रेष्ठ, गोपीकृष्ण शर्मा आदि नेपाली विद्वान्का परिभाषाालाई राखिएको छ । निबन्ध के हो ? नेपाली साहित्यमा निबन्ध कसरी विकसित हुँदै छ ? त्यसका बारेमा विस्तृत प्रकाश पारिएको छ । त्यस्तै निबन्धका तत्त्वहरूको पनि चर्चा गरिएको छ ।

## २.२ निबन्धको परिचय

साहित्यका प्रमुख विधामध्ये निबन्ध सबैभन्दा कान्छो विधा हो । निबन्ध एउटा त्यस्तो विधा हो जो मनमा भएका कुरालाई लिखित रूपमा व्यक्त गरिएको रूप हो । निबन्ध साहित्यको गद्यात्मक पाठ्य विधा हो । गद्यविधाअर्न्तगत निबन्ध आाख्यानेतर विधामा पर्छ । पाश्चात्य जगत्बाट विकसित यो विधा अन्य विधाको तुलनामा कान्छो मानिन्छ तर यसको फैलावट भने संसारभर भएको छ । निबन्ध शब्द संस्कृत मूल स्रोतबाट नेपालीमा जस्ताको तस्तै प्रचलनमा आएको तत्सम शब्द हो । यसको व्युत्पत्तिमूलक अर्थलाई जोडेर हेर्दा यस शब्दले जीवन जगत्का कुनै विषयलाई सुन्दर गद्य भाषाका माध्यमबाट लघु आयाममा प्रकट गरिने साहित्यिक विधालाई बुझाउँछ । भाव वा विचारलाई अत्यन्त सुन्दर ढङ्गले नियन्त्रित रूपमा बाँध्नु वा केन्द्रित गर्नु भन्ने अर्थ निबन्ध शब्दले दिन्छ । निबन्धबाट चिन्तक वा लेखकका सोचाइ, विचार, आग्रह, प्रतिभा र खुबी अभिव्यक्त भएको हुन्छ । निबन्धले लेखक र विषयवस्तुका बिच सम्बन्ध जोड्ने काम गरेको हुन्छ । निबन्धले अनुभूतिलाई शब्दमा रूपान्तरण गर्छ र त्यस्तो अभिव्यक्ति अरूसमक्ष शब्दकै माध्यमबाट सम्प्रेषित हुन्छ । निबन्ध सीमित घेराभित्र रहेर असीमित विचार पहिल्याउने छोटो-छोटो बसाइमा पढिसकिने गद्यमय अभिव्यक्तिका रूपमा यसलाई चिन्न सकिन्छ । निबन्ध लेखन एक कला हो । कला साधनामा रत्तिन्छ । साधना अभ्यासले कलामा चमक आउँछ । अध्ययन

र अभ्यासले अभिव्यक्तिमा परिपक्वता आउँछ (शर्मा, २०६३ : ३) । गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गए पनि सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै जाँदा साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रूपमा सृजना हुन थाल्यो । यसकारण विश्व साहित्यमा निबन्ध कनिष्ठतम विधा हो । परिणाम स्वरूप नेपाली निबन्ध पनि नेपाली साहित्यका सृजना विधाको कान्छो भाइका रूपमा देखा परेको छ (सुवेदी, २०६३ : १) ।

समग्रमा निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिड्ने आत्मा र वस्तु दुवै वा कुनै एक पक्षमा केन्द्रित भएर सुरुमा आभ्यासिक र पछि गएर स्वत : स्फूर्त पनि हुन सक्ने रमाइलो र छोटो गद्य विधा हो । मनका कुरा पोख्ने माध्यम सूक्ष्म कुरादेखि विशाल ब्रह्माण्डसम्म यसका विषय हुन सक्छन् । आदि, मध्य,  अन्त्यको सङ्गठन यसमा हुन्छ ( शर्मा, २०६३ :४-५) ।

यसरी निबन्ध भनेको एक अभिव्यक्ति हो । यो भाषाका माध्यमबाट प्रकट गरिने अभिव्यक्ति हो । निबन्धमा गद्य भाषाको प्रयोग गरिन्छ । निबन्ध भनेको लेख्य भाषिक अभिव्यक्तिका अनुच्छेद समूहमा आधारित त्यस्तो गद्य रचना हो । निबन्ध कुनै खास शीर्षकमा लेखिन्छ । निबन्धको शीर्षक भनेको कुनै खास विषय हो । आफूले मनमनै कल्पिएको छ र पढेर, सोधेर वा खोजेर बटुलेका कुराहरूलाई सुहाउँदो किसिमले सिलसिला मिलाएर निबन्ध लेख्दै जानुपर्छ  । शीर्षकको पुष्टि गर्ने खालका तथ्य प्रमाण, तर्क, दृष्टान्त आदि प्रस्तुत गरी वस्तुपरक शैलीको प्रयोग गर्नु पर्छ र यस्ता निबन्धमा आफ्नो मनका काल्पनिक किसिमका भावनाहरू मिसाउनु हुँदैन ।

## २.३ निबन्धका विशेषता

निबन्धमा कुनै किसिमको निजी वेदना, व्यथा, हर्ष, विस्मात् आदिलाई समेटिएको हुन्छ । निबन्धका सम्बन्धमा पाश्चात्य तथा पूर्वीय विद्वान्हरूले अभिव्यक्त गरेका मतका आधारमा निबन्धका विशेषता निर्क्यौल गर्न सकिन्छ । सबै विद्वान्हरू निबन्ध आत्मपरक, वस्तुपरक, सुगठित शैली, सुसङ्गठन, सङ्क्षिप्त आयतन, विषय वस्तु नै निबन्धलाई पहिचान गर्ने आधार हुन् भनी सहमत भएको पाइन्छ । गद्य भाषामा लेखिनु यसको विशेषता हो ।

सबै निबन्धहरू गद्य भाषामै लेखिन्छन् । गद्य भाषामा लेखिएर पनि आत्मप्रकाशनमा जोड दिइने हुँदा यस्ता निबन्धहरूमा काव्यात्मक मिठास पनि प्राप्त गर्न सकिन्छ । एउटै विचार वा एउटै विषयको प्रस्तुति हुन पनि निबन्धको विशेषता हो ।

हरेक निबन्धमा एउटा मुख्य विचार उठाइएको हुन्छ र त्यही विचारको पुष्टि उक्त निबन्धभरि गरिएको हुन्छ । सुगठित शैली र लघु आयाम पनि निबन्धका विशेषता हुन् । निबन्धको शैली सुगठित किसिमको हुने गर्छ । लघु वा छोटो  आयाममा निबन्ध लेखिन्छ ।

निबन्धको लेखमा एउटा विचार वा विषयको परिपुष्ट प्रस्तुति निबन्धमा हुने हुँदा यो छोटो वा संक्षिप्त पनि हुने गर्छ । निबन्धमा भाव वा विचारको अथवा वस्तु सत्यको अभिव्यक्ति गरिन्छ । जीवन र जगत्भन्दा बाहिर गएर निबन्धमा अभिव्यक्ति दिइँदैन ।

जीवन र जगत्का यावत् पक्षाहरूमध्ये कुनै एकलाई निन्बन्धको विषय बनाएर त्यसको कलात्मक प्रस्तुति हुने गर्दछ । हृदय पक्ष र बुद्धि पक्षको कलात्मक सन्तुलन निबन्धकमा हुने गर्छ ।

मोन्तेन जस्ता निबन्धकार निबन्धमा हार्दिक र भावनात्मक पक्ष आउनुपर्छ भन्ने कुरामा जोड दिन्छन् भने बेकन जस्ता निबन्धकार बुद्धि तत्त्वमा जोड दिन्छन् । यसरी निबन्ध हृदय र मस्तिष्कको कलात्मक संयोजन हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

लेखकका निजी विचारलाई प्रस्तुत गर्नु पनि निबन्धको विशेषता हो । निबन्धमा लेखकको निजी विचार प्रस्तुत हुने गर्छ । लेखकले भोगेको जीवनको अभिव्यक्ति प्रतिक्रिया स्वरूप निबन्धमा अभिव्यक्त भएको हो ।

आख्यानकारिता हुनु निबन्धको महत्त्वपूर्ण विशेषता हो । हुन त कतिपय निबन्धहरूमा टुक्रे आख्यानहरूको प्रयोग पनि हुने गरेको पाइन्छ वा निबन्ध आख्यानरहित र विचार नै सशक्त रूपमा प्रस्तुत हुन्छ ।

निबन्धको अर्को विशेषता विषय चयनगत स्वतन्त्रता पनि हो । विषयवस्तु चयन गर्न यसमा सतन्त्रता हुन्छ । यसका कुनै शास्त्रीय नीति नियम र बन्धनहरू छैन । अतः स्वतन्त्र विषयलाई आत्मानुभूतिका माध्यमबाट प्रस्तुत गर्ने स्वतन्त्रता यसमा रहन्छ ।

उन्मुक्तता र स्वच्छन्दता भएर पनि आफैँमा पूर्णता हुनु निबन्धको विशेषता हो । निबन्ध उन्मुक्त र स्वच्छन्द हुन्छ । यति हुँदाहुँदै पनि निबन्ध आफैँमा पूर्ण हुन्छ । विचारको पूर्ण निष्कर्ष वा जिज्ञासाको शमन यसमा हुन्छ ।  रोचकता र सजीवता निबन्धका विशेषता हुन् ।

विषय वस्तुको आत्मपरक प्रस्तुतिका क्रममा रोचक ढङ्गमा यसको प्रस्तुति भएको हुन्छ । निबन्ध जति रोचक भयो पठनमा त्यति नै आनन्द आउँछ । जीवन र जगत्को कलात्मक अभिव्यक्ति जति शसक्त रूपमा भयो त्यति नै निबन्ध सजीव हुने गर्दछ । आत्मप्रकाशनमा केन्द्रित रहनु निबन्धको अर्को विशेषता हो ।

निबन्धमा निबन्धकारको नितान्त वैयक्तिक अनुभूति प्रस्तुत गरिएको हुन्छ । निबन्धको मूल विशेषता भन्नु नै आत्मपरक भावाभिव्यक्तिलाई कलात्मक शैलीमा प्रस्तुत गर्नु हो ।

पाण्डित्यपूर्ण व्याख्यानभन्दा गफ गराइको शैली हुनु पनि निबन्धको विशेषता हो । पाण्डित्य पुर्ण व्याख्यान निबन्धको विशेषता होइन । यसमा त कुरा गराई वा मित्रहरूका बिचको गफ गराईको शैली हुनु पर्छ ।

कार्य कारण शृङ्खलाको अन्विति हुनु पनि निबन्धको विशेषता हो । निबन्धको विषय चयन गर्न स्वतन्त्र रहे पनि व्यक्तिका निजात्मक अनुभूतिहरूलाई प्रस्तुत गरे पनि त्यस्ता विचारहरू उपयुक्त कार्य कारण शृङ्खलामा उनिएको हुनु पर्छ ।

यसरी गद्यात्मक, सीमित आकारको, आत्म प्रकाशनमा केन्द्रित भएको, विषय वस्तु चयनमा स्वतन्त्रता भएको बृद्धि र हृदयको सन्तुलन भएको कुरा गराइको शैलीमा प्रस्तुत भएको उपयुक्त कार्य कारण शृङ्खला मिलेको, संक्षिप्त, एकोन्मुख र अन्वितिमय साहित्यको विधा विशेष नै निबन्ध हो । यिनै विशेषता वा वैशिष्ट्य नै  निबन्धका स्वरूपहरू पनि हुन् ।

## २.४ निबन्धको व्युत्पत्ति र अर्थ

नेपाली साहित्यमा निबन्ध विधाले क्रमिक रूपले विकसित हुने अवसर पाउँदै आएको छ । आधुनिक सन्दर्भमा साहित्यको गद्य विधा विशेषलाई जनाउने 'निबन्ध' शब्दको अर्थ पूर्वीय तथा पाश्चात्य जगतमा विभिन्न विद्धान्हरूले आ-आफ्नै किसिमले दिँदै आएका छन्

। यहाँ निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थ र निबन्ध सम्बन्धी पूर्वीय तथा पाश्चात्य दृष्टिकोणको छुट्टा-छुट्टै चर्चा गर्ने प्रयास गरिएको छ ।

### २.४.१. निबन्धसम्बन्धी पूर्वीय दृष्टिकोण

बन्ध' धातुमा 'नि' उपसर्ग लागेर निबन्ध शब्द निमार्ण भएको हो । जस्तै : नि+बन्ध् = निबन्ध, अर्थात नि+बन्ध्+अच् = निबन्ध हुन्छ । पहिलो प्रक्रियाबाट बनेको निबन्ध शब्दको अर्थ हुन्छ -बाँध्नु, सङ्ग्रह गर्नु, जुटाउनु र दोस्रो प्रक्रियाबाट बनेका निबन्ध शब्दको अर्थ चाहि निम्बको बोक्रो सेवन गर्नाले कुस्ठरोगको रोकथाम हुन्छ (सुवेदी, २०४३ : ६) ।

वर्तमान साहित्य जगतमा नि+बन्ध्+अच्बाट व्युत्पादन हुने निबन्ध शब्दको विशेष अर्थ स्थापित भएको छ । एघारौ शताब्दीतिर रचित कादम्बरी काव्यका प्रसङ्गमा निबन्ध शब्दको अर्थ टीका, व्याख्या, भाष्य आदिका प्रयोजनमा लिएको छ । याज्ञवल्क्य स्मृतिमा द्रव्यको अर्थमा निबन्धलाई लिइएको छ ।

संस्कृतमा निबन्ध शब्दको प्रयोग निकै पुरानो देखिन्छ । कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा **दैवी सम्पद् विमोक्षाय निबन्धायासुरी मता** भनेर आत्मालाई सांसारिक मायाजालमा बाँधेर राख्ने आसुरी सम्पदाका रूपमा निबन्ध शब्दको प्रयोग गरेका छन् ।

भावनाका अनेकौ कणलाई अभिव्यक्तिका सुगठित रचना शिल्पमा सङ्ग्रहित गर्नु वा सिलसिलाबद्ध गरेर अभिव्यक्ति दिनु भन्ने भएको छ (उपाध्याय, २०५९ : १६०) ।

बालचन्द्र शर्माले -'कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचनालाई निबन्ध भनिएको छ' (शब्दकोश, २०५५) । साहित्यका विविध विधा हुन्छन् ती विधामध्ये निबन्ध एक छोटो, छरितो गद्यमय अभिव्यक्ति हो (शर्मा, २०४४ : ३) । साथै शर्माले निबन्ध निजी चिन्तनधारा बोकेको सङ्क्षिप्त गद्य विधालाई मानेका छन् । प्रथमत : यो शब्द हस्तलिखित आदिलाई समेटेर बाँध्ने तात्पर्यमा प्रयोग भएको थियो । अहिले आएर यो शब्दले साहित्यको विशिष्ट किसिमको गद्य विधालाई बुझाउन थाल्यो ।

संस्कृत वाङ्मयमा विभिन्न अर्थमा प्रयुक्त निबन्ध शब्दले आजको साहित्यिक गद्य विधा विशेषलाई समेट्न सकेको छैन । 'निबन्ध' तत्सम शब्दका रूपमा नेपालीमा आएको

शब्द हो । आजको निबन्धको प्रयोग संस्कृत साहित्यकालमा भएको पाइँदैन । यसर्थ निबन्ध साहित्यको खास विधा विशेषलाई बुझाउने सामर्थ्य पाश्चात्य साहित्यकै उपादान स्वरूप प्राप्त गरेको हो भन्ने कुरा पनि प्रस्ट हुन्छ । यसर्थ निबन्धका बारेमा पाश्चात्य दृष्टिकोणको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

### २.४.२ निबन्धसम्बन्धी पाश्चात्य दृष्टिकोण

साहित्यका मुख्य चार वटा विधा हुन्छन् र तीमध्ये निबन्ध सबैभन्दा कान्छो विधा हो ।

निबन्धलाई बुझाउने अङ्ग्रेजी शब्द **एस्से** हो । **एस्से** शब्द फ्रान्सेली शब्दबाट आएको हो । यही यसाइबाट नै अङ्ग्रेजीमा एस्से शब्द बन्न पुग्यो जसको अर्थ प्रयास वा प्रयत्न भन्ने हुन्छ (थापा, २०१० : १०) ।

सोह्रौ शताब्दीका फ्रान्सेली साहित्यकार मिसल द मोन्तेनले आफ्ना रचनालाई 'एसाई' नाम दिएर निबन्धको विधागत आरम्भ गरे (बराल, २०३० : १०) ।

सत्रौं र अठारौं शताब्दीमा आएर गद्यमा लेखिएका छोटा रचनाकै तात्पर्यमा 'एस्से' शब्दको प्रयोग भएको छ (सुवेदी, ई. १९७१ : १३) । बिस्तारै एस्सेको परिभाषा गर्ने सन्दर्भमा विभिन्न विद्धान् र कोशकारहरूले यसको अर्थ दिन थालेपछि यसले साहित्यिक विधा विशेषलाई बुझाउन थाल्यो ।

नेपाली गद्य विधा विशेषलाई जनाउने निबन्ध शब्द पाश्चात्य 'एस्से'को तात्पर्यसँग नजिक रहेको पाइन्छ । पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग विधा विशेषको रूपमा भएको पाइँदैन । यसको प्रयोग भाष्य टीका आदिमा मात्र भएको पाइन्छ । तर पाश्चात्य 'एस्से' शब्दले आरम्भदेखि नै साहित्यिक रचनाकै अर्थ बहन गर्ने गद्य विधा विशेषलाई व्यापक अर्थमा लिन थालेको पाइन्छ । त्यसैले नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थ भन्दा पाश्चात्य एस्सेसँग बढी निकट रहेको देखिन्छ ।

### २.५ निबन्धको परिभाषा

निबन्ध विश्व साहित्यको इतिहासका सन्दर्भमा अत्यन्त नयाँ अर्थात् कान्छो विधा हो । एउटा विशेष विधाको रूपमा रहेको निबन्धको परिभाषा खोज्नु त्यति सजिलो छैन र पनि

विश्वका केही चिन्तकहरूले विषयवस्तु, आकार प्रकार, भाषाशैलीजस्ता विभिन्न आधारमा निबन्धलाई परिभाषित गरेका छन् । यसैकारण यो एउटै परिभाषामा स्थिर छैन र साहित्यका अन्य विधाको जस्तो यसको पनि सहज र स्पष्ट परिभाषा भएको पाइँदैन । निबन्धले साहित्यको श्रव्यपाठ्य विधा अन्तर्गत आफ्नो अस्तित्व कायम गरेपछि यसलाई परिभाषित गरी चिनाउने प्रयास भएका छन् । निबन्ध विधा पूर्वीय काव्य परम्पराको देन नभई पाश्चात्य परम्पराको देन हो । आधुनिक निबन्ध विधाका जन्मदाता र प्रथम व्याख्याता फ्रान्सेली चिन्तक तथा निबन्धकार मोन्तेन र अङ्ग्रेजी साहित्यका प्रथम निबन्धकार तथा चिन्तक फ्रान्सिस बेकन हुन् । उनीहरूबाट नै निबन्ध विधाको औपचारिक प्रवर्तन र उन्नयन भएको हो । त्यसपछि निबन्ध विधा क्रमश : विश्व साहित्यमा विकसित हुँदै गयो । हाल आएर साहित्यको सर्वाधिक लोकप्रिय र महत्त्वपूर्ण विधाका रूपमा निबन्ध स्थापित भएको छ । निबन्धलाई विभिन्न विद्वान्हरूले चिनाउने प्रयास गरेका छन् । यस्ता केही परिभाषालाई तल उल्लेख गरिएको छ :

बेकनले छरिएको चिन्तनलाई निबन्ध मानेका छन् । उनले विषय वस्तुमा केन्द्रित, परात्मक र ठोस एवम् विद्वत्तायुक्त निबन्धमा जोड दिएका छन् (सुवेदी, २०६३ : ५) । बेकनको यस परिभाषाले चिन्तनशील, विषय वस्तु केन्द्रितता र बौद्धिकता जस्ता विशेषता निबन्धमा रहने कुरालाई जोड दिएको छ ।

मोन्तेनले निबन्ध एक प्रकारको आत्म प्रकाशनको प्रयत्न हो भनेका छन् (शर्मा, २०५५ : ३) । यस परिभाषाले वैयक्तिकतालाई जोड दिएको छ ।

जर्ज क्र्याबका अनुसार निबन्ध प्रतिभा र क्षमताको अभाव भएका रचनाकारको सस्तो सिर्जना हो जसको न अनुसन्धानमा केही क्षमता छ न त प्रतिभा र क्षमता छ त्यस्ता रचनाको सस्तो सृजन कार्य हो । जसको न विद्वता छ न त चिन्तनको स्तर त्यस्ता लेखकले गर्ने प्रयोजनहीन गफ मात्र हो (सुवेदी, २०६३ : ५) । यस परिभाषाले निबन्धलाई आलोचनात्मक दृष्टिकोणबाट हेरेको छ । निबन्धलाई साहित्यको अत्यन्त सरल र हलुका विधाको रूपमा टिप्पणी गरेको छ ।

जोन मेरेका अनुसार निबन्ध श्रमसाध्य विधा हो । यो विशिष्ट ज्ञानको भण्डार हो ( सुवेदी, २०६३ : ६) । यस परिभाषाले निबन्धलाई एउटा ज्ञानात्मक र परिश्रमपूर्वक रचिने विधाका रूपमा चित्रण गरेको छ ।

जे. डब्लु, मेरेका अनुसार असल निबन्ध विचारपूर्ण अनुसन्धानको एक प्रकार हो । यो प्रफुल्ल रूपमा व्यक्तिवादी पाराले प्रस्तुत हुन्छ (शर्मा, २०५५ : ४) । यस परिभाषाले निबन्धलाई बौद्धिक, अनुसन्धानात्मक, वैयक्तिक र स्वतन्त्र विधाका रूपमा परिभाषित गरेको छ ।

जे. बी. प्रिस्ट्लीलेका अनुसार निबन्धकारलाई विषय वस्तुको अभाव हुँदैन । जुनसुकै विषय वस्तुलाई पनि सरक्क निबन्धमा उतार्न सक्छ । आफ्नो वा कसैको विषयलाई केन्द्र बनाएर कुरा गर्नु निबन्ध हो । निजात्मक विषयमा बहकिनु वा वस्तु र आफूका बिचमा सम्बन्ध स्थापना गर्नु निबन्ध हो (सुवेदी, २०६३ : ६) यस परिभाषाले निबन्धको शैली र विषयवस्तु तथा निबन्धको सङ्गठनात्मक स्वरूपतर्फ जोड दिएको छ ।

विलियम हड्सनका अनुसार विषयवस्तु जे जस्तो भए तापनि निबन्धको क्षेत्र विस्तृत र असीमित छ र निबन्ध व्यक्तिपरक नै हुनुपर्छ । यो आत्माभिव्यक्तिको एउता साहित्यिक साधन हो (सुवेदी, २०६३ : ६) । यस परिभाषाअनुसार निबन्ध विस्तृत विषयवस्तुलाई समेट्न सक्ने तथा व्यक्तिका निजी अभिव्यक्ति समेटिएको साहित्यको विधाका रूपमा चिनिन्छ ।

रामचन्द्र शुक्लका अनुसार निबन्धमा वैयक्तिक विशेषताका निम्ति र त्यस विशेषताको प्रदर्शनका लागि व्यक्त विचारहरूका प्रवाह, ज्ञात वा अज्ञात रूपले होस् विशृङ्खलित भने हुन दिनु हुन्न (सुवेदी, २०६३ : ७) । यस परिभाषाअनुसार निबन्ध एउटा निश्चित संरचनामा सुसम्बद्ध भएको अनुशासनात्मक विधाका रूपमा देखिन्छ ।

लक्ष्मीप्रसाद देवकोटाका अनुसार यो रौँचिरा दर्शन होइन, न यो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहित विषयलाई सर्व दृष्टिकोण र समीक्षणको जरुरत छैन । त्यो (निबन्ध) टेबिल गफ मात्र हो शास्त्र होइन । यो एउटा फुर्सदको मनोरञ्जन हो । ....यहाँ (निबन्धमा) एउटा रसिलो, हँसिलो, गफाडी, चुट्किलो कुराकानी छ, जसको नाम  प्रबन्ध हो (देवकोटा, २०५० : क) । माथिको परिभाषाले निबन्धको परिचय, स्वरूप, विषय, भाषा, शैली जस्ता विविध पक्षहरूलाई प्रकाश पारेको छ ।

ईश्वर बरालले सयपत्री निबन्ध सङ्ग्रहको भूमिकामा निबन्ध एक किसिमको कुरा गराइ हो । यो लेखकका मनमा भावनाहरूलाई स्वगत कथनका रूपमा उद्‌गारित गराउने विधा विशेष हो । यो लेखकका मनमा भावनाहरूलाई स्वगत कथनका रूपमा उद्‌गारित गराउने विधा विशेष हो । आफ्नो गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्ने काम गर्नु, हृदयलाई सकेसम्म छर्लङ्ग्याइ दिनु, आन्तरिक सन्देशलाई फिँजाइ दिनु मानिसका आद्य सिर्जना हुन् । त्यस्तो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ । साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ (बराल, २०३१ : सयपत्री, भूमिका) । माथिको परिभाषाबाट के थाहा पाउन सकिन्छ भने बराल पनि देवकोटाकै निबन्ध चिन्तनबाट प्रभावित छन् । देवकोटाका परिभाषागत अपूर्णतालाई यस परिभाषाले पूर्णता प्रदान गरेको छ

गोपीकृष्ण शर्माका अनुसार वस्तुत : बन्धनहीन भने पनि भित्री अन्वितिले कसिएको गद्य रचना निबन्ध हो र आत्म प्रकाशन निबन्धको आवश्यक तत्त्व हो (शर्मा, २०५५ : ५) । यस परिभाषाले एकातिर निबन्धको स्वरूपको चर्चा गरेको छ भने अर्कातिर निबन्धको मुख्य विषयका रूपमा आत्मप्रकाशलाई लिएको छ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माका अनुसार अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको, समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित कलात्मक गद्य रचना नै निबन्ध हो (श्रेष्ठ र शर्मा, २०५५ : ५) । यस परिभाषाले निबन्धको वास्तविक र यथार्थ स्वरूपको सङ्केत गरेको छ । निबन्ध सम्बन्धी प्रस्तुत परिभाषा सन्तुलित रहेको छ ।

राजेन्द्र सुवेदीका अनुसार निबन्ध अनौपचारिक भए पनि आत्म प्रतिपादन, गद्य र कवितात्मक विशेषतामा सम्बद्ध हुन्छ । विचार र भावको चिन्तन र संवेदनाको समष्टि अभिव्यक्ति निबन्ध हो (सुवेदी, २०६३ : ९) । यस परिभाषाले निबन्धको स्वरूप र आन्तरिक सङ्गठनको सङ्केत गरेको छ । यसका साथै निबन्धको मुख्य प्रवृत्ति आत्मपरक नै हुने समेत उल्लेख गरेको छ ।

ऋयाबका अनुसार निबन्ध भनेको हलुका खालको लेखाइ हो । अल्प प्रतिभा भएका लेखकद्वारा लेखिने र अल्पज्ञान भएका पाठक मख्ख पर्ने लेख नै निबन्ध हो (ढुङ्गेल, २०६६ : ३४६) । यस परिभाषाले लेखकको क्षमता र पाठकको बुझाइलाई मध्यनजर गरिएको छ ।

बदरीनाथ भट्टराईका अनुसार निबन्ध विज्ञ मस्तिष्कबाट बहेको स्वच्छ, सुन्दर, रसिलो तथा खँदिलो विचारधारा हो, उठानदेखि बैठानसम्म सुसम्बद्ध हुँदै निराधार कुधारणालाई गलहत्याउने भावनाको भवन हो, अनि सत्य वस्तु देखाउने लेखकीय अन्तरज्योतिको शाब्दिक स्वरूप हो (ढुङ्गेल, २०६६ : ३४९) । यस परिभाषा अनुसार निबन्ध निश्चित संरचनामा सुसम्बद्ध भएको अनुशासनात्मक विधाका रूपमा पुष्टि हुन्छ ।

### २.५.१ पाश्चात्य विद्धान्हरूका विचारमा निबन्ध

पाश्चात्य साहित्यको इतिहासमा निबन्धको प्रारम्भिक उत्पत्ति र प्रथम प्रयोग फ्रान्सेली निबन्धकार मोन्तेनका प्रयासबाटै भएको हो । यससम्बन्धी प्रथम परिभाषा पनि उनले नै दिएका छन् । म स्वयं मात्र हुँ । मोन्तेनले आफ्ना निबन्धको विषयवस्तु आफैलाई ठानी निबन्धलाई आत्म प्रकाशन मानेका छन् । उनका विचारमा निबन्ध निजात्मक व्यक्तित्वको अभिव्यक्ति हो । उनी आत्मपरक निबन्धकारका रूपमा देखा परेका छन् ।

फ्रान्सिस वेकनले 'निबन्ध' विकीर्ण चिन्तन हो । भनेका छन् अङ्ग्रेजी साहित्यका पहिला निबन्धकार फ्रान्सिस वेकनले निबन्धलाई छरिएको चिन्तन मानेका छन् ।

वेकनका परिभाषाबाट निबन्ध चिन्तन प्रधान हुन्छ, त्यसमा कल्पना र अनुभूतिको कोमल अभिव्यक्ति नभएर गम्भीर ज्ञान र बौद्धिक अभिव्यक्ति रहेको हुन्छ ।

जोन्सनले 'निबन्ध' भनेको मानसिक जगत्को त्यो थाकेको बुद्धि बिलास हो, जसमा न कुनै क्रम छ न कुनै नियम । यो विचारहरूले  अपरिपक्व र अव्यवस्थित रचना हो ( अधिकारी, ई. १९७५ : ६) । भनेका छन् । यस कथनबाट निबन्ध भनेको क्रम नियमहीन अपरिपक्व र अव्यवस्थित रचनाको रूपमा देखिन आउँछ ।

जोह्रन मरेले जोन्सनको परिभाषालाई परिमार्जित गरेका छन् । कुनै एक विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखिएको रचना निबन्ध हो (सुवेदी, २०४७ : २०) ।

जोन्सनले अपरिपक्व र अव्यवस्थित भनिएको निबन्ध विधालाई मरेले सुगठित र सुव्यवस्थित रचना हो भनेर जोन्सनको परिभाषालाई परिमार्जन गरेका छन् ।

सेन्टव्युभले 'निबन्ध श्रमसाध्य विधा हो, यसमा स्रष्टाको आत्मप्रतिपादन भएको हुन्छ (सुवेदी, २०४७ : १९) भनेका छन् । उपयुक्त कथनबाट के स्पष्ट हुन्छ भने निबन्ध आत्मपरक विधा भइकन पनि श्रमपूर्ण साधनबाट रचिन्छ, कठिनतम भएर पनि उच्च कोटिको विशिष्ट हुन्छ ।

विलियम हेनरी द्रडसनका विचारमा मोटामोटी रूपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत संक्षिप्तता र पट्यारिलोपनको अभाव (शर्मा, २०४६ : १२) । यिनले निबन्धलाई जुनसुकै विषयमा पनि लेख्न सकिने निबन्धकारको वैयक्तिक अनुभव र दृष्टिकोण व्यक्त भएको आत्माभिव्यक्तिको साधन मानेका छन् ।

ह्युवाकरले 'हलुका पारा तथा सरल ढङ्ग र लेखक तथा पाठक माझको विश्वस्त सम्बन्ध रहेको निबन्ध आदर्श निबन्ध हो' (शर्मा, २०४६ : ११) भनेका छन् भने तारादेखि लिएर धुलोसम्म र अमिबादेखि लिएर मानिससम्म निबन्धको विषयवस्तु हुन सक्छ (शर्मा, २०४६ : ११ ) ।' भनेर निबन्धको क्षेत्रलाई प्रस्ट पारेका छन् ।

द न्यु इन्साइकलोपेडिया व्रिटानिकामा 'कुनै एक विषयमा केन्द्रित भई गद्यमा लेखिएको छोटो लेख नै निबन्ध हो (शर्मा, २०४६ : १३)' भनिएको छ ।

द कन्साइन्स अक्सफोर्ड इङ्लिस लिट्रेचरमा निबन्धलाई परिभाषित गर्दै यसो भनिएको छ -'निबन्ध साधारणतया एउटा छोटो यद्य रचना हो जसमा लेखकको विषयको विशेष ज्ञान प्रतिबिम्बित भएको हुन्छ (सुवेदी, २०४७ : ८) ।'

निबन्धको पाश्चात्य परिभाषामा जर्ज क्रमाबलको परिभाषाले : प्रतिभाविहीन स्रष्टाको सस्तो सिर्जना कार्य निबन्ध हो जसमा निबन्ध, न चिन्तन र न अनुसन्धानात्मक क्षमता रहन्छ (सुवेदी, २०४७ : १०) ।

निबन्धको परिभाषामा जर्ज क्रयाबलको परिभाषाले निबन्धका बारेमा बेग्लै धारणा प्रस्तुत गरेको छ भने अन्य परिभाषाहरू कुनै कुनै रूपमा मिल्दाजुल्दा देखिन्छन् । यी बाहेक

अरू परिभाषाहरूमा त्यति मतान्तर नभए तापनि वस्तुपरक र आत्मपरक भेदका सन्दर्भमा भने निबन्धकै परिभाषाहरूमा केही भिन्नता पाउन सकिन्छ ।

### २.५.२ पूर्वीय विद्वान्हरूका विचारमा निबन्ध

पाश्चात्य साहित्यमा मात्र होइन, पूर्वीय साहित्यमा पनि निबन्ध साहित्यको लेखन, अध्ययन, मनन भएको पाइन्छ । यसै क्रममा निबन्धको परिभाषा दिने काम पनि भएको छ ।

'यदि गद्य कविताको कसी हो भने निबन्ध गद्यको कसी हो (आचार्य, २०१८ : ५०५) ।' हिन्दी साहित्यका विशिष्ट चिन्तक तथा इतिहासकार आचार्य रामचन्द्र शुक्लले निबन्धलाई गद्यको विशिष्ट विधा मानेका छन् ।

गुलाब रायको परिभाषाअनुसार 'निबन्ध त्यस प्रकारको रचना हो जसमा सीमित आयतनभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, एउटा विशिष्ट प्रकारको वैयक्तिक प्रतिपादन, स्वच्छन्दता, सुष्ठु र सजीवता, सङ्गति र सम्बद्धतापूर्वक भएको हुन्छ (अधिकारी, ई. १९७५ : १०) ।

निबन्ध एक किसिमको कुरा गराइ हो । यो लेखकका मनका भावनाहरूलाई स्वगत कथनका रूपमा उद्धृत गराउने विधा विशेष हो । आफ्नो गुनासो अरूलाई सुनाउनु, मनको बह पोख्नु, हृदयलाई सकेसम्म छर्लङ्याइदिनु आन्तरिक सन्देहलाई फिजाइदिनु मानिसका आद्य तिर्सना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न चाहन्छ, साउती गरेर तिनलाई आफ्नाप्रति सहानुभूतिशील बनाउन खोज्छ । बरालले निबन्धलाई सामान्य कुरा गराई मान्दै यसले सामान्य मानव प्रवृत्तिलाई बहन गर्नुपर्ने कुरा बताएका छन् ।

लक्ष्मीप्रसाद देवकोटाले -'यो रैंचिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यास्फु ! यसमा गृहित विषयलाई सर्वदृष्टिकोण समीक्षणको जरुरत छैन । यो एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिँड्दा कहिले ढुङ्गो हान्छ कतै, कतै आनन्दले फुलेर हेर्छ तर घोरिदैंन पाठ घोकुवा हलन्तेको मिजासले यो टेबिल गफ मात्र हो, शास्त्र होइन ( देवकोटा, २०४९ : ख) । यो एउटा फुर्सदको मनोरञ्जन हो । यहाँ एउटा रसिलो हँसिलो, गफाडी, चुहकिलो कुराकानी छ जसको नाम प्रबन्ध हो (देवकोटा, २०४९ : ५ ) ।

नेपाली साहित्यका मूर्धन्य निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले प्रबन्धलाई निबन्धकै समानार्थमा प्रयोग गरेका छन् । उनका विचारमा निबन्धमा अनौपचारिक वार्तालाप हो । यसमा बौद्धिकताको भारी होइन आत्मपरकता हुन्छ । यसमा नियम र शैली कसैको बन्धन हुँदैन ।

रामलाल अधिकारीले 'निबन्ध त्यो काव्यविधा हो जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ । यसमा लेखकले उपदेब्ता नभई आत्मप्रकाशनको लक्ष्यमै केन्द्रित हुनुपर्छ (अधिकारी, ई. १९७५ : १२ ) । अधिकारी निबन्धलाई निजात्मक गद्यको विधा विशेषको रूपमा स्वीकारेका छन् जसमा वैयक्तिक भावना वा विषयलाई संयतापूर्ण तरिकाले प्रस्तुत गरिएको हुन्छ भनेका छन् ।

गोपीकृष्ण शर्माले 'कुनै विषयबारे आफू रङ्गिएर वा तटस्थ रहेर गरिएको सङ्क्षिप्त गद्यमय अभिव्यक्ति (शर्मा, २०६७ : ६) । शर्माले निबन्ध निजी चिन्तनधारा बोकेको सङ्क्षिप्त गद्य विधालाई मानेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माको परिभाषा यस्तो छ -'अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ (श्रेष्ठ र शर्मा, २०५९ : ११५) ।'

विभिन्न विद्वान्हरूका निबन्धसम्बन्धी यी परिभाषालाई केलाएर हेर्दा निबन्धकारका विचारहरू निजात्मक वा वस्तुपरक ढङ्गबाट पाठकसामु, प्रस्तुत गर्ने र जुन प्रस्तुतिमा लेखकका विचार पाठकका सामु प्रस्तुत गरिएको हुन्छ त्यस्तो आत्मप्रतिपादन, आन्तरिक क्रमबद्धता, कवितात्मका, विचार, चिन्तन, संवेदना आदिको समग्र रूप नै वास्तवमा निबन्ध हो । निबन्धमा तार्किकता, मौलिकता, काल्पनिक उडान, निजात्मक शिल्प आदिका साथै वैज्ञानिक सत्यता र प्रमाणको खोजी आदि कुराले समेत स्थान पाएको हुन्छ ।

### २.५.३ निबन्धको स्वरूप

कुनै पनि विषयको परिभाषाले त्यसको स्वरूपलाई निर्धारण गरेको हुन्छ । स्वरूप भन्नाले कुनै पनि विषयलाई चिनाउने त□वहरू हुन् जसले निबन्ध वा अन्य कुनै साहित्यिक

विधा हो भनेर छुट्याउन सजिलो हुन्छ । निबन्धको स्वरूप भनेको निबन्ध यही नै हो भनेर चिनाउन सक्ने तत्त्वहरूको समुह हो । निबन्धको स्वरूपको चर्चा गर्दा सर्वप्राचीन परिभाषासम्म पुग्नुपर्ने हुन्छ । 'निबन्ध विधाका आद्य प्रयोक्ता मोन्तेनले यसको निजात्मक स्वरूप निश्चित गरे ।' यसर्थ निबन्ध भनेर त्यो रचनालाई मान्नुपर्छ जसमा रचनाकारका निजी धारणा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मुखरित भएका हुन्छन् । त्यसैगरी अङ्ग्रेजी निबन्धकार लर्ड वेकनले आफ्नो चिन्तनको अभिव्यक्तिको प्रयासलाई निबन्ध मानेका छन् । यसबाट हेर्दा उनले निबन्धलाई परात्मक कोणबाट हेरेका छन् । यसरी हेर्दा निबन्धका निजात्मक र परात्मक गरी प्रमुख दुई ओटा स्वरूप देखा परेपछि अभिव्यक्ति वा शैलीपक्षबाट निबन्धको स्वरूपलाई नियाल्न थालियो (शर्मा, २०६३ : १९) । निबन्धको स्वरूपका बारेमा हर्वट रिड यसो भन्छन् -'निबन्धको लमाई पैंतीससय शब्ददेखि पाँच हजारभन्दा बढी भए एउटा सामाजिक लेख तयार हुन्छ (शर्मा, २०६३ : ७) । यिनका अनुसार निबन्धले कुनै जीवनवृत्त र समीक्षात्मक विश्लेषणको काम गर्दैन इतिहास वा शोधलेखका रूपमा निबन्धलाई लिन सकिन्छ । यो आफैँले व्यक्तिगत भएर विवेचनात्मक भन्दा विषयगत बढी हुन्छ ।

माथि उल्लिखित निबन्धकारका परिभाषाअनुसार निबन्ध त्यो रचना हो जसमा लेखकको विचार र वस्तुपरक छायाँ स्पष्ट रूपमा प्रतिबिम्बित भएको हुन्छ । विद्यालय महाविद्यालयका विद्यार्थीले लेख्ने असाहित्यिक रचना वा अन्य प्रबन्धात्मक लेखहरूलाई समेत निबन्ध मानिने भए पनि वस्तुत : निबन्ध साहित्यिक गुणयुक्त विशिष्ट वैयक्तिक रचना हो । यसैले निबन्ध साहित्यिक र असाहित्यिक गरी दुई वर्गमा विभाजित भएको देखिन्छ । साहित्यिक निबन्धमा व्यक्तित्वको छाप कुनैमा बढी कुनैमा कम हुने भए पनि वैयक्तिकता नै नभएको रचना निबन्धका कसीमा सामेल हुन सक्दैन । निबन्धकार कहिले आफ्नै निजी भाव, विचार, अनुभूति र जीवनघटनाका परिमण्डलमा स्वाधीन अभिव्यक्ति गर्दछ भने कहिले निजी भावना र कल्पनाकासाथ आफूभन्दा परको कुनै विषयवस्तु वा घटनाको वर्णन र विवरण प्रस्तुत गर्दछ । आत्मनिवेदन गर्नु र अर्काका बारेमा बोल्नु निबन्धकारको स्वभाव हो । यसरी निबन्धको स्वरूप वा मुख्य प्रवृत्ति भनेको कि त आत्मकेन्द्रित हुनु कि त परकेद्रित हुनु नै हुन्छ (बराल, २०३० : ३३) । यसरी हेर्दा प्रवृत्ति नै व्यक्तित्वको प्रमुख परिचायक भएकाले निबन्ध पनि स्वकेन्द्रित र परकेन्द्रित गरी स्पष्टता या दुई भागमा विभाजित हुन पुग्दछ । यसैलाई क्रमश : निजात्मक र पराकात्मक संज्ञा दिन सकिन्छ । यी दुईमा पनि निजात्मक

अन्तर्गत व्यक्ति रचयिताका वैयक्तिक सुख दुःख आदि जीवन घटनाका भावना र विचारात्मक भेद हुन्छन् भने परात्मक अन्तर्गत वस्तुको वर्णन र विवरण प्रस्तुत गरिने हुँदा वर्णनात्मक र विवरणात्मक गरी दुई उपवर्गमा छुट्टिन्छन् ।

## २.६. निबन्धका तत्त्वहरू

सोह्रौं शताब्दीमा पाश्चात्य साहित्य जगत्मा विकसित भएको साहित्यको गद्य विधा निबन्ध विधा हो । निबन्ध विधाको निर्माणमा आवश्यक पर्ने संरचक अवयवलाई नै तत्त्व भनिन्छ । तत्त्वका आधारमा नै कुनै पनि विधाको स्वरूप निर्माण भएको हुन्छ । यसैले निबन्धको स्वरूप निर्माणका लागि पनि केही तत्त्व उपकरणको आवश्यकता पर्दछ । यसैलाई निबन्धको तत्त्व भनिन्छ । गोपीकृष्ण शर्माका अनुसार  विषय, सो विषयसँग सम्बन्धित वस्तुगत तथा तिनको क्रमबद्ध र तार्किक प्रस्तुति नै निबन्धका तत्त्वहरू हुन् (शर्मा, २०५५ : ६) । निबन्धको परिभाषा गर्न यसका अनेक रूप र रङ्गले गर्दा जति समस्या हुन्छ त्यति नै विषयको व्यापकता र आकारप्रकारको विविधताले गर्दा निबन्धका तत्त्व यति नै हुन्छन् र यिनै हुन् भन्न कठिन हुन्छ । निबन्ध विधा समयानुकूल परिवर्तनशील विधा भएको हुनाले समयानुसार यसको तत्त्वमा पनि परिवर्तन हुँदै आइरहेको पाइन्छ । त्यसो त साहित्य सिर्जना गर्न पनि केही आधार चाहिन्छ ।

साहित्यका प्रत्येक विधाका विधा तत्त्वहरू निर्धारण गरिएका हुन्छन् र सम्बद्ध विधा तत्त्वको कुशल संयोजन र संगठनबाट मात्रै कुनै पनि रचनाले आकार ग्रहण गर्दछ । त्यसैले स्रष्टाले आफ्ना विचारहरूलाई जतिबेला लेख्य रूपमा प्रस्तुत गर्न थाल्दछ त्यतिबेला उसले पोख्ने वस्तुको पोखाइको कला, पोख्नुको उद्देश्य, सीप, ढाँचा वा तौरतरिका आदि कुराको आवश्यकता पर्दछ । अन्य विधाझैँ निबन्धका पनि आफ्ना विधा तत्त्वहरू छन् र तिनकै आधारमा निबन्धको विश्लेषण -मूल्याङ्कन गर्नु उचित हुन्छ । निबन्ध तत्त्वका बारेमा विद्वान्हरूले अलग अलग धारणा अघि सारेका छन् ।

निबन्धात्मक तत्त्व भन्नाले निबन्ध संरचनाका लागि नभई नहुने आवश्यक कुरा हो । विद्वान्हरूका बीचमा मतैक्य नभए तापनि आवश्यक तत्त्वहरू तीन किसिमका देखिन्छन् विषयवस्तु, शैली र उद्देश्य अत्यावश्यक तत्त्व हुन् (शर्मा, २०६३ : ७) ।

### २.६.१ विषयवस्तु

विषयवस्तु निबन्धको प्रमुख तत्त्व हो । विषयवस्तु निबन्धका लागि नभई नहुने अपरिहार्य तत्त्व हो । यसलाई विचार पनि भन्न सकिन्छ । विषयवस्तु नै निबन्धको प्राण भएकाले विषयवस्तु विना निबन्धको रचना हुन सक्दैन । जुनसुकै साहित्यिक विधाका लागि पनि विषय वस्तुको अनिवार्यता रहन्छ ।  कुनै पनि विचार वा विषयमा केन्द्रित रहेर नै निबन्धकारले आफ्नो अभिव्यक्ति दिने गर्दछ ।

जीवन जगत्का जुनसुकै विषयमा पनि निबन्ध लेख्न सकिने हुँदा यसको विषय क्षेत्र ज्यादै व्यापक र विस्तृत हुन्छ । कुनै पनि विषयवस्तु भाव वा विचारबिना निबन्धले पूर्णता प्राप्त गर्न सक्दैन । निबन्ध विषयवस्तुको अव्यवस्थित थुप्रो मात्र होइन । छानिएको विषयवस्तुलाई क्रमबद्ध रूपमा सिलसिला मिलाएर प्रस्तुत गर्नु आवश्यक छ ।

निबन्धको विषय धुलोदेखी ब्रह्माण्डसम्म र अमिवादेखि हात्ती र ह्वेलसम्म हुने हुँदा यसको व्यापकता स्वतः प्रष्ट हुन्छ । ह्युवाकरले भनेझैं निबन्धको क्षेत्र व्यापक छ एक कोषीय जीवदेखि लिएर मानिससम्म वा लघु राशीदेखि लिएर आका शका तारामण्डलसम्म कुनै पनि विषयलाई निबन्धकारले छनोट गर्न सक्छ । विषय जे जस्तो भए पनि स्रष्टाको व्यक्तित्वको प्रभावमा आइसकेपछि निबन्धले पूर्णता प्राप्त गर्दछ ।

निबन्धको वस्तु तत्त्वभित्र खासगरी चिन्तन, विचार, कार्य, कारण, तर्क, गहिराइ र औचित्य रक्षा पर्दछन् (उपाध्याय, २०५९ : १७१) । भने भाव त□वअन्तर्गत सुकुमार संवेदन, रागात्मक, ध्वन्यात्मकता र चित्तको तरलता पर्दछन् (उपाध्याय, २०५९ : १७) । राम्रा निबन्धमा बुद्धितत्त्व र भाव तत्त्व दुवैको समन्वय गरिएको हुन्छ । निजात्मक निबन्धमा भाव तत्त्वको प्रबलता रहन्छ । कल्पनाको आवरणले भाव तत्त्वलाई सजाइएको हुन्छ । भावलाई बुद्धिले उछिन्न हुँदैन र भावमा बुद्धिको रमरम स्पर्श रहेको हुनुपर्छ । तसर्थ बुद्धि र भाव दुवै निबन्धका अनिवार्य तत्त्व हुन् । बुद्धि मानव मस्तिष्कको खारिएको प्रतिभा हो । बुद्धि जति तीव्र हुन्छ त्यति नै चिन्तन विचार आदि निबन्धमा सशक्त भएर आउँछन् । यसका लागि अध्ययन र अभ्यासको त्यत्तिकै आवश्यकता पर्दछ ।

### २.६.२. शैली

निबन्धको अर्को महत्त्वपूर्ण तत्त्व भाषा शैली हो । अन्य साहित्यिक विधाका तुलनामा निबन्धमा शैलीको मह व विशेष हुन्छ । शैलीले निबन्धलाई प्राणवान् र जीवन्त बनाउन सक्छ । निबन्धकारको निजीपन र व्यक्तित्वको परिचायक शैली नै हो । यो भाव र भाषाको संगमबाट निर्मित हुन्छ । विचार वा भाव निबन्धको आत्मा, भाषा, शरीर र शैली निबन्धको जीवन वा प्राण हो (उपाध्याय, २०५९ : २९) । अर्को पक्षमा शैलीका लागि निरन्तर प्रवाह पनि त्यत्तिकै अपेक्षित हुन्छ । क्रम सङ्गति, सङ्गठन र अन्विति शैलीका आन्तरिक गुण हुन् (उपाध्याय, २०५९ : १८) । प्रत्येक निबन्धकारका शैली आ-आफ्नै प्रकारको हुन्छ । निबन्धकारको भाषा सरल, सहज, कोमल, हार्दिक, हृदयस्पर्शी हुनुपर्छ । निबन्धकार जुन भाषामा निबन्ध लेख्छ त्यस भाषालाई उसले राम्रोसँग खेलाउन सक्ने हुनुपर्छ । कहीँ कतै उखान -टुक्का, कतै गहन तथ्य तथा भाव प्रधान भाषाको प्रयोग गर्न सकिन्छ । निबन्धमा प्रयोग गरिने शब्द विषयानुकूल, रोचक र अर्थबोधक हुनुपर्छ ।

अभिव्यक्तिका दुई ओटा माध्यम हुने गर्दछन् । ती माध्यमहरू लिखित रूपमा अभिव्यक्त हुने विधा त हुँदै हो त्यसमा पनि गद्य भाषाको प्रयोग हुनु निबन्धको महत्त्वपूर्ण विशेषता पनि हो । निबन्धका निम्ति गद्य भाषा नै अपरिहार्य तत्त्वका रूपमा रहेको हुन्छ । भाषाको प्रयोगविना निबन्ध लेखनको परिकल्पना पनि गर्न सकिँदैन । भाषा विना निबन्धले सार्थकता पाउँदैन । निबन्धमा आकर्षक, मितव्ययी शैली भएको, रागात्मक तथा हार्दिकतापूर्ण भाषाको प्रयोग हुनुपर्छ । त्यस्तै भाषिक अभिव्यक्तिको ढाँचा, तरिका वा पद्धति शैली हो । शैलीका कारण पनि निबन्ध साहित्यका अन्य विधाबाट पृथक् देखिएको हो । निबन्धको शैली यस्तो हुनुपर्छ भनी विद्वान्का बिच मतैक्य देखिँदैन तर निबन्धको शैली सरल, सरस र मिठासपूर्ण हुनु पर्नेमा सबैको जोड रहेको छ । निबन्ध विनोदात्मक, तर्कपूर्ण, विचारात्मक, गफ गराइ, टेबल गफ आदिको शैली प्रयोग गरी लेखन गर्नु पर्ने विभिन्न निबन्धकारको अभिव्यक्ति पनि छ । निबन्धमा कतै गम्भीर, कतै रोचक र कतै हास्यव्यङ्ग्य बनाउँदै शैलीको निर्माण गर्न सकिन्छ । अलग अलग निबन्धकारका निबन्ध लेखनमा अलग अलग शैली पाइन्छ । त्यसकारण पनि निबन्धको शैलीमा वैयक्तिकता वा पृथकता देखा पर्छ । भाषाशैलीको प्रयोगविना निबन्धले मूर्त रूप लिन सक्दैन । वैयक्तिकता, हार्दिकता, संक्षिप्तता, रोचकता, पूर्णता जस्ता निबन्धका विशेषताहरू पनि कुनै कुनै रूपमा भाषा र

शैलीसँगै जोडिन आउने विषयहरू हुन् । निबन्धको भाषा सरल र सुगठित शैली हुन त जरुरी छ नै विषयवस्तुलाई बोकेर हिँड्न सक्ने किसिमको भाषा पनि निबन्धमा वाञ्छनीय छ । निबन्धमा उठाइएको विषयवस्तुलाई सम्प्रेषण गर्नका लागि निर्माण गरिएका शब्द, वाक्य, अनुच्छेदहरूको बुनोट उपयुक्त कार्य कारण शृङ्खलामा उनिएको हुनुपर्छ । "शैली भावका दृष्टिले संयत, भावुक र व्यङ्ग्य हुन्छ भने भाषाका दृष्टिले प्रसाद वा व्यास शैली र समास शैली हुने गर्छ (शर्मा, ऐजन, ७) ।" सञ्चय शैलीका लेखक वा निबन्धकार नियन्त्रित हुन्छ । उसका भाव वा विचारहरू छरपस्ट भएका हुँदैनन् । नियन्त्रित, आयोजित, बाँधिएको र कृत्रिम जस्तो लाग्ने लेखन यसमा हुने गर्छ ।

भावुक शैलीमा लेखक अनियन्त्रित भएर भावुकतार्पूक छताछुल्ल भई निबन्धकार पोखिएको हुन्छ । त्यस्तै व्यङ्ग्य शैलीमा लेखकले भावलाई चमत्कारपूर्ण ढङ्गमा ठट्यौलो परामा कतै कतै हास्यलााई पनि उपयोग गरेर प्रस्तुत गरेको हुन्छ । सरल र सहज भाषाका माध्यमबाट विचारको प्रस्तुतीकरण नै प्रसाद शैली हो । त्यस्तै बौद्धिक र जटिल भाषाका माध्यमबाट गरिने अभिव्यक्ति समास शैली हो ।

भाषाका दृष्टिले निबन्धका मूलत : तीनओटा शैली हुन्छन् : संयुक्त शैली, भावुक शैली र व्यङ्ग्य शैली (उपाध्याय, २०५९ : १८)

**(क) संयुक्त शैली**

संयम र नियन्त्रणको मात्रा बढी रहने शैली हो । यसमा भावको अधीनमा निबन्धकार नभएर निबन्धकारको अधीनमा भाव रहन्छ । संयुक्त शैलीले पाठकलाई बिस्तारै बिस्तारै प्रभाव पार्दछ । यस शैलीले पाठकलाई एकै साथ झ्याप्प छोपेर अन्यौलमा पार्दैन । यसमा ठट्टा मजा र हार्दिकता रहन्छन् । कुनै विचार वा अनुभूतिलाई उत्कर्षमा पुऱ्याउन यसमा क्रमिक प्रभावको व्यवस्था हुन्छ र प्राय : बुद्धिले काम गरेको हुन्छ (उपाध्याय, २०५९ : १९) ।

**(ख) भावुक शैली**

भावुकताको अधिकाधिक प्रस्तुति भावुक शैलीको गुण हो । यस्तो शैलीमा विगतका अनुभवहरूलाई कल्पनाले सिँगारेर अतिरञ्जित किसिमले व्यक्त गरिएको हुन्छ (उपाध्याय, २०५९: १९) । यसमा अनुभव, अनुभूति र कल्पना घुलमिल भएर आउँछन् । भावुक शैलीको

भाषा कवितात्मक संवेदनशीलताले भरिएको हुन्छ । यस शैलीमा निबन्धकार कुनै बाधा अवरोधविना र प्राय : अव्यवस्थित ढङ्गले आफ्ना कुरा प्रकट गर्दछन् ।

### (ग) व्यङ्ग्य शैली

भावलाई भाषामा चमत्कारपूर्ण ढङ्गले प्रस्तुत गर्ने शैलीलाई व्यङ्ग्य शैली भनिन्छ । व्यङ्ग्य शैलीमा एउटा कुरा भनेझैं अर्को कुरा भनिन्छ । यसमा ठट्टा मजाक एवम् छेडछाड पनि रहन्छन् । व्यङ्ग्यले विसङ्गत र रुढी सम्पूर्ण तत्त्वको उछितो पार्न क्षमता प्राप्त गरेको हुन्छ (सुवेदी, २०५६ : ३९) । व्यङ्ग्य शैलीमा निबन्धकारको भाषा र भावमाथि एकाधिकार हुन्छ ।

भाषाका आधारमा शैली मूलत : दुई प्रकारका छन् -समस्त शैली र सरल शैली ( तिमिल्सिना, २०४१ : ९) ।

### (क) समस्त शैली

सरल शैलीलाई  समास शैली पनि भन्दछन् । साधारण नभएर विशिष्ट भाषाको प्रयोग गर्नु समास शैलीको लक्षण हो । यसमा भाषाको विस्तार र भावको शून्यता बढी रहन्छ । कठिन शब्द, लामा वाक्य, दुरुह संरचना समास शैलीका विशेषता हुन् (शर्मा, २०६३ : २०) । यसमा मिश्र र संयुक्त वाक्यको आधिकाधिक प्रयोग गरिन्छ । भाषिक शब्दजाल बिछ्याएर पाठकलाई अलमल पार्नु समास शैलीको आफ्नो विशेषता पनि हो ।

### (ख) सरल शैली

सरल शैलीलाई प्रसाद शैली पनि भनिन्छ । यसको भाषा सहज र सरल हुन्छ । साधारण र बहुप्रचलित शब्द छोटा वाक्य र सुबोध अभिव्यक्ति यो शैलीका विशेषता हुन् ( शर्मा, २०६३ : २०) । आधुनिक निबन्धमा प्रसाद शैली बहुप्रचलित छ । जस्तो सुकै गहन विषयवस्तु पनि सामान्य किसिमले सुमधुर र सहज भाषामा प्रस्तुत गर्ने शैली सरल शैली हो ।

### २.६.३ उद्देश्य

निबन्ध रचनाको कुनै उद्देश्य हुन्छ । कुनै पनि उद्देश्य विना साहित्य लेखिदैन । लेखकले साहित्यको सिर्जना कुनै न कुनै उद्देश्य प्रदान गर्नकै लागि लेखेको हुन्छ ।

निबन्धकारले आफ्ना निबन्धका माध्यमबाट आफ्ना भावना, विचार, अनुभव र अनुभूतिलाई पाठकसमक्ष प्रस्तुत गर्नु नै निबन्धकारको मुख्य उद्देश्य रहेको हुन्छ तर निबन्ध लेखनको मूल उद्देश्य पाठकलाई उपदेश दिनु नभई सूचना दिनु र आत्मप्रकाशन गर्नु हो (उपाध्याय, २०५९ : १७२) ।

जीवन र जगत्को सत्यान्वेषण गर्नु र त्यसका बारेमा जानकारी प्रदान गर्नु लेखकको उद्देश्य हो । निबन्धमा पनि निबन्धकारले कुनै विषय वस्तुलाई प्रस्तुत गर्ने क्रममा आफ्ना निजी दृष्टिकोण र अनुभूतिलाई पाठकसमक्ष प्रस्तुत गरेको हुन्छ । कुनै पनि निबन्धको उद्देश्य लेखकको आत्म प्रकाशन गर्नु हो ।

जीवन जगतका यावत् पक्षका बारेमा पाठकलाई जानकारी दिने निबन्ध निबन्धकारको उद्देश्य हुन्छ । स्रष्टाले वा निबन्धकारले निबन्धका माध्यमबाट आफ्ना धारणा, विचार तथा निजी जीवनाभूतिलाई प्रकट गरेको हुन्छ । (शर्मा, २०५५ : ८) । निबन्धकारले आत्म प्रकाशनका माध्यमबाट आफ्ना विचारहरू पाठक समक्ष सम्प्रेषण गर्छ । यसबाट के पुष्टि हुन्छ भने आत्म प्रकाशन तथा सूचनात्मकता निबन्ध लेखनका मुख्य उद्देश्यहरू हुन् । मोन्तेनले पाठकलाई निबन्धकारले आफ्नो हृदय खोलेर देखाउनै पर्ने कुरामा जोड दिएका छन् । निबन्ध औपदेशिक हुन नहुने तर्फ जोड दिइएको पाइन्छ । निबन्धमा निबन्धकारले सामाजिक, राजनैतिक, दार्शनिक विषय वस्तुको चयन गर्छ र उक्त विषय वस्तुप्रति आफ्नो अनुभव वा दृष्टिकोण प्रस्तुत गर्दै पाठकलाई सूचनाको सम्प्रेषण गर्दछ । त्यसैले उद्देश्य पनि निबन्धको मुख्य संरचक तत्त्व हो । पाठकलाई  निबन्ध रचनाका दुई प्रकारका उद्धेश्य हुन्छन् - आत्मप्रकाशन र सूचनात्मकता (शर्मा, २०६३ : २१) ।

(क) निबन्ध रचनाका लागि वस्तु र शैली मात्र पर्याप्त हुँदैनन् । निबन्धकारमा 'स्व'  को प्रकाशन गर्ने खुलदुली पनि हुनु जरुरी छ । विषयका माझबाट निजी दृष्टिकोण र अनुभूतिका झिल्का झिल्किहरू निबन्धमा देखिएकै हुन्छन् । त्यसैले निबन्ध व्यक्तित्वको परिचायक हुन्छ र निबन्धकारले यसका माध्यमबाट 'स्व'को चिनारी गराउँछ । अर्कोतर्फ निबन्धकारको सोचाइ र अभिव्यक्ति शिल्पको परख गर्ने कसी पनि निबन्ध हो । निजात्मक निबन्धमा यसखालको प्रक्रिया बढी सक्रिय रहन्छ, त्यसो हुनाले 'आत्मप्रकाशन' निबन्धको एक उद्धेश्य हो । परात्मक निबन्धमा पनि थोरै धेरै आत्मा प्रकाशन भएकै हुन्छ (शर्मा, २०६३ : २५) ।

(ख) सूचनात्मकता - निबन्ध रचनाको अर्को उद्देश्य सूचनात्मकता हो । यसमा रचनाकारको अनुभवसम्बन्धी सूचनाहरू रहन्छन् । एउटा असल मित्रले झैं निबन्धकार आफ्ना पाठकलाई निबन्धको माध्यमबाट केही भनिरहेको हुन्छ, सूचना प्रदान गरिरहेको हुन्छ । जीवन र जगत्का यथार्थ वा काल्पनिक जुनसुकै पक्षका बारेमा पनि छोटो गद्य विधाका माध्यमबाट निबन्धले सुचना दिने काम गर्दछ । निबन्धकार आफ्ना पाठकलाई पूर्णरूपमा विश्वासमा लिने प्रयास स्वरूप केही कुरा भनिरहेको हुन्छ । यही नै निबन्धको सूचनात्मकता हो ।

यसरी वस्तु, शैली र उद्धेश्य निबन्धका आवश्यक त□व हुन् । गहिरिएर, खोजिपस्दा निबन्धका अन्य तत्त्व पाइएलान् तर हरेक निबन्धमा यी तत्त्व रहेकै हुन्छन् ।

## २.७ निबन्धको वर्गीकरण

निबन्ध विधाको आकद्य रूप फ्रेन्च लेखक मोन्तेनले ठम्याएका हुन् र यसपछि बेलायतका फ्रान्सिस बेकनले निबन्धको अर्को खालको व्याख्या गरेका हुन् । यसरी मोन्तेनको धारणा अनुकूल निजात्मक वा व्यक्तिनिष्ठा निबन्ध र बेकनको धारणाअनुकूल परात्मक वा विषयनिष्ठ निबन्ध भनी दुई खालको वर्गीकरणको धारा सुरुदेखि नै चल्दै आएको हो (शर्मा, २०६३ : २६) ।

निबन्धमा कुनै किसिमको निजी वेदना, व्यथा, हर्ष विस्मात् आदिलाई समेटिएको हुन्छ । विचार, भाव, अनुभूति, सन्देशजस्ता तत्त्वहरूका आधारमा निबन्धहरू भिन्न-भिन्न प्रकृतिका हुन्छन् । निबन्धलाई कतिपय विद्वान्हरूले तीन भागमा मात्र विभाजन गरेको पाइन्छ । भावको आधारमा, विषयवस्तुको आधारमा र वाद एवम् धाराका आधारमा विभाजन गरिएको पाइन्छ । भावको आधारमा निबन्ध परात्मक र निजात्मक भएको पाइन्छ । परात्मकअन्तर्गत वर्णनात्मक र विवरणात्मक र निजात्मक अन्तर्गत विचारात्मक, भावात्मक र आत्मपरक वैयक्तिक गरी तीन भागमा विभाजन गरिएको पाइन्छ ।

निबन्धको वर्गीकरण गरी यसको प्रकारहरू निरूपण गर्नु जटिल र चुनौती पूर्ण कार्य हो । निबन्धका जन्मदाता मोन्तेनले आत्मपरक निबन्धको सुरुवात गरे भने बेकनले वस्तुपरक निबन्धको सुरुवात गरे ।

निबन्धको विकास क्रमसँगै यसको प्रकृति, स्वरूप, सङ्गठनमा पनि विकास हुँदै गएको पाइन्छ । पछि जति-जति निबन्ध साहित्यको विकास हुँदै गयो उति-उति निबन्धको प्रकृति, स्वरूप र सङ्गठनभित्र पसेर यसको विभाजन तथा वर्गीकरण गर्ने प्रयास भइरहेको पाइन्छ । विभिन्न विद्वान्हरूले निबन्धका प्रकारहरूलाई वर्गीकरण गरेको पाइन्छ ।

साहित्यका विभिन्न विधामध्ये निबन्ध कान्छो गद्य विधा हो । विषयवस्तु र भाषाशैलीको विविधता तथा रचनात्मक अनेकताका कारण निबन्ध स्वयम् जटिल बन्न पुगेको देखिन्छ । त्यसैले यसको अध्ययनमा सरलता ल्याउन निबन्धको वैज्ञानिक तथा व्यावहारिक वर्गीकरण हुन आवश्यक भएको छ (उपाध्याय, २०५९ : १८२) ।

विभिन्न विद्वान्हरूले विषयवस्तु, भाषाशैली, प्रवृत्ति, व्यक्तित्वको प्रधानता र गौणतका आधारमा निबन्धको वर्गीकरण गरेको पाइन्छ । पाश्चात्य जगत्मा निबन्धसम्बन्धी आत्मपरक र वस्तुपरक गरी दुई भिन्न धारणा देखा परेको पाइन्छ । मोन्तेन आत्मपरक निबन्धको पक्षमा छन् भने बेकन निबन्धको वस्तुपरक पक्षमा छन् । हिन्दी साहित्यका विशिष्ट समीक्षक तथा इतिहासकार रामचन्द्र शुक्लले निबन्धको वर्गीकरण गर्ने क्रममा शैलीलाई मुख्य आधार बनाएर विचारात्मक, भावनात्मक र वर्णनात्मक गरी तीन किसिमले वर्गीकरण गरेका छन् ।

विषय र प्रवृत्तिका आधारमा विश्वनाथले आत्मनिष्ठ र वस्तुनिष्ठ गरी दुई किसिमले वर्गीकरण गरेका छन् ।

जयनाथ नलिनले निबन्धलाई निजात्मक र परात्मक गरी दुई किसिमले वर्गीकरण गरेको पाइन्छ ।

नेपाली साहित्यमा ईश्वर बरालले निबन्धलाई निजात्मक र परात्मक गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ । बालकृष्ण पोखेलले निबन्धलाई विषयवस्तुका आधारमा जमर्का र प्रबन्ध गरी वर्गीकरण गरेका छन् ।

निबन्धमा शैली र प्रवृत्तिभन्दा अधिकतर व्यक्तित्वको प्रभाव पर्ने भएकाले निबन्धलाई व्यक्तित्वको प्रधानता र गौणताका आधारमा मूल रूपमा आत्मपरक र वस्तुपरक गरी दुई भागमा बाँड्न सकिन्छ ।

आत्मपरक निबन्धलाई विचारात्मक, भावनात्मक र वैयक्तिक गरी तीन भागमा र वस्तुपरकतालाई निबन्ध र प्रबन्ध गरी दुई भागमा वर्गीकरण गरी निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा विभाजन गर्नु उपयुक्त देखिन्छ (शर्मा, २०६३ :२४) ।

### २.७.१ आत्मपरक निबन्ध

आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । यस्ता खालका निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ भने विषयको गौण स्थान हुन्छ । व्यक्तिका निजी अनुभव, विचार र विद्वताहरू यस्ता निबन्धमा बढी मात्रामा प्रकट हुन्छन् । यस्ता निबन्धमा विषय भन्दा लेखकको व्यक्तित्वको आत्माभिव्यक्तिको प्रस्तुति हुने हुनाले बाहिरी वस्तुहरू व्यक्तिको व्यक्तित्व प्रस्तुत गर्ने साधन मात्र मानिन्छन् ।

आत्मपरक निबन्ध लेखकको सरोफेरोसँग सरोकार राख्दछ र यो मन्मय हुन्छ (बराल, २०३० : १८) । आत्म प्रकाशनका निम्ति स्रष्टाले आफ्ना अनुभूति यात्रामा पाठकलाई डोऱ्याउँछ । यसरी मन, आत्मा, विवेकजस्ता विषय र राष्ट्र राष्ट्रियता अनुशासन प्रकृति सौन्दर्यजस्ता वस्तु पनि आत्मपरक निबन्धका विषय हुन सक्छन् । सामान्यतया स्रष्टाको व्यक्तित्व सशक्त भएका जुनसुकै वस्तु पनि आत्मपरक निबन्धमा राख्न सकिन्छ । यसरी निबन्धकारका भावना, विचार तथा दृष्टिकोण  निजात्मक निबन्धलाई भावात्मक, विचारात्मक र वैयक्तिक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

#### २.७.१.१ भावात्मक निबन्ध

विचार र वैयक्तिक अभिव्यक्तिभन्दा भावपक्ष प्रवल भएको निबन्ध भावात्मक निबन्ध हो । यस्तो निबन्धमा स्रष्टा संवेदनशील रहन्छन् र आफ्ना अनुभूतिजन्य भावलाई व्यक्त गर्न अग्रसर देखिन्छ । भावात्मक निबन्धमा अमूर्त भावात्मक विषयहरू जस्तै आशा, निराशा, प्रेम, करुणा, परोपकार, देशभक्ति आदिलाई संवेदनात्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ (उपाध्याय, २०५९ : १६९) । भावात्मक निबन्धमा निबन्धकार सधैँ भावना बग्छ, त्यहाँ डुबेर वस्तुलाई गौण बनाइ आफू बहकिने हुनाले त्यस्ता निबन्धमा कल्पनाको प्रधान्य रहन्छ । यस्ता निबन्धमा तर्क वितर्कको कुनै स्थान हुँदैन, हृदयका उदात्त अनुभूतिहरू तीब्र भावना र चरम भावुकता पाइन्छ ।

भावात्मक निबन्धमा लक्षणा र व्यञ्जनाशक्तिको प्रयोग बढी हुन्छ । यस्ता निबन्धको भाषाशैली पनि सरस र आलङ्कारिक हुन्छ । भावात्मक निबन्धमा लेखकले वस्तुको वर्णन भावना र कल्पनाका सहारामा अत्यन्त रागात्मक र कलात्मक रूपले गरेको हुन्छ । भावनात्मक निबन्धमा हार्दिक रागात्मक अभिव्यक्ति हुने गर्छ । यसमा निबन्धकारले विचारको सट्टा हृदयतत्त्वलाई सक्रिय बनाउँछ । यसमा निबन्धकारले उन्मुक्त एवम् स्वच्छन्द ढङ्गबाट आफ्ना विचारहरू निबन्धमा प्रस्तुत गर्दछ । आफ्ना भावना, करुणा, प्रेम, आशा, इच्छा, परोपकार, देशभक्ति आदिलाई संवेदनात्मक रूपमा प्रस्तुत गरेको हुन्छ । लेखकका हृदय तत्त्वले बुद्धि तत्त्वमाथि नियन्त्रण गरेको हुन्छ । अथवा बुद्धि तत्त्वलाई हृदय तत्त्वले छोपेको हुन्छ । यस्ता निबन्धमा तर्क, वितर्क, छलफल चिन्तन आदिको आवश्यकता पर्दैन ।

यसमा केवल कविको हृदय सक्रिय भएका हुन्छ । निबन्धकारको भावनाको सुन्दर आत्मप्रकाशन यसमा हुने गर्छ । त्यसैले निबन्ध गद्यात्मक भएर पनि काव्यात्मक चपलताको सुन्दर निर्वाह वा मिठासको अनुभव यसमा गर्न सकिन्छ । यस्तो निबन्धलाई देवकोटाले पोथी गद्य भनेका छन् । यसलाई भावुकतापूर्ण शैलीमा प्रस्तुत गरिन्छ ।

### २.७.२ विचारात्मक निबन्ध

विचारात्मक निबन्धमा बुद्धि वा विचारको प्रबलता हुन्छ । बुद्धि र हृदय दुवै आन्तरिक पक्ष भएकोले लेखकलाई यस्ता निबन्धमा खास गरी तर्क र बौद्धिक व्यायामको आवश्यकता पर्दछ । विचारात्मक निबन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्ना मत सिद्धान्त स्थापित गर्ने प्रयास गरिरहेको हुन्छ । यस्ता विषयमा कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान, शिक्षा, समाजशास्त्र मनोविज्ञानजस्ता विचार प्रधान विषयहरूको प्रस्तुति हुन्छ (उपाध्याय, २०५९ :१६९) । यस्ता निबन्धमा बुद्धि तत्त्वको प्रधानता रहन्छ । यस्ता निबन्धमा दर्शन, संस्कृति, ज्ञान, विज्ञान, राजनीति, समाज शास्त्र आदि विषयमा तर्क वितर्क गरिन्छ । यसमा लेखकले विषयवस्तु सँगसँगै आफ्ना निजी विचार पनि प्रस्तुत गरेको हुन्छ । यस्ता निबन्ध चिन्तनात्मक र वैचारिक निबन्धले सोभै मस्तिष्कसँग सम्बन्ध राख्दछन् । त्यसैले यी निबन्ध केही वैचारिक र जटिल पनि हुने गर्दछ । यस्ता निबन्धमा बुद्धि पक्षको प्रबलता भए पनि भावना र कल्पनाको उपयोगका साथ रागात्मक रूपमा निबन्धकारले आफ्ना अभिव्यक्तिहरू दिने हुनाले रोचक पनि हुने गर्छ (शर्मा, २०५५ : ६) । यस प्रकारका

निबन्धहरू आलङ्कारिक किसिमका त हुन्छन् नै त्यसमाथि पनि समास शैलीको प्रयोग यस अन्तर्गत हुने गर्दछ । सङ्केत, बिम्बात्मक शैलीका माध्यमबाट अभिव्यक्ति प्रकट गरिने हुनाले यस्ता निबन्ध केही जटिल पनि हुने गर्छन् । यस्ता निबन्धमा लेखकले विषयको वर्णन गर्दै आफ्नो मत वा सिद्धान्त स्थापित गर्ने प्रयास गर्दछ ।

जुन विषयमा निबन्ध लेखे पनि त्यस्ता विषयमा लेखकका वैयक्तिक चिन्तन समेत प्रस्तुत भएका हुन्छन् । यसमा निबन्धकारको कल्पना, भावनाले पूर्ण रूपमा खेल्ने मौका पाएको हुन्छ तापनि मात्रात्मक दृष्टिले हेर्दा बुद्धिपक्षकै प्राबल्य रहन्छ । विचारहरूको तारतम्य, रोचकता विषयगत गहनता विचारात्मक निबन्धका विशेषता हुन् (शर्मा, २०६३ : २५) । खँदिला वाक्य र अनुच्छेदमा अभिव्यक्ति हुने विचारात्मक निबन्धको भाषाशैली कसिलो सुगठित र आलङ्कारिक हुन्छ ।

निबन्धकारले साहित्यिक, सामाजिक, धार्मिक, राजनीतिक,नैतिक आदि क्षेत्रमा गरिएका प्राण-शोसन घातक परम्परालाई हाँक दिदै जाँदा उसको चेतनशील व्यक्तित्व पनि क्रमिक रूपमा निँखारिदै जान्छ । यस प्रकारको निबन्धमा लेखकको चिन्तन, मनन र सजग मस्तिष्कको खोज गरिन्छ । विचारात्मक निबन्ध नै लेखकको कुराकानी, तर्क-योजना, विवेचना-पद्धतिको पारख गर्ने र पाठ अनुभूत गर्ने कसी हो (ढुङ्गेल, २०६६ : ३५२) ।

प्रयेक व्यक्तिको कनै पनि विषयमा आफ्नो निजी विचार हुन्छ । पढेलेखेका व्यक्तिहरू आफ्नो विचार प्रकट गर्न सक्षम हुन्छन् । त्यसो भन्दैमा उनीहरूका सबै रचनाहरूलाई विचारात्मक निबन्ध भन्न सकिन्न । विचार व्यक्तिगत हुँदैमा विचारात्मक निबन्ध हुँदैन । त्यसका लागि पाठकलाई निरूतर गर्ने जादु, नयाँ संसारतर्फ आकर्षण गर्ने नयाँपनको सङ्केतका साथै विचारहरूमा प्रेरणाको नवीन प्रकाश पनि हुनु आवश्यक छ । अर्को शब्दमा भन्ने हो भने लेखकले नवीन जीवन-दर्शन दिन सक्नुपर्दछ । साहित्यले नवीन सन्देश दिन सक्नुपर्दछ, समाजलाई नयाँ प्राण दिन सक्नुपर्दछ ।

विचारात्मक निबन्धमा सबल बौद्धिक आग्रह हुन्छ । बुद्धिको अपिल-अनुरोध बुद्धिले नै स्वीकार गर्दछ । यस वर्गका निबन्धबाट मस्तिष्क तन्तु नै उद्वेलित हुन्छ त्यसमा जागरण पैदा हुन्छ ।

विचारात्मक निबन्धमा भावना र कल्पनालाई कम स्वागत गरिन्छ । कहिलेकाहीं त यो उदासीनसमेत बन्न पुग्दछ । यसैले यदाकदा विचारात्मक निबन्ध नीरस र रूखो पनि हुन जान्छ । यस्तो निबन्धमा कल्पना र भावनालाई साग्रह निमन्त्रणा नगरिए पनि बहिष्कार भने गरिहाल्नु हुँदैन । तिनको सहयोगबाट विचारात्मक निबन्धहरूमा रहेको रूखोपनको आरोपलाई पन्छ्याउन सकिन्छ । विचारहरूको तीखो तीर नबनाएर मिठो र रसिलो बनाउन सक्नुलाई लेखकको सफलता मान्नुपर्छ ।

विचारात्मक निबन्ध लेखकको बुद्धि, चिन्तन र विवेचना शक्तिको मात्र होइन सौन्दर्य, कला र सन्तुलन सामञ्जस्य पटुताको पनि पहिचान हो । विचारहरूलाई सजाएर तारतम्य मिलाएर राख्न सक्नु पनि चानचुने सफलता होइन । यस प्रकारको निबन्धमा विचारहरूको प्रस्तुति शृङ्खलाविहीन गरिँदैन सुगठित र नियन्त्रित रूपमा तिनको प्रस्तुतीकरण गरिएको हुन्छ (ढुङ्गेल, २०६६ : ३५२) ।

### २.७.२.१ प्रगतिवादी विचारका निबन्ध

नेपाली निबन्धमा प्रगतिवादी विचार राख्नेहरूबिच निकै आरोप प्रत्यारोप चलिरहेको पाइन्छ । कृष्णचन्द्रसिंह प्रधान साहित्यलाई उपयोगितावादले तौलने कुरामा विरोधी हुन् । कुनै प्रगतिवादी निबन्धकारहरू 'जनवादी मञ्च' जस्ता समूह गठन गरी राजनीतिक कोरा नारा लेखेर साहित्य भन्ने प्रयास गरिरहेका छन् । भाषिक शुद्धता, शैलीय सौन्दर्य, जनपक्षीय निबन्ध प्रगतिवादी निबन्ध हो भन्ने भावना एक थरी साहित्यकारको रहेको छ । (पहाडी, २०७४, पृ १०२) आरोप-प्रत्यारोपबाट बचेर प्रगति र परिवर्तनको पक्षमा सुन्दर शैली र सशक्त भावना प्रकट गर्नु नै प्रगतिवादी निबन्धको लक्ष्य हुनुपर्छ ।

### २.७.२.२ प्रगतिवादको चिनारी

प्रगतिवादको विकासको क्रम खोज्दा यसलाई पृष्ठभूमिबाटै नियाल्नु समुचित देखिन्छ । सत्रौँ शताब्दीपछि भएको वैज्ञानिक प्रगतिले मानवसोचाइमा गुणात्मक परिवर्तन देखिँदै गयो । अन्धविश्वास कमजोर भएर तर्कशक्तिको बोलबाला बढ्न थाल्यो । मानिस स्वयम् शक्तिशाली प्राणी भएकाले उसकै सामर्थ्यमा मानवसमाजका दुःख हटाउन सकिन्छ भन्ने आत्मविश्वास जागृत हुँदै गयो । सामाजिक असमानता प्रकृतिको देन होइन समाजकै असङ्गतिको कारण हो भन्ने वस्तुगत ज्ञान प्राप्त हुन थालेपछि मान्छेको जीवनप्रतिको

दृष्टिकोण बदलियो । साहित्यकारहरूमा पनि साहित्य यथार्थ हुनुपर्छ , जीवनमुखी हुनुपर्छ भन्ने जागरण पैदा हुन थाल्यो । साहित्यकारहरूमा विद्रोही चेत फैलिन थाल्यो । जनताको मुक्तिका लागि साहित्यले पनि साथ दिनुपर्छ भन्ने आवाज मुखरित हुन थाल्यो । साहित्यमा अभिव्यक्त हुँदै आएका निराशा, पलायन, भावुक कल्पनाका ठाउँमा सामाजिक न्याय, जीवनप्रतिको वैज्ञानिक दृष्टिकोण सबल देखिन थाल्यो । विज्ञानले मानव जीवन र समाजलाई डोऱ्याउन थाल्यो । साहित्यमा प्रगतिवादको प्रारम्भ जर्मनीमा १८९२ मा गर्हाटे हाउप्टम्यान (१८६२-१९४६) को 'जुलाहा' नामक नाटकबाट भएको मानिन्छ । (पहाडी, २०७४, पृ १०२)

नेपालमा समेत २००७ सालपछि स्वतन्त्र रूपमा माक्सवादबाट प्रभावित नेपाली लेखकहरूले साहित्यमा ल्याइएको पाइन्छ । यसरी प्रगतिवादी साहित्यलाई अगाडि बढाउने क्रममा आधुनिक युगका साहित्यकार नवीन विभास पनि एउटा प्रखर प्रगतिवादी निबन्धकारको रूपमा देखा परेका छन् । उनको यस 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा प्रगतिवादी विचार प्रकट भएको छ ।

### २.७.२.३ प्रगतिवादका मान्यता

वर्गमुक्त समाजवादी मानवसमाजको स्थापनामा जोड दिने प्रगतिवादले निम्न वर्गका लागि साहित्य रचिनुपर्छ भन्ने मान्यता राखेको छ । यसका मूलभूत मान्यतालाई निम्नानुसार बुँदाबद्ध गरी प्रस्तुत गरिएको छ । (पहाडी, २०७४, पृ. १०४):

(१) जमिनदार, पुँजीपति, सामन्त र दलालहरूका विरुद्ध जनमत तयार पार्नु,

(२) शैलीलाई भन्दा साहित्यिक विषयवस्तुलाई महत्त्व दिनु,

(३) वर्गविहीन समाजवादी समाजको स्थापनाका लागि अनुकूल वातावरण बनाउनु,

(४) वस्तुसत्य र वैज्ञानिक विचारको समर्थन गर्नु,

(५) साहित्यमा सर्वहारा वर्गलाई मूल पात्रका रूपमा प्रयोग गर्नु ।

### २.७.३ वैयक्तिक निबन्ध

मूलत : व्यक्तित्वको प्रकटीकरण भएका निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । यसमा निबन्धकारका भावुकताको आत्मप्रकाशन हुन्छ । वैयक्तिक निबन्धको विषयवस्तु स्वयं स्रष्टा नै हुन्छ । यस्ता निबन्धमा निबन्धकारका नितान्त वैयक्तिक अनुभूति वा हर्ष-विस्मात्,

सुख-दुःख जस्ता भावहरू प्रस्तुत भएका हुन्छन् । वैयक्तिक निबन्धमा निबन्धकारले आफ्नो निजी मनको भाावलाई रागात्मक रूपमा प्रस्तुत गर्दछन् (बराल,२०३० : १८) । अन्तर्मुखी प्रवृत्ति, अनौपचारिकता र आत्माभिव्यञ्जना वैयक्तिक निबन्धका खास विशेषता हुन् । वैयक्तिक निबन्धलाई निश्छल, निष्कपट र मित्रवत् गफ गराइका शैलीमा प्रस्तुत गरिन्छ । नढाँटी आफ्ना मनका भाव पोखिने हुनाले यस्ता निबन्धमा निबन्धकारको आत्मप्रकाशन भएको हुन्छ (शर्मा, २०६३ : १८) ।

### २.७.४ वस्तुपरक निबन्ध

वस्तुपरक निबन्धलाई विषयप्रधान र वैयक्तिक निबन्ध पनि भनिन्छ । यो निबन्ध विषयकै वरपर घुम्छ र यस्ता निबन्धमा स्रष्ट तटस्थ रही वस्तुको चिनारी गराउँछ र आफ्ना अनुभूतिमा नभै वस्तुतथ्यको विशेष प्रकाशन गर्दछ । यस्ता निबन्धको प्रमुख लक्ष्य आत्मप्रकाशन नभई सूचनात्मकता हुन्छ ।

वस्तुपरक निबन्धको विषय इतिहास दर्शन, विज्ञान, भ्रमण, प्रकृति आदि रहन सक्छन् । परात्मक निबन्धमा बाह्य वस्तुको चिनारी गराउने गरीन्छ (बराल, २०३० : १८) । विषयवस्तुको वर्णन र विवरणको प्रस्तुति नै परात्मक निबन्धको मुख्य विशेषता हो । परात्मक निबन्धमा निजानुभूतिको वास्ता नगरी 'पर' वा वस्तुसत्यको यथार्थ चित्त प्रस्तुत गर्नु निबन्धकारको मूल लक्ष्य हुन्छ । विषयवस्तुगत वर्णन र विवरणको प्रधानताका आधारमा परात्मक निबन्धलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ : वर्णनात्मक र विवरणात्मक ।

### (क) वर्णनात्मक

कुनै पनि वस्तु, घटना, प्रकृति आदिको वर्णन गरिएका निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । वर्णनात्मक निबन्ध भन्नाले कुनै विषयको नागबेली लगाएर लेखिने निबन्धलाई बुझाउँछ । यस्ता निबन्धमा विषयको बाहिरी स्वरूपदेखि लिएर गुण, दोष, प्रकृति, रुचि, स्वभाव, उपयोगिता आदि सबैको विवरण प्रस्तुत गरिन्छ (सुवेदी, २०६३ : ८) ।

कुनै विषयलाई जस्तो छ त्यस्तै चित्रण गर्ने क्रममा लेखकको निरीक्षण शक्ति, विषयलाई आकर्षक र रोचक तुल्याउनका लागि कल्पनाको समेत प्रयोग गरिएको हुन्छ । यस्तो निबन्धमा कुनै विषयलाई चित्रवत् रूपमा प्रस्तुत गरिन्छ । यस्ता निबन्धमा लेखकको

निजी भावनाको समेत प्रयोग गरिन्छ । वर्णनात्मक निबन्धमा गम्भीर चिन्तन र मौलिक जीवन दर्शन प्रस्तुत भएको हुँदैन ।  कुनै वस्तुबारे नालीबेली छुट्टाउँदै वर्णन गर्नु त्यसको वास्तविक स्वरूप प्रस्तुत गर्नु आफ्नो वस्तुमूलक दृष्टि पाठक समक्ष राख्नु वर्णनात्मक निबन्धको उद्देश्य हुन्छ ।

वर्णनात्मक निबन्धमा विचार, अनुभूति, कल्पना, सबैले वर्णनलाई प्राणवान, मोहक, आकर्षक र रसिलो बनाउनको लागि महत्त्वपूर्ण भूमिका खेल्दछन् । यसमा निबन्धकारको गहन चिन्तन र मौलिक जीवन दर्शनको अपेक्षा राखिँदैन, केवल निजी भावनाले निबन्धलाई सिगार्ने काम मात्र हुन्छ । यस्तो निबन्ध लेखनका क्रममा निबन्धकारले मस्तिष्कको प्रयोग गर्दैन विषय वस्तुलाई विवरणात्मक र सर्वेक्षणात्मक रूपमा मात्र प्रस्तुत गर्दछ । वर्णन शैलीमा रोचकता ल्याउन अलङ्कारमय प्राञ्जल भाषाको प्रयोग यसमा गरिन्छ । यसमा सरल, सुबोध, प्राञ्जल र आलङ्कारिक भाषाशैलीको प्रयोग गरिएको हुन्छ । सरल र सुबोध वर्णनको अपेक्षा गरिने हुँदा वर्णनात्मक निबन्धमा प्रसाद शैलीको प्रयोग गरिन्छ ।

**(ख)	विवरणात्मक**

कुनै पनि घटना, वृत्तान्त र परिवेशको बेलीबिस्तार प्रस्तुत गरिएका निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । घटनाको क्रमबद्ध प्रस्तुति यो निबन्धको मुख्य लक्ष्य हुन्छ र यसमा मूलत : इतिहास सम्बद्ध वस्तु हुन्छन् । घटनामा लेखकको आत्मीयता र व्यक्तित्वको छाप प्रधान विशेषताका रूपमा रहेको हुन्छ । (उपाध्याय, २०५९ : १६९) ।

विवरणात्मक निबन्धमा थोर बहुत आत्मप्रकाशन रहे तापनि विशेष गरी ऐतिहासिक तथ्यका खोजमा केन्द्रित रही ती तथ्यको सिलसिलाबद्ध संयोजन गर्दै पाठकमा उब्जने आकर्षणलाई तर्क र प्रमाणद्वारा सूचित गरी विषयवस्तुको इतिवृत्त दिइएको हुन्छ । वृत्तान्तमा आधारित रहेर पनि इतिहासभन्दा भिन्न तरिकाले विवरणात्मक निबन्धमा घटना वर्णनलाई प्रभावकारी रूपमा लिन सकिन्छ (शर्मा, २०६३ : १५) ।

विवरणत्मक निबन्धमा कथातत्व पनि आउन सक्छ । यस्ता निबन्धमा घटनाको कार्य कारण श्रृङ्खला मिलेको हुन्छ । विवरणात्मक निबन्धमा भावना, कल्पना र विचारतत्व आउने भए पनि निबन्धकार विषयप्रति नै बढी सजग रहन्छ । सरल, सुबोध र व्यास शैलीका माध्यमबाट विवरणात्मक निबन्धमा घटना र वृत्तान्तको सुसम्बद्ध प्रस्तुति गरिन्छ ।

वस्तुपरक निबन्धको अर्को उपप्रकार अन्तर्गत विवरणात्मक निबन्धलाई पनि लिन सकिन्छ । यस्तो निबन्धमा लेखकले कुनै खास घटना वा विवरणको बेलीबिस्तार गरेको हुन्छ । यस्ता किसिमका निबन्धहरू घटना वृत्तान्तमा आधारित हुन्छन् । विवरणात्मक निबन्धमा कुनै घटनाबारे टिप्पणी, विश्लेषण, व्याख्या गर्दै लेखकीय आत्म प्रकाशन पनि सँगसँगै गरिएको हुन्छ । अर्को तरिकाले भन्दा यस्ता निबन्धमा 'स्व' भन्दा 'पर' को प्रस्तुति नै ज्यादा भएको हुन्छ ।

विवरण अन्तर्गत ऐतिहासिक घटना, काल्पनिक कथा, युद्ध, यात्रा, रीति रिवाज, शासन प्रणली आदिलाई राख्न सकिन्छ । विवरणात्मक निबन्धमा पनि यही विषयलाई महत्त्वका साथ प्रस्तुत गरिएको हुन्छ । यस्तो निबन्धमा काल्पनिक स्थान कम हुन्छ तर लेखकले विषयलाई सजीव र आकर्षक बनाउन कल्पनाको प्रयोग पनि गरेको हुन्छ । कुनै घटना वृत्तान्तलाई लेखकले आफ्ना निजी भावनाले रङ्ग्याएर प्रस्तुत गर्ने काम यस खालका निबन्धमा हुने गर्छ ।

विवरणात्मक निबन्धमा विषयको आन्तरिक पक्षलाई कल्पनाको सहयताले स्पष्ट पार्ने प्रयास गरिन्छ । कार्यकारण शृङ्खलामा उनेर विचारलाई प्रस्तुत गरिन्छ । विवरण स्पष्ट र पूर्वापर क्रम नटुटुनु यसको विशेषता हो । यस्ता निबन्धमा कल्पना, भावना, दृष्टान्तको प्रयोग पनि गरिन्छ । यसमा लेखकको निजी व्यक्तित्वको छाप नरहेमा विवरणात्मक निबन्ध अर्थहीन हुन जान्छ । त्यो केवल प्रसङ्गहीन लेख मात्र हुन जान्छ । कतिपय समालोचकले यस्ता निबन्ध व्यास शैलीमा लेखिने पनि उल्लेख गरेका छन् ।

यसरी निबन्धलाई आत्मपरक र वस्तुपरक गरी मोटामोटी रूपमा दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । आत्मपरक निबन्ध अन्तर्गत भावनात्मक, वैयक्तिक र विचारात्मक गरी तिन उपप्रकार निर्धारण गर्न सकिन्छ । त्यसैगरी वस्तुपरक निबन्ध अन्तर्गत वर्णनात्मक र विवरणात्मक गरी दुई उपप्रकारमा निबन्धको वर्गीकरण गर्न सकिन्छ ।

## २.८ सारांश

गद्य भाषामा लेखिएको जीवन र जगत्का विषय वस्तु भाव, विचार आदिलाई प्रस्तुत गरिएको संक्षिप्त आकारमा संरचित साहित्यको आख्यानरहित विशिष्ट विधा विशेष नै निबन्ध हो । यसलाई परिभाषित गर्ने क्रममा अधिकांश समालोचकहरू गद्य भाषामा लेखिने, एउटै

विचार वा विषयको प्रस्तुति हुने, सुगठित शैलीमा लेखिने, जीवन र जगत्को सत्यान्वेषण गरिएको, हृदय पक्ष र बुद्धि पक्षको सन्तुलन भएको, लेखकका मनका निजी भावलाई समेटिएको, आख्यानरहित, विषय चयनमा स्वतन्त्रता भएको, उन्मुक्त र स्वछन्द, लेखनमा रोचकता र सजीवता भएको, पाठसँग आत्मीयता स्थापित गर्ने शक्ति भएको,लेखकको वैयक्तिक छाप परेको विधा विशेष निबन्ध हो भन्ने कुरामा सहमत भएका छन् । निबन्ध आत्मपरक र वस्तुपरक गरी दुई प्रकारका छन् । आत्मपरक निबन्धअन्तर्गत वैयक्ति, भावात्मक, विचारात्मक रहेका छन् । त्यस्तै वस्तुपरक निबन्ध अन्तर्गत वर्णनात्मक र विवरणात्मक रहेका छन् । निबन्धको निर्माण हुनका लागि केही संरचक अवयवहरूको आवश्यकता पर्दछ । यसै संरचक अवयवलाई निबन्धका तत्त्व पनि भनिन्छ । निबन्धको संरचनागत स्वरूप हुन विषय वस्तु, भाषाशैली र उद्देश्य रहन्छन् । प्रस्तुत शोध कार्यमा पनि यिनै तत्त्वहरूका आधारमा रहेर निबन्धहरूको विश्लेषण गरिएको छ ।

# तेस्रो अध्याय
# नेपाली निबन्धको विकासक्रम

## ३.१ विषय प्रवेश

प्रस्तुत अध्यायमा नेपाली निबन्धका प्रारम्भदेखि हालसम्मको विकासक्रमको बारेमा चर्चा गरिएको छ । यस अध्यायमा नेपाली निबन्धको विभिन्न कालक्रम र चरणहरू उल्लेख गरिएको छ । नेपाली निबन्धको प्रारम्भ थाहा पाउनको लागि यसको इतिहासलाई हेर्नु पर्ने हुन्छ । नेपाली निबन्ध साहित्यको इतिहास पहिल्याउँदै जाँदा गद्य साहित्यको इतिहास खोतल्नुपर्ने हुन्छ । नेपाली गद्यको प्रारम्भमा नेपाली निबन्धको पनि गर्भाधान भयो र आजसम्म यसको विकास चलिरहेको छ । यस समयसम्ममा विभिन्न प्रतिभाहरूका नयाँ नयाँ प्रयोग र लेखनबाट नेपाली निबन्धको आफ्नो सम्मुन्नत रूप प्राप्त गरिसकेको पाइन्छ । यसक्रममा यहाँ नेपाली निबन्धको इतिहास र नेपाली निबन्धको विकासक्रमको चर्चा गरिएको छ ।

## ३.२. नेपाली निबन्धको इतिहास

नेपाली साहित्य  परम्परामा निबन्ध अपेक्षाकृत कान्छो विधा मानिए तापनि यसको ऐतिहासिकता चाहिँ गद्य साािहत्यको इतिहासकै सापेक्षतामा खोज्नु पर्ने हुन्छ । यो आख्यानेतर गद्य विधा भएकाले नेपाली गद्यको इतिहाससँग यसको पनि इतिहास जोडिएको छ । नेपाली भाषाको उद्‌भवसँगै, अभिलेख, तमसुक, ताम्रपत्र, स्वर्णपत्र, औषधीमूलोका पाठ्य पुस्तकहरू, राजकाजको यात्रासम्बन्धी अध्यादेश, अभिलेखीय गद्यांशहरू देखा पर्दछन् र यिनै प्राचीन गद्यका नमुनालाई निबन्धको पृष्ठभूमिकालीन अनुहार मान्न सकिन्छ ।

नेपाली वाङ्मयका प्राचीन अभिलेखमा पाइने पुराना गद्यहरूसँगै यस विधाले आफ्नो आधारशीला सिर्जेको छ र यिनै अभिलेखीय परम्पराबाट प्रारम्भमै पृथ्वीनारायण शाहको ‘दिव्योपदेश’ (१८३१) सिर्जना पूर्वको अवधि यसको पृष्ठभूमिका रूपमा देखा पर्दछन् । दिव्योपदेशको गद्य लेखनदेखि लिएर आजसम्मको विकासक्रम हेर्दा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरी प्रस्तुत गर्न उपयुक्त हुन्छ ।

## ३.३. प्राथमिक काल (१८३१-१९५७)

नेपाली गद्यको प्रारम्भिक सुन्दर नमुना पृथ्वीनारायण शाहको ‘दिव्योपदेश’ (वि.सं. १८३१) मा देख्न सकिन्छ । जहाँ गद्यको स्वतन्त्र गति पाइनुका साथै विचार र चिन्तनको पनि विशेष प्रयोग भेटिन्छ । त्यसैले यसलाई नेपाली निबन्धको पहिलो रचना र नेपाली निबन्ध विधाको आद्यप्रारूप मान्न सकिन्छ (उपाध्याय, २०५९ : १२९) । निजात्मकरूपमा प्रस्तुत भएको यो कृतिमा आख्यानेतर गद्य र विचारको प्रस्तुतिमा स्वत्वको प्रभाव रहेको छ ।

दिव्योपदेशपछि देखा परेका, उल्लेखनीय कृतिमध्ये रामचन्द्र पाध्याय रेग्मीको ‘लद्मी धर्म सम्वाद’ (१८५१), वाणी विलास पाँडेको ‘वाग्मती पुल स्तम्भ अभिलेख’ (१८६८), देवकेशरी अर्यालको ‘गोरक्षयोगशास्त्र’ (१८७७), यदुनाथ उपाध्यायको ‘रतिकोषसार’ ( १८८५), सुन्दरानन्द बाँडाको ‘त्रिरत्न सौन्दर्यगाथा’ (१८८९-९०) अज्ञात लेखकको ‘जङ्गबहादुरको बेलायत यात्रा’ (१९१०), बेनामी बत्तीस सालको ‘रोजनाम्चा’ (१९३२), मोतीराम भट्टको ‘कवि भानुभक्त आचार्यको जीवन चरित्र’ (१९४८) र चिरञ्जीवी शर्माको ‘आफ्नु कथा’ (१९५५) आदिलाई नेपाली गद्यको ऐतिहासिक विकासका महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ (श्रेष्ठ र शर्मा, २०६३ :१२२-१२३) । नेपाली गद्य लेखनलाई विकसित तुल्याउने क्रममा यिनको भूमिका उल्लेखनीय रहेको छ ।

विकसित भाषामा लेखिएको नेपाली निबन्धको प्रारम्भिक कालीन स्वरूपलाई हेर्दा मौलिकताको उचाइमा पुगेको विषयगत विविधतामा छरिएको स्तरीय गद्यसँगै हुर्किएको देखिन्छ । यिनै मह□वपूर्ण घटना सामयिक मोडमा सामुहिक प्रस्तुति बन्न गएका विविध रचनाहरू प्राथमिक कालीन स्वरूप र प्रयोग मानिन्छन् ।

## ३.४. माध्यमिक काल (१९५८-१९९१)

गोरखापत्र (वि.स.१९५८) को प्रकाशन हुन थालेपछि नेपाली निबन्धको माध्यमिक काल आरम्भ हुन्छ । यसमा निबन्ध नै भनी किटान गर्न नसकिएर पनि निबन्धात्मक र प्रबन्धात्मक प्रवृति भएका थुप्रै आख्यानेत्तर गद्य रचनाहरू प्रकाशित भएका छन् । नेपाली निबन्धको प्रारूप निर्माणको लागि यस पत्रिकाको मह□वपूर्ण योगदान रहेको छ । यसमा बेनामी लेखकको ‘अघि मूर्ख पछि बुद्धिमान्’ (१९५९), ‘वसन्त वर्णनम्’ (१९६१), ‘मातृभाषाको उन्नति’ (१९७६), ‘निक्ष’ (१९६६), ‘वफादारी’ (१९७०), ‘शिशु शिक्षा’ (१९७०), ‘हावा’ (

१९७३) आदि । त्यस्तै नामाङ्कित गद्य कृतिहरूमा शम्भुप्रसाद ढुङ्गेलको 'समय' (१९७६), 'प्रभात' (१९७६), 'हर्दम याद राख्नु पर्ने कुरा' (१९७६) र 'कविताको फल' (१९७७) तथा बैजनाथ सेढाइको 'तातोपानी र अमिलो पानी' (१९८२) आदि यस पत्रिकामा निबन्धको प्रारम्भिक रूपरेखा निर्माणको लागि यी रचनाहरू प्रकाशित भएका छन् (श्रेष्ठ र शर्मा, २०६३ : १२२-१२३)

गोरखापत्रको प्रकाशनपछि पनि अनेकौं पत्रपत्रिकाका माध्यमबाट नेपाली निबन्धले विकसित हुने मौका पायो । यस समयावधिमा **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७२), **चन्द्रिका** (१९७४), **जन्मभूमी** (१९७९), **गोरखासंसार** (१९८३) र **नेपाली साहित्य सम्मेलन** (१९६३) आदि पत्रिकाहरूको उल्लेख्य योगदान रहेको छ । **सुन्दरी** (१९६३) पद्य प्रधान पत्रिका भए पनि यसमा **बेसरी** शीर्षकको निबन्धात्मक लेख र देवीदत्त शर्माको **उचित चर्चा** (१९६५) शीर्षकको लेख रचना प्रकाशित भएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०६३ : १२२-१२३) । **माधवी**मा प्रकाशित राममणि आ.दी.को **कवितारीति** (१९६५) (१९६६) मह□वपूर्ण निबन्धात्मक कृति हो साथै यस पत्रिकामा प्रकाशित धर्मदत्त शर्मा, रामप्रसाद सत्याल, जय पृथ्वीबहादुर सिंह, मानसिंह अधिकारी, हरिहर आ.दी., दुर्गादेवी आ.दी. कुलचन्द्र गौतम आदिका गद्य लेख रचनाहरू उल्लेखनीय छन् (श्रेष्ठ र शर्मा, २०६३ : १२४) ।

गद्य प्रधान चन्द्र पत्रिकामा पद्मनाथ सापकोटाको **परिश्रमको विभाग** (१ ९७१), सूर्य विक्रम ज्ञवालीको **सोक्रेरिजको बहस** (१९७१) बैजनाथ सेढाइँको **हेमन्त ऋतु वर्णन** (१९७१),पारसमणि प्रधानको **अध्यवसाय** (१९७२) र **विधा** (१९७२) आदि विविध विषयका लेख रचनाहरू प्रकाशित छन् (श्रेष्ठ र शर्मा, २०६३ : १२४) । गोर्खाली (१९७२) मा शम्भुप्रसाद ढुङ्गेल, पारसमणि प्रधान, पद्मनाथ सापकोटा आदिका वस्तुपरक निबन्धात्मक रचनाहरू प्रकाशित भएका छन् (सुवेदी, २०४९ : २७)

दार्जिलिङ्को खरसाङ्बाट प्रकाशित शम्भुप्रसाद ढुङ्गेल **महेन्द्र मल्ली** (१९७५) पहिलो आत्मपरक निबन्ध हो । यस पत्रिकामा शम्भुप्रसादकै **चन्द्रिका** (१९७५), **प्रेम** (१९७५) साथै सूर्यविक्रम ज्ञवाली, दुर्गादेवी आ.दी., रामप्रसाद उपाध्याय, प्रभाकर आदिका निबन्धहरू पनि यसमा प्रकाशित छन् (श्रेष्ठ र शर्मा, २०६३ : १२५) ।

वि.स. १९७९ मा 'उदाएको जन्मभूमि' पत्रिकामा कृष्णप्रसाद कोइराला, धरणीधर कोइराला, रामचन्द्र अधिकारी आदिका विचारात्मक तथा भावनात्मक निबन्धहरू प्रकाशित भएका छन् (शर्मा, २०६३ : ३१) । यस्तै **गोर्खासंसार** (१९८३) म विद्यवती नहान, मानवीर रसाइली, हर्षबहादुर राई आदिका समाज सुधारक र राजनैतिक चेतना भएका निबन्ध प्रकाशित भएका छन् (शर्मा, २०६३ : ३१) । वि.सं. १९८९ को **नेपाली साहित्य सम्मेलन** पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रूपनारायण सिंहका साहित्य सेवा, चरित्र सुधार, नैतिकता आदि विषयका निबन्धहरू प्रकाशित देखिन्छन् (शर्मा, २०६३ : ३१) । यस कालका निबन्धमा भाषा, साहित्य, चरित्र सुधार, नैतिकता र राष्ट्रिय उत्थानको आकाङ्क्षाका साथै औपदेशिकता, सामाजिक र जातीय सुधारवादी चेतना पनि प्रस्तुत गरिएको पाइन्छ । यस कालका निबन्धमा संरचनागत शिथिलता र भाषिक स्थिरताको अभाव देखिन्छ भने ती प्राय : वर्णनात्मक र विवरणात्मक किसिमका छन् । माध्यमिक कालीन निबन्धमा व्यक्तिको वैयक्तिक अभिव्यञ्जना र दार्शनिक उच्चता न्यून रहे पनि नेपाली पनको उत्थानका लागि आह्वान गरिएको छ । यस कालमा स्वदेश तथा विदेशबाट स्वतन्त्र चिन्तन सहित स्रष्टाहरूले दर्जनौँ रचनाहरूको सिर्जना गर्दै प्रजातान्त्रिक, सामाजिक वातावरणको सन्देश छर्दै नेपाली निबन्धको युगलाई बलियो पृष्ठभूमि निर्माण गरेका छन् ।

## ३.५. आधुनिक काल (१९९२-हालसम्म)

वि.सं. १९९२ मा **शारदा** पत्रिकाको प्रकाशन भएपछि नेपाली साहित्यको इतिहासमा नयाँ अध्यायको सुरुवात भयो । शारदाको प्रकाशन नेपाली साहित्य इतिहासमा एक महत्त्वपूर्ण आयाम हो । शारदा (१९९२) बाट नेपाली निबन्ध पनि आधुनिक कालमा प्रवेश गऱ्यो (श्रेष्ठ र शर्मा, २०६३, : १२६) । यस आधुनिक काललाई विविध चरणमा उपकालको रूपमा राखेर चर्चा गरिएको पाइन्छ । विषयगत विविधता शैली तथा प्रयोग र प्रवृत्तिगत विशेषताले गर्दा यस कालमा मूलत : तीन उपकाल मानेर चर्चा गरिनु सान्दर्भिक मानिएको छ ।

(क) प्रथम चरण (१९९२-२००३)

(ख) द्वितीय चरण (२००४-२०१९)

(ग) तृतीय (२०२०-हालसम्म )

यी सबै चरणमा निबन्धात्मक विशेषताको प्रयोग छ र प्रयोगजन्य नवीनताले विविध जगतमा कालखण्डीय अस्तित्व कायम गरेको छ ।

### ३.५.१. पहिलो चरण (१९९२-२००३)

वि.सं. १९९२ देखि २००३ सालसम्मको समयावधि आधुनिक नेपाली निबन्धको प्रथम चरण हो । आधुनिक नेपाली निबन्धको प्रथम चरण **शारदा** (१९९२) पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको निजात्मक निबन्ध 'आषाढको पन्ध्र'बाट प्रारम्भ भएको हो । देवकोटा प्रथम आधुनिक नेपाली निबन्धकार हुन् भन्ने विषयमा विवाद गरेको पाइन्छ । कतिपय समालोचकहरूले **शारदा**को पहिलो अङ्कमा प्रकाशित बालकृष्ण समको 'बर्दाहामा शिकार' लाई पहिलो आधुनिक निबन्ध भनेको पाइन्छ । तर यो निबन्ध नभएर शिकार विषयक कथा हो भनिएको छ । त्यसैले पनि देवकोटालाई आधुनिक नेपाली निबन्धकार मान्न सकिन्छ । यस चरणमा देवकोटाको अनुदित प्रसिद्ध प्रबन्ध सङ्ग्रह (१९९८) र मौलिक लक्ष्मी निबन्ध सङ्ग्रह (२००२) जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । देवकोटा मूलत : आत्मपरक निबन्धकार हुन् । उनले आफ्ना निजी जीवनका अनुभवहरूलाई विषय बनाएर रागात्मक, काव्यात्मक र कलात्मक रूपमा प्रस्तुत गरी नेपाली निबन्धको आधुनिक कालको पहिलो चरणमै पूर्ण रूपमा आधुनिकताको सुत्रपात, विस्तार र विकास गरे । यसै समयमा समका 'त्यो' (१९९२), 'पानी' (१९९२), 'प्राकृतिक जीवन' (१९९२), 'आत्मविश्वास' (१९९२), 'भाषा' (१९९८), 'देखेको' (२०१०) आदि निबन्धहरू देखा परे । सम वस्तुपरक धारका निबन्धकार हुन् । उनका निबन्धमा वैचारिकता, वर्णनात्मकता, विवरणात्मकता, तार्किकता, बौद्धिकताजस्ता प्रवृत्तिहरू पाइन्छन् । देवकोटाले आत्मपरक निबन्धलाई अघि बढाए भने समले वस्तुपरक निबन्धलाई अघि बढाए ।

देवकोटा र समपछि आधुनिक कालको यस चरणमा प्रेमराज शर्माको हास्यव्यङ्ग्य निबन्ध 'पण्डितजीको चिठी' (१९९२), बोधविक्रम अधिकारीको 'फलामे औंठी' (१९९२), सागरमणिको परिचयात्मक निबन्ध 'कलंग दुर्गा' (१९९७), भवानी भिक्षुको यात्रा निबन्ध 'शिमलासम्म' (१९९९) आदि निबन्धहरू प्रकाशित छन् (शर्मा, २०६३ : ३५) ।

प्रयासबाट पनि नयाँ नयाँ शैलीमा दर्जनौं निबन्ध देखा परे । 'नेपाली साहित्य सम्मेलन' पत्रिकामा धरणीधरको 'साहित्य कुसुमाञ्जली' (१९९२), पारसमणिको 'मदौरु ऋामाको जोखना' (१९९२) जस्ता निबन्धहरू देखिए भने राष्ट्रिय अस्तित्व बोध गराउने रूपनारायण सिंहको 'जातीय जीवनमा साहित्यको स्थान' (१९९२) र सूर्यविक्रम ज्ञवालीको 'रसमय जीवन' (१९९३) आदिको प्रकाशनपछि पनि यस युगले आधुनिकताको नयाँ रूप

लिएको छ (शर्मा, २०६३ : ३५) । निबन्धका नयाँ फाँट र तिनका प्रयोगमा यो प्रयास उपलब्धिमूलक मानिन्छ ।

आधुनिक नेपाली निबन्धको प्रथम चरणको नेतृत्व लक्ष्मीप्रसाद देवकोटाले गरेका हुन् र यस चरणमा स्वच्छन्तावादी धारको प्रभुत्व रहेको छ (सुवेदी, २०४९ : १६) ।

यस्तै तार्किक र बौद्धिक निबन्धहरू लेखेर बालकृष्ण सम यस चरणका दोस्रो विशिष्ट प्रतिभाका रूपमा चिनिन पुग्छन् । यस कालका निबन्धमा आत्मापरक र वस्तुपरक दुवै खाले निबन्धका साथसाथै हास्य व्यङ्ग्यात्मक निबन्धको विकास पनि भएको छ । मौलिक तथा अनूदित निबन्धहरूमा हार्दिकता, बौद्धिकता, शैली शिल्पगत नवीनताका साथै विषयवस्तुगत, संरचना र स्वरूपमा विविधता जस्ता प्रवृत्तिहरू देखिएका छन् ।

### ३.५.२. **दोस्रो चरण** (२००४-२०१९)

नेपाली निबन्धको विकासमा स्वदेश तथा विदेशबाट प्रकाशित विभिन्न पत्रिकाहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । यस चरणमा पनि **साहित्य स्रोत** (२००४ : काठमाडौँ), युगवाणी (२००४ : बनारस), भारती (२००६), प्रगति (२०१०), गोर्खा (२०११), नौलो पाइलो (२०१३) आदि साहित्यिक पत्रिकाहरूको उल्लेख्य भूमिका रहेको छ । साहित्य स्रोत पत्रिकामा प्रकाशित हृदयचन्द्र सिंह प्रधानको तीस रुपियाँको नोट (२००४), निबन्ध सङ्ग्रहबाट आधुनिक नेपाली निबन्धको पहिलो चरणको समाप्ति र दोस्रो चरणको थालनी भएको हो । उनले जँगा (२००९), कुरा साँचो हो (२०११) र अफसोच (२०११) जस्ता निबन्ध सङ्ग्रको प्रकाशन यस चरणमा गरेका छन् । यिनमा देवकोटाको जस्तो कवित्व, कल्पना र भावुकता नपाइए पनि समाज सुधारका भावनाले प्रेरित भएर सरल र प्रभावकारी आत्मपरक शैलीले पाठकहरूलाई आकर्षित गर्न सक्ने क्षमता रहेको पाइन्छ (अधिकारी, २०४७ : ६५) । आत्मपरकता, वैचारिकता, यथार्थवादी दृष्टिकोण, व्यङ्ग्यात्मकता, भाषिक सरलता आदि यिनका प्रमुख प्रवृत्ति हुन् । यिनी प्रगतिशील निबन्धकार हुन् । देवकोटामा भए जस्तो अध्ययनशीलता, विश्लेषणात्मकता, काव्यात्मकता र अनुभूतिको तीक्ष्णता प्रधानका निबन्धमा पाइँदैनन् तर प्रगतिशीलता र वैचारिकतामा उनी देवकोटाभन्दा माथि उठेका छन् (सुवेदी, २०४९ : २८) ।

प्रधानले समाजमा रहेका नराम्रा प्रवृत्तिहरूप्रति आलेचना आफ्ना जीवनमा भोगेका सत्य, आफू बाँचेको परिवेश र आफ्नै सुख दुःखलाई निश्चलतापूर्वक भित्रका गफ गराइएका शैलीमा आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् ।

यस चरणमा देखा पर्ने अन्य निबन्धकारहरूमा बदरीनाथ भट्टराई 'पच्चीस प्रबन्ध' (२००८) का साथ देखा पर्दछन् । भीमनिधि तिवारीको 'पन्ध्र प्रबन्ध' (२००८) श्यामप्रसाद शर्माको आत्मपरक निबन्ध सङ्ग्रह 'खै खै' (२०१६), चूडानाथ भट्टराईको दर्शन विषयक निबन्ध सङ्ग्रह 'निबन्ध चूडामणि' (२०१६) यस चरणमा प्रकाशित निबन्ध सङ्ग्रहहरू हुन् (शर्मा, २०६३ : ३९) । बदरीनाथ भट्टराई, भीमनिधि तिवारीहरूबाट परात्मक निबन्धमा गति आएको छ भने प्रमराज शर्माले सुरु गरेको हास्य व्यङ्ग्य शैलीको विकास केशवराज पिँडालीमा देखा परेको छ । त्यस्तै खोजयुक्त निबन्ध कमल दीक्षितबाट सुरु भएको छ भने आत्मपरक लेखनलाई हृदयचन्द्र र श्यामप्रसाद शर्माले सुधार सन्देशसँगै अगाडि बढाएका छन् ।

यसरी यस चरणमा निजात्मक भन्दा परात्मक निबन्धको आधिक्य हास्य व्यङ्ग्यात्मक परम्परालाई निरन्तरता दिनु विषयको विविधता र क्षेत्रगत अनेकतालाई मुलभूत रूपमा सामाजिक विद्रततामाथि प्रहार गर्दै कलात्मक व्यङ्ग्य प्रस्तुत गर्ने र स्वतन्त्रता तथा सुधारका स्वरूपहरू दिने यावत् क्षेत्रमा यस युगका निबन्धहरू सफल भएका छन् ।

### ३.५.३ तेस्रो चरण (२०२० देखि हालसम्म)

आधुनिक नेपाली निबन्धको तेस्रो चरणको प्रारम्भ वि.सं.२०२० सालको **रूपरेखा** पत्रिकामा प्रकाशित शङ्कर लामिछानेको 'सम्झनाको लयमा विलीन हुँदै' भन्ने निबन्धबाट भएको हो । यिनका **एब्स्ट्रयाक चिन्तन प्याज** (२०२४) र **गोष्ठली संसार** (२०२८) गरी दुई निबन्ध सङ्ग्रह प्रकाशित छन् । पाश्चात्य साहित्यको नवीन चिन्तन र वादहरूसँग परिचित लामिछाने मूलत : आत्मपरक निबन्धकार हुन् । उनका निबन्धमा चिन्तन र भावको समन्विति पाइन्छ । भावकै केन्द्रीयतामा विचार, तर्क र चिन्तनलाई प्रस्तुत गर्ने निबन्धकार लामिछानेका निबन्धमा लयात्मक, चित्रात्मक, काव्यात्मक भाषाको प्रयोग पाइन्छ । उनी रचनागत शिल्पमा प्रयोगवादी मान्यता स्थापना गर्ने काममा प्रयत्नरत देखिन्छन् (सुवेदी, २०४९ : ११८) । प्रयोगवादी शैलीको उत्कर्ष तर्कहरूको विषेशता र भावुकताको

छिपछिपेपन निबन्धकार लामिछानेको विशिष्टता हो । अमूर्त लेखन र चेतन प्रवाह पद्धति उनका शैली शिल्पगत विशेषता हुन् । यस चरणका अन्य निबन्धकारहरूमा कृष्णचन्द्र सिंह प्रधान, बालकृष्ण पोखेल, तारानाथ शर्मा, भैरव अर्याल आदि चर्चित देखिन्छन् (शर्मा, २०६३ : ४२) ।

कृष्णचन्द्र सिंह प्रधानको **शालिक** (२०२६), **अनाम सत्य** (२०४३), **पाइला आगमन टेकेर** (२०४७) आदि निबन्ध सङ्ग्रहका अतिरिक्त थप्रै फुटकर निबन्धहरू पनि प्रकाशित छन् । यिनका निबन्धमा समको वस्तुवादिता, देवकोटाको भावमूलक कवितात्मकता र शङ्कर लामिछानेको प्रयोगशीलता समेतको त्रिकोणात्मक समन्वय रहेको छ (सुवेदी, २०४९ : ११५)

यस्तै बालकृष्ण पोखेलको **उकुसमुकुस** (२०२९), **कलेज स्तरका निबन्धै निबन्ध** ( २०२७), तेस्रो **एकमुखे रुद्राक्षको खोजी** (२०४०), जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । यिनी जुनसुकै विषयवस्तुलाई विचार र भावले रङ्गाएर सरल र भाषशैलीमा प्रस्तुत गर्दछन् । संस्मरणात्मक र निजात्मक शिल्पले कतै आख्यानात्मकता र कतै अमूर्तता कतै वस्तुपरकता जस्ता सुन्दर, नमुनाहरू यिनका निबन्धमा पाउन सकिन्छ (सुवेदी, २०४९ : ११८) । दोस्रो चरणमै **नमस्ते** निबन्ध सङ्ग्रह लिएर देखा परेका तारानाथ शर्माका यस चरणमा **जमर्काहरू** (२०२५) र **जीवनका छाल** (२०३०) निबन्ध सङ्ग्रह देखिएका छन् भने **बेलायततिर बरालिँदा** (२०२६) र **पातल प्रवास** (२०४०) उनका नियात्रा सङ्ग्रह हुन् । शर्माका निबन्धमा जीवनका गहन भाव पक्षलाई केलाउनाको साथै सामाजिक बेमेलमाथि तीतो प्रहार गरिएको पाइन्छ । ध्वन्यात्मक अर्थबाट व्यङ्ग्याबाट अभिव्यक्ति प्रकट गर्ने आधिकारिक व्यक्तित्व शर्माका निबन्धमा भाषामा स्पष्ट अभिव्यक्ति, शुद्ध नेपाली शब्दावली र वाक्यहरूको मर्यादित प्रयोग आनि सरल कथन शैलीको प्रयोग पाइन्छ (सुवेदी, २०४९ : ११९) । यस चरणमा हास्य व्यङ्ग्यात्मक निबन्ध लेखनलाई उच्चतामा पुर्‍याउने काम भैरव अर्यालले गरेका छन् । उनका **काउकुती** (२०१९), **जयभुँडी** (२०२२), **गलबन्दी** (२०२६), **इतिश्री** (२०२८), **दशऔतार** (२०२३) जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । नेपाली जीवन शैलीका सेरोफेरोमा जे जस्ता विषय परिस्थिति र विसङ्गत अवस्थितिको स्थिति छ त्यसले आफ्नो जीवनमा पारेका पर्याप्त प्रभावलाई सङ्गति र विसङ्गतिका चापबाट कोट्याउने, ताछ्ने र दुराचार, परिस्थितिलाई प्रतिस्थापन गर्ने प्रयास उनका निबन्धात्मक रचनामा पाइन्छ (सुवेदी, २०४९ : १५७) । हास्य व्यङ्ग्यात्मक प्रवृत्तिलाई यस

चरणमा श्याम गोतामे, रामकुमार पाँडे, घटोत्कच शर्मा, मोहनराज शर्मा आदिले अगाडि बढाएको पाइन्छ (श्रेष्ठ र शर्मा, २०५९ : १२९) । श्याम गोतामेको **मपाइँ** (२०२६), **जदौ** ( २०२६), **कायेन वाचा** (२०३५) आदि, रामकुमार पाण्डेको **ख्यालख्याल** (२०२३), **सन्चै छ ?** ( २०२९), **खप्पर** (२०३०), **बाबुको बिहे** (२०३०), **ब्राह्मण** (२०३०), **सिंह न पुच्छर** (२०३६), **रसरङ्** (२०३६) आदि निबन्ध सङ्ग्रह प्रकाशित छन् । त्यस्तै घटोकच शर्माको **दमाह** ( २०२४), मोहनराज शर्माको **इन्टरभ्यु स्पेसलिष्ट मिस्टर झप्पु सिंह डबल एम. ए.** (२०२८), **पुच्छरको पातो** (२०४०), निबन्ध सङ्ग्रहका साथै श्रीधर खनालको '**नमरी स्वर्ग देखिन्न**' ( २०२०) आदिको भूमिका उल्लेख्य रहेको छ ।

यसै चरणमा **उखान मिलेन** (२०३७) निबन्ध सङ्ग्रहका साथ कमल दीक्षित देखा पर्छन् । नेपाली साहित्यका पुराना ऐतिहासिक तथ्यहरूलाई खोजमेल गरी सरल ढङ्गले पस्तुत गरिएका उनका कृतिहरूमा निबन्धात्मक र प्रबन्धात्मक विशेषता पाइन्छन् । रामकृष्ण शर्माका रमालोचनात्मक निबन्धहरूबाट निबन्ध शोध र समीक्षा क्षेत्रमा सक्रिय देखिन्छन् । शर्माको **सप्त शारदीप** (२०२४), **दशा गोर्खा** (२०२६), **टेबुल गफ : नौ बैठक** ( २०२८), **अष्टावक्र** (२०३५), **एक बिसउनी** (२०२८) निबन्धात्मक तथा प्रबन्धात्मक कृति प्रकाशित छन् । रामकृष्ण शर्मा मूलत : समालोचक हुन् । त्यसैले यिनका निबन्धमा समालोचनाको छाप परेको छ (शर्मा, २०६३ : ४२) ।

आधुनिक नेपाली निबन्धलाई अघि बढाउने अन्य निबन्धकारहरूमा नगेन्द्र शर्मा, गणेशबहादुर प्रसाइँ, रामलाल अधिकारी, बासुदेव त्रिपाठी, राममणि रिसाल, कुमारबहादुर जोशी, मोहन सिटौला, अभि सुवेदी, वासु रिमाल यात्री, हंसपुरे सुवेदी, बसन्तकुमार शर्मा, कुलप्रसाद खनाल, विमल निभा राजव, राजेन्द्र सुवेदी, बानिरा गिरी, जनार्दन आचार्य आदिलाई लिन सकिन्छ (श्रेष्ठ र शर्मा, २०५९ : १२९) ।

यस चरणमा स्रष्टाहरूको अभिव्यक्तिमा वृद्धि-नवप्रयोग, विशिष्टीकरणको प्रदर्शन भएको छ भने साझा निबन्ध सङ्ग्रहमा यस युगका विशिष्ट स्रष्टाहरूलाई उपस्थित गरिएको छ । आनन्द देव भट्ट, रमेश विकल, राजेश्वर देवकोटा, उत्तम कुँवर, हर्क गुरुङ, स्वयम्भूलाल आदिले यस युगमा विविध विषय र प्रयोगशीलतामा अग्रगति दिएका छन् साथै वैयक्तिक रूपमा पनि उत्कृष्ट प्रबर्द्धन यस चरणको उपलब्धि मानिन्छ । त्यसैले यो काल विविधतायुक्त चरण हो । आधुनिक नेपाली निबन्धको तृतीय चरण अभ्यास, प्रयोग र सुदृढीकरणको समय

हो (शर्मा, २०६३ : ४२) । यसै चरणमा नयाँ प्रतिभाका रूपमा नवीन विभास 'रात पनि ऐठन परेको रातमा' (२०६०) निबन्ध सङ्ग्रह लिएर उदाएका छन् । यस चरणमा निबन्ध लेखनमा विषय र प्रस्तुतिगत विविधता पाइन्छ । तार्किकता, बौद्धिकता, अनुसन्धानमूलकताका साथै प्रयोगधर्मिता, अमूर्तता र शैली शिल्पगत नवीनता यस चरणका निबन्धको विशेषताका रूपमा देखा पर्दछन् । यिनै ऐतिहासिक तथ्य र विषयगत विविधता प्रवृत्तिगत भिन्नता, शैलीगत नव नव प्रयोग अनि वैचारिक विशिष्टता विचलनका साथै परिमार्जन हुँदै नेपाली निबन्ध अद्यावधिक एउटा विशेष बटवृक्षको रूपमा झ्याङ्गिएको आजको युगको विशिष्ट बौद्धिक तथा भावात्मक विधाका रूपमा देखा पर्दछ ।

### ३.५.४ नेपाली निबन्धको समकालीन स्थिति

समकालीन शब्द संस्कृत भाषाबाट आएको तत्सम शब्द हो । समकालीन शब्दको अर्थ आजको वा अहिलेको वर्तमान भनेर बुझ्न सकिन्छ । कालीन वा सामयिक हुने स्तिति , कुनै विषयवस्तु रचना आदि समकालीन हुनाको भाव समकालीनता हो भन्ने बुझ्न सकिन्छ । समकालीनतालाई चालू वर्तमानका रूपमा पनि बुझाउने गरीन्छ । यसको विशिष्ट अर्थ आजको वा अहिलेको वर्तमान भनेर बुझ्न सकिन्छ । वर्तमानका धेरै समय खण्डहरूमध्ये समकालीनलाई पछिल्लो समय खण्डका रूपमा चिनाइन्छ । वास्तवमा समकालीन भनेको पछिल्लो वर्तमानतिर गतिशील भइरहेको समय हो (गौतम, २०६६ : ७४) । कालनाम शब्दमा 'सम' विशेषण शब्द गाँसिएर फेरि त्यसमा 'ईन' प्रत्य थपिएपछि समकालीन भन्ने विशेषणबोधक शब्दको निर्माण भएको हो (गौतम, २०६६ : ६५) । नेपाली साहित्यको वर्तमानको युग समग्रतामा समसामयिक युगका रूपमा चिनिन्छ र निबन्ध लेखनका दृष्टिले पनि यो समसामयिक युगकै रूपमा परिचित छ । साहित्यका हरेक पुरानो युगको अवसानले युग जन्माउँछ र साहित्येतिहास यही पुरानो र नयाँको इतिहासका रूपमा देखिन्छ । नेपाली निबन्धमा पनि यही कुरा लागू हुन्छ (भट्टराई, २०५५ : १२०) । समकालीन शब्दको अर्थले वर्तमानलाई बुझाउने भएकाले समकालीन स्थितिले कुनै पनि रचनालाई विकसित र युग सापेक्ष बनाइराखेको हुन्छ । त्यसैले समकालीन निबन्ध भन्नाले पछिल्लो समयको निबन्ध भन्ने बुझाउछ । प्राय सबैजसो विधाको प्रारम्भ एकैपटक भएको देखिँदैन ।

लक्ष्मीप्रसाद देवकोटाले आरम्भ गरेको निबन्धमा आत्मपरकता र वैचारिकता अनि भावात्मकता समेत एकै साथ प्रस्तुत गरेका कारणले निबन्धहरू आत्मपरक हुँदाहुँदै पनि

न्यून वैचारिक र निवस्तुतात्मक पनि हुन पुगिरहेको देखिन्छन् । निजात्मकतामा अमूर्त वस्तु, अमूर्त पात्र, अमूर्त आख्यान, अमूर्त परिवेश, अमूर्त कथात्मकता, अमूर्त नाटकीयता समेत समावेश भएर निबन्धमा प्रस्तुत हुन थालेका छन् (सवेदी, २०६४ : २६५) ।

त्यसैगरी नवीन विभास, राममणि रिसाल, वानिरा गिरी र बल्लभमणि दाहाल, रुद्र खरेल पनि समकालीन नेपाली निबन्धका सशक्त प्रतिभा हुन् । विभासमा शैलीगत विविधता, रिसाालमा शैलीगत निजीपन, दाहालमा आख्यानात्मकता र प्रतिकात्मकता र खरेलमा चिन्तन र समाजवादी यथार्थका साथै सम्पूर्णमा भाषिक कोमलता र आत्मपरकताको छनक पाइन्छ । त्यसैगरी समकालीन नेपाली निबन्धमा अन्य प्रतिभामा नरेन्द्रराज पौडेल, जगदीश घिमिरे, ईश्वर बल्लभ जस्ता प्रतिभाहरू देखा परेका छन् । यहीँ क्रममा पारिजात प्रगतीवादी चिन्तन लिएर देखा परिन् ।

२०३० को दशकमा हास्यव्यङ्ग्य नेपाली निबन्धले पनि फस्टाउने मौका पायो ( भट्टराई, २०५५ : १२१) ।

मोहनराज शर्मा, विमल निभा, राजकुमार पाण्डे जस्ता प्रतिभाहरू हास्यव्यङ्ग्य नेपाली निबन्धका क्षेत्रमा देखिए । त्यसैगरी निजात्मकतालाई नियात्राका माध्यमबाट सफल प्रयोग गर्ने तारानाथ शर्मा पनि कवितात्मक र कलात्मक शैलीका साथ निबन्धको नेतृत्व गर्दै देखा परे । रमेश विकल, मञ्जुल, घनश्याम राजकर्णिकार, यादव खरेल आदिले नियात्राका क्षेत्रमा विशेष योगदान पुऱ्याए । २०४० को दशकपछि निबन्धको क्षेत्रमा विभिन्न नव प्रतिभाहरू देखिँदै गए । माधव पोखरेल, नारायण ढकाल, किशोर नेपाल, सुधा त्रिपाठी, कृष्ण धरावासी, श्री ओम श्रेष्ठ, युवराज नयाँघरे, मनोजबाबु मिश्र, विष्णु प्रभात जस्ता निबन्धकारहरूले यस समयमा योगदान पुऱ्याए । समकालीन नेपाली निबन्धमा काव्यिक निबन्ध लेख्ने स्रष्टाहरूको योगदान पनि उल्लेखनीय मानिन्छ । कृष्णचन्द्रसिंह प्रधान, पारिजात, तारानाथ शर्मा, कृष्ण धरावासी, मोमिला, अभि सुवेदी, रघु घिमिरे, रजनी ढकाल र रामकृष्ण कँडेलका निबन्धहरूले पनि विशेष योगदान पुऱ्याएका छन् (एटम, २०६४ : ११९) ।

मानवीय मूल्यको स्थापनामा जोड दिनु समाजको यथार्थलाई प्रकट गर्नु, पत्रकारिताको टिप्पणीमूलक शैली चिन्तनपरक दृष्टिकोण बौद्धिक विषयवस्तुको प्रस्तुति

सामाजिक विकृति र विसङ्गतिको चित्रण चेतन प्रवाह शैलीको प्रयोग आदि यस अवधिका उल्लेखनीय निबन्धगत विशेषता यस कालका निबन्धमा पाइन्छन् । विधा मिश्रण, विविध विषयको प्रयोग पनि यस निबन्धका विशेषता मान्न सकिन्छ (सुवेदी, २०५४ : २६५) ।

समकालीन शब्दले वर्तमानलाई बुझाउने भएकाले जति समय बित्दै गए उतिनै नयाँ र नवीन शैलीका निबन्धहरूको जन्म भएको पाइन्छ । यस समकालीन नेपाली निबन्धका निबन्धकारहरू विविध विचार र दृष्टिकोणसहित प्रस्तुत भएका छन् । विकृति र विसङ्गतिको विरोध परम्परागत जड् मूल्यमान्यता तथा सामाजिक शोषणको विरोध, प्रगतिवादी दृष्टिकोणको प्रयोग यस कालका निबन्धमा पाइने मौलिक विशेषता हुन् । विविध किसिमका बिम्ब-प्रतीक र अलङ्कारहरूको प्रयोग गर्नु भाषिक विविधताले सजाउनु यस कालको मुख्य विशेषता रहेको छ । समाजका सबै प्रकारका घटनाहरूको जस्ताको तस्तै निबन्धमा उतार्नु पनि यस कालका निबन्धकारहरूको विशेषता रहेको छ ।

## ३.५. निष्कर्ष

राजनीतिक स्वतन्त्रता, जनपक्षीय लेखन, बौद्धिकता र चिन्तनशीलता यस अवधिमा देखिएका निबन्धहरू हुन् । आधुनिक नेपाली निबन्धको थालनी १९९१ को शारदा पत्रिकाबाट भएको मानिन्छ । आाधुनिक नेपाली निबन्धको यस अवधिमा यात्राका शिल्पमा निबन्ध, पत्रक शिल्पमा निबन्ध र निजात्मक अभिव्यक्तिका शिल्पमा निबन्धको रचना गर्ने निबन्धकारहरू यस समयका निधि हुन् । प्रयोग र प्रवृत्तिका दृष्टिले पनि नयाँपन आएको छ । लेखकीय अनुभूतिले फैलिने अवसर प्राप्त हुने यस विधामा लेखक स्वतन्त्ररूपमा बोल्न सक्ने हुनाले पनि लेखकका विचार र दृष्टिकोणका आधारमा विषयवस्तुगत भिन्नता यस अवधिमा प्रशस्त मात्रामा देखिन्छ ।

राष्ट्र राष्ट्रियताप्रति समसामयिक निबन्धकारहरू सचेत देखिन्छन् । राष्ट्रियता, मानव अधिकार, नारी अस्मिता, मानवीय मूल्य, राजनीतिक खिचातानी, आर्थिक असमानता, सामाजिक शोषण, विश्वमा विभिन्न नाममा भएका लडाइँहरू, अपराध, नरसंहार, विकृति, भ्रष्टाचारजस्ता विविध विषयलाई पनि निबन्धमा समेटिएको हुन्छ ।

शैली, शिल्प, संरचना र भाषागत विविधता समकालीन निबन्धमा पाइन्छ । बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग यस चरणका निबन्धमा पनि देख्न सकिन्छ भने परम्परित

बिम्बका सट्टा नवीन सामाजिक प्राकृतिक बिम्बहरूको प्रयोग गर्दै लघु र विस्तृत दुवै आकारका निबन्ध यस समयमा लेखिएका छन् । भाषामा कवितात्मकता, रागात्मकता, पाइए पनि देवकोटाका गद्यात्मकताका नजिक पुग्ने निबन्धकार भने थोरै मात्र छन् ।

भागवत सहजता र अनुभूतिको तीव्रतामा भाषागत गहिराइलाई समाप्त पार्न सक्ने, समाजका हरेक विकृति र विसङ्गतिलाई खोतल्न सक्ने क्षमता समकालीन निबन्धकारहरूद्वारा नेपाली निबन्धको फाँट नवीनतम साहित्यिक प्रयोगका साथ अगाडि बढिरहेको छ ।

# चौथो अध्याय

# ‘रात पनि ऐठन परेको रातमा’ निबन्ध कृतिमा सङ्गृहीत निबन्धहरूको विधातात्त्विक अध्ययन

## ४.१ विषय प्रवेश

निबन्धकार नवीन विभासद्वारा रचित ‘रात पनि ऐठन परेको रातमा (२०६०)’ निबन्ध सङ्ग्रहमा १४ ओटा निबन्धहरू सङ्कलित छन् । विषयवस्तु र शैली निबन्धका दुई प्रधान तत्त्व हुन् । यस शोधमा तिनै दुई तत्त्वका आधारमा निबन्धहरूको विश्लेषण गरिएको छ । प्रस्तुत अध्यायमा उक्त निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूलाई निबन्ध तत्त्वका आधारमा विवेचना गरी अन्त्यमा  सारांश दिइएको छ ।

## ४.२ ‘तन्नेरीलाई प्रेमपत्र’ निबन्धको अध्ययन

### ४.२.१ विषयवस्तु

‘तन्नेरीलाई प्रेमपत्र’ निबन्ध नवीन विभासद्वारा रचित ‘रात पनि ऐठन परेको रातमा’ निबन्ध सङ्ग्रहमा सङ्कलित पहिलो निबन्ध हो । ‘तन्नेरीलाई प्रेमपत्र’ समसामयिक विषयवस्तुमा आधारित विचारप्रधान निबन्ध हो । निबन्धकार विभास समकालीन नयाँ प्रतिभा हुन् । उनी प्रगतिवादी विचारधाराका चम्किला तारा हुन् । त्यसकारण पनि उनका ‘तन्नेरीलाई प्रेमपत्र’ निबन्ध युवाजगत्लाई नयाँ जोस जाँगर थप्ने स्रोत बनेको छ ।  हाम्रा लागि इतिहास हिजोका पुस्ताले बनाए अब भोलिको लागि हामिले इतिहास कोर्नुपर्छ भन्ने भाव निबन्धमा प्रस्तुत छ । हिजो जे थियो त्यसैलाई निरन्तरता दिने होइन केही नयाँ विचारका साथ अगाडि बढौँ भोलिका लागि केही गर्नुपर्छ भन्ने कुरा निबन्धमा प्रस्तुत छ । आज हामी जुन स्थितिमा छौं त्यहीँ अडिक रहेर बस्नु मूर्खता हो । त्यसैले केही गरौं । भोलिका सन्ततिका लागि बाटो पहिल्याउने काम हाम्रो हो भन्ने विचार निबन्धमा प्रकट गरिएको छ ।

“कुनै न कुनै कुरा इतिहासमा थप्नुपर्ने हुन्छ । शिल्पगत होस् या वैचारिक पक्ष समयले हरक्षण इतिहास मागिरहेको हुन्छ (विभास, २०६० : ३) ।” जस्ता भाव व्यक्त गर्दै निबन्धकारले आफ्ना निजी अनुभूतिलाई प्रस्तुत गरेका छन् । यस निबन्धमार्फत निबन्धकारले

अब द्वन्द्वको राजनीति होइन विचारको राजनीति गरेमा मात्र देशले शान्ति र समृद्धि पाउन सक्छ भन्ने दृष्टिकोण प्रकट गरेका छन् । त्यसैले युवाहरू हो आजैबाट जुटौं हामीले नगरे कसले गर्ने ? अहिले नगरे कहिले गर्ने भन्ने भाव व्यक्त गरेका छन् । हिजोको साहित्य हिजोको पुस्ताले लेख्यो, आजको साहित्य आजको पुस्ताले लेखिरहेको छ । भोलिको साहित्य भोलिकै पुस्ताले लेख्नुपर्छ भन्ने विचार यस निबन्धले प्रस्तुत गरेको छ । निबन्धमा एउटा पक्षलाई मात्र नहेरी राजनीति, साहित्य लगायत सम्पूर्ण पक्षलाई समेटिएको छ ।

### ४.२.२ शैली

'तन्नेरीलाई प्रेमपत्र' निबन्ध चौध ओटा अनुच्छेदहरूमा पूर्ण भएको छ । प्रस्तुत निबन्धको संरचनात्मक आयाम दुई पृष्ठको रहेको छ । प्रस्तुत निबन्धको मुख्य भाव अत्याचार र अन्यायका विरुद्ध केही गरौं भन्ने नै हो । यसको पुष्टि निम्न उद्धरणले गर्छ : "ए तन्नेरी हो ! हिडौँ, बाटो त हिँड्नेकै हो । हामी त धेरै हिँड्नु छ केही गर्नु छ । मर्न देखि नडराऔं अत्याचार बढ्दै छ ।" यसमा तत्सम तद्भव तथा आगन्तुक शब्द समेत प्रयुक्त छन् । "ए तन्नेरी हो ! हिँडौ, धारे हात देखेर नरोकिऔँ । हिडौँ बाटो त हिँड्नेकै हो ।" जस्ता भावप्रदान भाषाको प्रयोग गरिएको छ । तन्नेरीलाई प्रेमपत्र निबन्धको शीर्षक नै व्यङ्ग्यात्मक रहेको छ । तृतीय पुरुषको प्रयोग आधारित यस निबन्धमा प्रयोग गरिएको शब्द विषयानुकल, रोचक र अर्थबोधक रहेको छ । निबन्धमा कतै गम्भीर, कतै रोचक र कतै हास्यव्यङ्ग्य बनाउदै शैलीको निर्माण गरिएको छ । भाषाशैली सरल र कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । यस निबन्धमा क्रियापदहीन वाक्य पनि रहेका छन् । उदाहरणका लागि 'हिजोका घर र आजका घरका अनुहार....' जस्ता प्रयोग साक्ष्यका रूपमा लिन सकिन्छ ।

### ४.२.३ उद्देश्य

प्रस्तुत निबन्धमा निबन्धकारले आफ्नो उद्देश्यलाई तन्नेरीको माध्यमबाट पाठकमाझमा पुऱ्याएका छन् । भोलिको उज्यालो देख्नका लागि आज रातसँग मुकाबिला गर्नुपर्छ । त्यसैले तन्नेरीहरू आफ्नो ठाउँबाट जुर्मुराउनुपर्छ, उठ्नुपर्छ । हिजोभन्दा आज फरक छ र आजभन्दा भोलि फरक र समुन्नत समाज बनाउनुपर्छ भन्ने सन्देश यस निबन्धले दिएको छ । तन्नेरीहरूमा सामाजिक जागरण र देशभक्तिको ऊर्जा प्रवाह गर्नु यस निबन्धको उद्देश्य हो ।

## ४.३ 'सपना भत्कने रात' निबन्धको अध्ययन

### ४.३.१ विषयवस्तु

प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित दोस्रो निबन्ध हो । यसको शीर्षक प्रतीकात्मक छ । प्रस्तुत निबन्ध समसामयिक विषयवस्तुमा आधारित मानवतावादी विस्तार भएको निबन्ध हो । प्रस्तुत निबन्धले वर्तमान समयमा युवाहरूले आफ्नो सपना कागजी सर्टिफिकेटमा चित्त बभ्फाउनु पर्ने र बुझाइरहेको अवस्थालाई प्रस्तुत गरेको छ । निबन्धमा निबन्धकारले बैगुनी मायालुको उदाहरण दिई जसरी बैगुनी मायालुले माया मार्छन् त्यसरी नै तन्नेरीहरूले आफ्नो सपना बिस्तारै बिँर्सदै जानुपर्ने बाध्यता र निराशामा जिन्दगी गुजार्नु पर्ने वास्तविकतालाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । निबन्धकार विभास समाजका विकृति विसङ्गतिलाई जस्ताको तस्तै उतार्न सक्ने खुबी भएका युवा निबन्धकार हुन् । उनका निबन्धहरू प्राय राजनीतिक कारणले घटेको घटना र त्यसले सर्वसाधारणलाई पारेको असरलाई मुख्य विषयवस्तु बनाइएको पाइन्छ । यस निबन्धमा पनि द्वन्द्वको कारण दिनानुदिन विद्यालय, विश्वविद्यालय बन्द हुँदै गैरहेको र विद्यार्थीहरूको भविष्य अन्धकारमा होमिँदै गैरहेको अवस्थालाई प्रस्तुत गरेको छ ।  सङ्कटकालले गर्दा विद्यालयमा पढाइ कमजोर बन्दै गैरहेको र पढाइ भएपनि त्यसबाट प्राप्त ज्ञानले सपना पूरा नहुने कुरा निबन्धमा उल्लेख गरिएको छ । निबन्धमा विद्यार्थीहरूको मात्र नभई विश्वविद्यालयमा अध्यापन गर्ने प्राध्यापकहरूको जीवन समेत चकको धुलो जसरी उड्दै गैरहेको वास्तविकतालाई निबन्धमा जस्ताको तस्तै उतारिएको छ । विद्यार्थी विश्वविद्यालयबाट सपना होइन निराशा र अन्योल थपेर फर्कन्छन् भनि निबन्धमा उल्लेख गरिएको छ । निबन्धकारले निबन्धमार्फत प्रगतिवादी चिन्तन प्रस्तुत गरेका छन् । राजधानीमा मानिसहरू आफ्नो सपना खोज्न घाँस नखाने घोडा जसरी मेसिनको रफ्तारमा दौडिरहेका छन् तर मात्र विश्वविद्यालयको सर्टिफिकेटको लागि हो भन्ने कुरा निबन्धमा प्रस्तुत गरिएको छ । दिनानुदिन सर्टिफिकेट लिएर हजारौं बेरोजगारी विश्वविद्यालयबाट बाहिरिँदै गैरहेको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । प्रस्तुत निबन्धमा द्वन्द्वको कारण शिक्षाक्षेत्रमा परेको असरलाई विषयवस्तुको रूपमा उठान गरिएको छ ।

### ४.३.२ शैली

निबन्धकारले आत्मपरक शैलीमा आफ्नो वास्तविक जीवनमा घटेको घटनाको स्मरण गर्दै निबन्धलाई अगाडि बढाएका छन् । यो निबन्धको आकृति दुई पृष्ठको र चौध अनुच्छेदमा संरचित छ । चौध अनुच्छेदमा निर्मित यस निबन्धको गठन सरल किसिमको छोटा छोटा वाक्यहरूका अन्वितिद्वारा भएको छ । संस्कृत स्रोतबाट लिइएका तत्सम शब्द पनि प्रचलित किसिमका रहेकोले न्यून प्रयुक्तियुक्त भाषाको प्रयोग यस निबन्धमा भएको छ । प्रगतिवादी निबन्धकारको निबन्ध भएकाले पनि भाषामा प्रयोग गर्ने शैलीभन्दा विचार प्रस्तुतीकरणलाई नै महत्त्व दिएकाले सरल, सहज र स्वाभाविक किसिमको भाषिक प्रयोग यस निबन्धमा भएको छ । यस निबन्धमा प्रयोग गरिएका शब्द, वाक्य, अनुच्छेदहरूको बुनोट उपयुक्त कार्य कारण शृङ्खलामा उनिएको छ । प्रस्तुत निबन्ध प्रथम पुरुषप्रधान आन्तरिक दृष्टिबिन्दुमा आधारित निबन्ध हो । 'राजधानीमा कहिले फुल्छ रङ्गीन सपना ?' जस्ता आत्मपरक विचारलाई वर्णनात्मक शैलीका माध्यमबाट प्रस्तुत गरिएको छ ।

### ४.३.३ उद्देश्य

प्रस्तुत निबन्धको मुख्य उद्देश्य विश्वविद्यालयको किताबी किरा मात्र बन्ने होइन जिन्दगीको शब्दकोश पनि हेर्नुपर्छ भन्ने हो । त्यसैले सबै नागरिक बेलैमा सचेत हुनु पर्नेतर्फ निबन्धले सजग गराउन खोजेको छ । शैक्षिक जागरण पैदा गरी विद्यार्थी वर्गलाई व्यावहारिक ज्ञानतर्फ आकर्षित गर्ने उद्देश्यले यो निबन्ध रचिएको हो ।

## ४.४ 'सुत्ने समय' निबन्धको अध्ययन

### ४.४.१ विषयवस्तु

'सुत्ने समय' निबन्ध राजनीतिक विषयवस्तुमा आधारित निबन्ध हो । प्रस्तुत निबन्ध निबन्धकारको वास्तविक जीवनका भोगाइहरूको अनुभूतिमा आधारित रहेको छ । दश वर्से जनयुद्धको समयमा निबन्धकार आफैँले र आम मानिसले भेल्नुपरेको समस्यामा यो निबन्ध केन्द्रित छ । आतङ्ककारीको नाउँमा सर्वसाधारणमा भिराउने तक्मामा समेत अत्याचारको बिउ रहेको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । जतातत‍ै आतङ्कै आतङ्क फैलिएकाले गर्दा सरकार पक्षबाट कर्फ्यु आदेश जारी गरेको कुरा उल्लेख छ । कर्फ्युका

कारण अनायासै त्रसित बन्नुपरेको र सामान्य समस्या समाधान गर्न पनि कठिनाइ परेको अवस्थालाई निबन्धकारले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । आफ्ना हजारौं सपना तोडिएको, भत्किएको र खोसिएको पीडालाई सम्झिएर भक्कानिएको कुरा निबन्धमा उल्लेख छ । तत्कालीन समयको जर्जर अवस्थालाई सम्झिदा र रोएर मन हल्का पार्दा झरीपछि घाम लागेको दिनजस्तो भएको कुरा निबन्धमा प्रस्तुत गरिएको छ । शोक, भोक र रोगले आक्रान्त अवस्थामा नेपालीको यस्तो हबिगत देखेर समवेदना प्रकट गर्न तसलिमा नसरिनको उपस्थित अर्थपूर्ण भएको कुरा निबन्धमा उल्लेख गरिएको छ ।  प्रत्येक नागरिक सुतेका छन् तर निदाएका छैनन् । निदाएझैं गरी सुतेका छन् तर उठेका छैनन् । तातो चिसो अनुभव गरेका छन् तर प्रतिक्रिया जनाएका छैनन् त्यसैले कसैको सहनशीलताको फाइदा उठाउनु उचित होइन भन्ने कुरा निबन्धमा प्रस्तुत गरिएको छ ।

### ४.४.२ शैली

प्रस्तुत निबन्ध नवीन विभासद्धारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित तेस्रो निबन्ध हो । प्रस्तुत निबन्ध आत्मसंस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । यो निबन्धको आकृति दुई पृष्ठको र दश अनुच्छेदमा संरचित छ । प्रस्तुत निबन्ध लघु आकारको रहेको छ । यसमा छोटाछोटा शब्दहरू रहेका छन् । तत्सम र आगन्तुक स्रोतबाट आएका शब्दहरूको प्रयोगले यो निबन्ध रङ्गिएको छ । आकर्षक र छोटा एवम् सरल र संयुक्त वाक्यहरूको गठनद्वारा निर्मित प्रस्तुत निबन्धको भाषाशैलीले निबन्धात्मक सौन्दर्यलाई बढाएको  छ । संस्कृत स्रोतबाट लिइएका तत्सम शब्द पनि प्रचलित किसिमका रहेकोले न्यून प्रयुक्तियुक्त भाषाको प्रयोग यस निबन्धमा भएको छ । प्रगतिवादी निबन्धकारको निबन्ध भएकाले पनि भाषामा प्रयोग गर्ने शैलीभन्दा विचार प्रस्तुतीकरणलाई नै महत्त्व दिएकोले सरल, सहज र स्वाभाविक किसिमको भाषिक प्रयोग यस निबन्धमा भएको छ । यस निबन्धमा प्रयोग गरिएका शब्द, वाक्य, अनुच्छेदहरूको बुनोट उपयुक्त कार्य कारण शृङ्खलामा उनिएको छ । प्रस्तुत निबन्ध प्रथम पुरुषप्रदान आन्तरिक दृष्टिबिन्दुमा आधारित निबन्ध हो ।

### ४.४.३ उद्देश्य

प्रस्तुत निबन्धको उद्देश्य आफुमाथि भएको अन्याय र अत्याचारको विरुद्ध लड्नुपर्छ भन्ने क्रान्तिचेत फैलाउनु हो । आफूमाथि कसैले सहनशीलताको फाइदा उँठाउछ भने त्यसको प्रतिक्रिया दिनुपर्छ । सहिरहनु हुँदैन भन्ने सन्देश यस निबन्धले प्रस्तुत गरेको छ ।

## ४.५ 'सङ्कटकालको तराजुमा जोख्दाजोख्दै' निबन्धको अध्ययन

### ४.५.१ विषयवस्तु

प्रस्तुत निबन्धले समसामयिक विषयवस्तुलाई उठान गरेको छ । देशमा भएको दश बर्से जनयुद्ध नै निबन्धको मुख्य विषय बनेको छ । समाजमा बढ्दै गएको आतङ्कले समाजलाई अन्धकारतर्फ धकेल्दै गरेको अवस्थालाई यस निबन्धले उजागर गरेको छ । समाजमा विकृति विसङ्गति बढ्दै गैरहेको छ । दिनदिनै कहाँ कति मारिए भनी कान थाप्नु र आफै जानु पनि के बेर भनेर दोमनदोमनमा हुनु नै दिनचर्या भएको तत्कालीन समयको अवस्थालाई निबन्धकारले प्रस्तुत गरेका छन् । तत्कालीन समयमा सर्वसाधारणले मृत्युको तक्मा भिर्दा पनि समाचारमा वाचन नहुनु र त्यसको सही डाटा समेत तयार नहुनु सरकार पक्षको कमजोरी भएको कुरा निबन्धमा उल्लेख छ । त्यो सङ्कटकालीन समयमा पत्रिका जति गोरखापत्रका फोटोकपी भएको, रेडियो जति रेडियो नेपाल भएको भने टेलिभिजन जति नेपाल टेलिभिजन भएको कुरा निबन्धमा उल्लेख छ । भय र सन्त्रासको कुहिरोमा उकुसमुकुस भए पनि कहिलेकाहीँ चियागफको समयमा आन्दोलनको बारेमा कुरा भएको उल्लेख छ । सङ्कटकाले सन्त्रासको कारण सम्पूर्ण मानिसहरू बाहिर भित्र गर्न पनि डराएको र खेतको गरा जसरी मन चर्चरी फाटेको कुरा निबन्धमा प्रस्तुत छ । यो निबन्ध चिया गफ र चिया पसलमा रहँदा भएको घटनाको सेरोफेरोमा आधारित छ । हेर्दा सामान्य चियागफ भए पनि ऐतिहासिक चुनौतीलाई प्रस्तुत गरेको छ । सङ्कटकालको समयमा प्रियजनसँगको विछोडमा एकतुर्का आँसु पनि चुहाउन नपाएका असजिला आँखा, सन्चो बिसन्चो सोध्न नपाएका अप्ठेरा मन, सपनाको मलाम हिँड्न विवश निरीह मलामी र नयाँ घरको कविता लेखिरहेका इच्छुक लेखकहरूप्रति यो निबन्ध समर्पित छ । 'सङ्कटकाले तराजुमा जोख्दाजोख्दै' शीर्षकमा केन्द्रित रहेर कतै सङ्कटकालको लेख भनेर समातिने त होइन ?

भन्ने डर कतैकतै हुँदाहुदै पनि आक्रोशका साथ जन्मिएको निबन्ध हो भन्ने कुरा अध्ययनबाट स्पष्ट भएको छ । यसैलाई नै निबन्धको विषयवस्तु बनाइएको छ ।

### ४.५.२ शैली

प्रस्तुत निबन्ध आत्मसंस्मरणात्मक शैलीमा संरचित निबन्ध हो । विभिन्न बिम्ब र प्रतीकले सजिएको उक्त निबन्धमा सामाजिक जनजीवनमा प्रचलित सरल बोलचालको भाषाशैली पाइन्छ । 'खेतको गराजसरी चर्चरी फाटेको मन' युद्धकालले निराश पारेको मानसिक स्थितिलाई अभिव्यञ्जित गर्ने बिम्ब हो । प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित चौथो निबन्ध हो । यो निबन्धको आकृति चार पृष्ठको र चौबीस अनुच्छेदमा संरचित रहेको छ । यी अनुच्छेदहरूमा प्रयुक्त वाक्य गठन पनि सरल र संयुक्त वाक्य तथा छोटा वाक्यको वाक्यात्मक संरचनाद्वारा निर्माण भएको छ । तत्सम (आतङ्ककारी पृ २६) र आगन्तुक (रेडियो, टेलिभिजन, फोटोकपी पृ २६) भाषाका स्रोतबाट आएका शब्दहरूको प्रयोग स्वाभाविक देखिन्छ । यस निबन्धको भाषा सरल, सहज, कोमल र हृदयस्पर्शी रहेको छ । निबन्धले "सडकमा पुलिस र सेनाको भ्यान घरी तल घरी माथि गरेको आवाज चर्कन थाल्छ ।" जस्ता वाक्य मार्फत तत्कालीन समयमा भएको आतङ्कको सम्झना गराएको छ । सङ्कटकालीन समयमा भएको घटनालाई निबन्धकारले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

### ४.५.३ उद्देश्य

प्रस्तुत निबन्धमा निबन्धकारले तत्कालीन समयको आक्रान्त स्थीति र अहिलेको समयसँग तुलना गर्दै पाठकवर्गलाई स्मरण गराएका छन् । यस निबन्धको मूल उद्देश्य भनेको प्रजातन्त्रलाई नासिन नदिनु हो । वीर योद्धाहरूको रगत र पसिनाले कमाएको प्रजातन्त्रको सम्मान गर्नुपर्छ र यसलाई जोगाउनुपर्छ भन्ने नै यस निबन्धको मूल उद्देश्य रहेको छ ।

## ४.६. 'तिनाउमा स्वयम्वर हाङ' निबन्धको अध्ययन

### ४.६.१ विषयवस्तु

प्रस्तुत निबन्ध सामाजिक विषयवस्तुमा आधारित निबन्ध हो । यस निबन्धमा 'स्वयम्वर' भन्ने शब्द नै खुब सुनौलो र प्यारो छ। यस निबन्धमा स्वयम्वर हाङ् भनेर एउटा व्यक्तिको संज्ञा दिएको छ । एउटा पत्रकार एवम् कवि गिरी श्रीस मगरप्रति केन्द्रित भई प्रस्तुत गरिएको छ । जसरी तिनाउमा हीरा खोजेभैँ ढुङ्गा खोजिरहेकी अबोध बालिकाको अनुहार उतार्दै या तिनाउको भेलमा डुब्दै उत्रँदै फेरि उही पानी रङमा बगिरहेको हुन्छे त्यसरी नै कलाकार स्वयम्वर हाङ बगिरहेको कल्पना यस निबन्धमा प्रस्तुत छ। बर्खा होस या हिउँद जुनसुकै याममा पनि तिनाउमा बग्ने खोला र जिन्दगीको बिचमा केही फरक नभएको र स्वयम्वर हाङका रहर र खुसी तिनाउमा एकनास बग्दै गरेको घटना प्रस्तुत छ। तिनाउ किनारमा थुप्रै किनारहरू भएको र साँझ खाए बिहान के खाने, बिहान खाए साँझ के खाने पिरलोमै अल्झेको अवस्थामा खानाको भन्दा गोलीको सन्त्रास बढेको कुरा उल्लेख गरिएको छ । प्रस्तुत निबन्धमा चुनाबका प्रसङ्गलाई पनि अगाडि ल्याएको छ । चुनाबसँगै सबै बिजुली बत्तीका पोलहरू, धारा र लालपुर्जाहरू पुरानिएको कुरा प्रसङ्गमा आएको छ। चुनाबका बेलामा सर्वसाधारणलाई दिएको फोस्रा आश्वासन र लोकाचार प्रत्येक बिहान भालेको डाकोसँगै निस्कँदा र जुनसँगै पस्दा बिलाउने कुरा निबन्धको विषयवस्तु बनेको छ।

### ४.६.२ शैली

प्रस्तुत निबन्धको भाषा शैली सरल र सरस रहेको छ। विभिन्न अलङ्कारले सज्जित उक्त निबन्ध आत्मपरक शैलीमा प्रस्तुत गरिएको छ । प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित पाँचौ निबन्ध हो। नवीन विभास प्रतिभाका धनी व्यक्ति हुन् । प्रस्तुत निबन्धको आकृति तीन पृष्ठको र सोह्र अनुच्छेदमा संरचित छ । संरचनाका दृष्टिले ससाना अनुच्छेदहरू यस निबन्धमा रहेकाले प्रस्तुत निबन्ध आकर्षक देखिएको छ। यस निबन्धमा पनि अन्य निबन्धमा भैँ छोटा छोटा वाक्यहरूको प्रयोग भएको छ। सरल संयुक्त वाक्यहरूकै आधिक्य यस निबन्धमा रहेको छ। वर्णनात्मक शैलीका माध्यमबाट निबन्धकारले आफ्ना निजी विचारलाई प्रस्तुत गरेका छन् । विभिन्न अलङ्कारको प्रयोगद्वारा अभिव्यक्तिगत स्पष्टता कायम भएको छ। प्रस्तुत निबन्धको

भाषिक शिल्पले निबन्धात्मक सौन्दर्यमा वृद्धि गरेको छ । भाषण, शोक, रक्षार्थ जस्ता संस्कृत स्रोतबाट लिइएका तत्सम शब्द पनि प्रचलित किसिमका रहेकोले न्यून प्रयुक्तियुक्त भाषाको प्रयोग यस निबन्धमा भएको छ । यस निबन्धमा प्रयोग गरिएका शब्द, वाक्य, अनुच्छेदहरूको बुनोट उपयुक्त कार्य कारण शृङ्खलामा उनिएको छ । प्रस्तुत निबन्ध प्रथम पुरुषप्रधान आन्तरिक दृष्टिविन्दुमा आधारित निबन्ध हो ।

### ४.६.३ उद्देश्य

हरेक बिहान चुनाबका बेला प्रलोभनमा पारी बिजुली बत्ती, पानीको धारा र लालपुर्जा पक्का भो भन्ने जब आफ्नो काम खतम हुन्छ अनि जुन सँगै सबैलाई निराश बनाएर छाप्रोमा पठाउने प्रवृत्तिको अन्त्य गर्नुपर्छ भन्ने भनाई यस निबन्धले प्रकट गरिएको छ । राजनीतिक विकृतिले समाजमा पारेको असर प्रकट गर्नु यस निबन्धको उद्देश्य हो ।

## ४.७. 'बिहान पर्खेर साँझमा' निबन्धको अध्ययन

### ४.७.१ विषयवस्तु

प्रस्तुत निबन्ध सामाजिक विषयवस्तुमा आधारित निबन्ध हो । नेपालको मध्य पश्चिमी भेग दाङतिर हालसम्म पनि रहेको कम्लरी प्रथाको विषयलाई विषयवस्तु बनाएको छ । आर्थिक अवस्था कमजोर भएका कारण अर्काको घरमा काम गरी बस्नुपर्ने र काम गर्दा गर्दै पनि पारिश्रमिक दिन कन्जुस्याइँ गर्ने जमदार भनाउँदा घटिया स्वभावका व्यक्ति र नोकर बन्न बाध्य कम्लरीको दैनिकीलाई प्रस्तुत गरेको छ । दिनभरि साहुको घरमा काम गर्नुपर्ने, साँझमा आफ्नो वासस्थान फर्कदा चुलो बाल्न पनि धौ-धौ परेको अवस्था र देशमा भएको द्वन्द्वको कारण दिनानुदिन आफन्त मारिँदै गएको समाचार सुन्नुपर्दाको दुःखद स्थितिलाई निबन्धमा प्रस्तुत गरिएको छ । प्रत्येक वर्ष आउने माघीपर्वको अवसर पारेर नयाँ कम्लरी राख्ने र अर्को माघीपर्व आउने वित्तिकै हटाउने र नयाँ कम्लरी राख्ने प्रथाको बारेमा निबन्धमा प्रस्तुत गरेको छ । जमदार भनाउँदाहरू कम्लरीको पसिना बेचेर खाने र पारिश्रमिक माग्दा उल्टै धम्की दिने यातना दिने गरेको कम्लरीप्रतिको समस्यालाई प्रस्तुत गरेको छ । युवाहरू मात्र नभई भर्खरका बालबालिकाहरू र वृद्धाहरूसमेत कम्लरी बस्नुपरेको वास्तविकता यस निबन्धमा प्रस्तुत गरेको छ । क्रूर जिमदारको फन्दामा परेका कम्लरी

बालबालिकाहरू अब झोलामा किताब बोकेर विद्यालय जाने इच्छाका लहरहरू आँखामा स्पष्ट देखिएको दृश्य निबन्धमा विषयवस्तुका परूमा प्रस्तुत गरिएको छ ।

### ४.७.२ शैली

प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित छैटौं निबन्ध हो । यो निबन्धको आकृति दुई पृष्ठको र एघार अनुच्छेदमा संरचित छ । छोटाछोटा एघार ओटा अनुच्छेदहरूमा सजिएको प्रस्तुत निबन्ध संरचनागत सन्तुलनका दृष्टिले आकर्षक देखिएको छ । अन्य निबन्धहरू झैँ यो निबन्ध पनि सरल र संयुक्त वाक्यहरूको गठनद्वारा संरचित छ । सरल, सहज र प्रभावकारी भाषाका माध्यमबाट प्रस्तुत निबन्धको अभिव्यक्तिगत स्पष्टतामा वृद्धि भएको छ । प्रस्तुत निबन्धमा सामान्य भाषा शैलीको प्रयोग गरिएको छ । गाउँघरमा प्रयोग गरिने सामान्य बोलीचालीको भाषाले निबन्धलाई सुन्दर, सुन्दर  र आकर्षक बनाएको छ । संस्कृत स्रोतबाट लिइएका तत्सम शब्द पनि प्रचलित किसिमका रहेकोले न्यून प्रयुक्तियुक्त भाषाको प्रयोग यस निबन्धमा भएको छ । प्रगतिवादी निबन्धकारको निबन्ध भएकाले पनि भाषामा प्रयोग गर्ने शैलीभन्दा विचार प्रस्तुतीकरणलाई नै महत्त्व दिएकोले सरल, सहज र स्वभाविक किसिमको भाषिक प्रयोग यस निबन्धमा भएको छ । यस निबन्धमा प्रयोग गरिएका शब्द, वाक्य, अनुच्छेदहरूको बुनोट उपयुक्त कार्य कारण शृङ्खलामा उनिएको छ । प्रस्तुत निबन्ध तृतीय पुरुषप्रधान बाह्य दृष्टिबिन्दुमा आधारित निबन्ध हो ।

### ४.७.३ उद्देश्य

यस निबन्धको मुख्य उद्देश्य कम्लरी प्रथाको अन्त्य गर्नु हो । समाजमा भएका अन्य विकृतिहरूको उजागर गरी समतामूलक समाजको निर्माण गर्नु यस निबन्धको उद्देश्य रहेको छ। सामाजमा भइरहेको अत्याचारको विरोध गर्नु यस निबन्धको उद्देश्य र सन्देश रहेको छ।

## ४.८ 'कर्णाली' निबन्धको अध्ययन

### ४.८.१ विषयवस्तु

प्रस्तुत निबन्ध राजनीतिक विषयवस्तुमा आधारित छ । यस निबन्धमा चौध महिने सङ्कटकालको समयमा निबन्धकारले भोग्नु परेका कष्टहरू नै निबन्धको विषय बनेको छ ।

यस निबन्धको परिवेश बर्दिया राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, काठमाडौं आदि स्थान रहेको छ । विभिन्न ठाउँमा घुम्दै जाने क्रममा देखिएका दृश्यहरू र त्यहाँ घटेका घटनाहरू यस निबन्धमा प्रस्तुत गरिएको छ । राष्ट्रिय निकुञ्ज वरपरको भ्रमण पनि भएकोले त्यहाँ देखिएको वन्यजन्तु र वनस्पतिहरूको पनि यस निबन्धमा उल्लेख गरिएको छ । चितवन राष्ट्रिय निकुञ्ज वरपर घुम्दै जाने क्रममा जनावर र चरा कराएको आवाज यसमा प्रस्तुत गरिएको छ । सङ्कटकालको समय त्यसमाथि जनावरहरूको डरलाग्दो आवाजमा आत्तिएका मनहरूका अनुभवहरू यसमा प्रस्तुत गरिएको छ । बर्दिया राष्ट्रिय निकुञ्जका जङ्गल परिसरमा फालिएका कपडा र बिजोडी चप्पलहरू देखेर आत्तिएको अनि त्यहाँका माहुतेसँग गरिएको भलाकुसारी यसमा प्रस्तुत गरिएको छ । देशको सङ्कटकालीन समयमा कर्णालीको छेउछाउमा उत्रिएका हड्डीहरू र पाखा लागेका च्यातिएका कपडाहरू देखेर झन् सशङ्कित बनाएको अवस्थालाई यथार्थ बनाई प्रस्तुत गरिएको छ ।

### ४.८.२ शैली

प्रस्तुत निबन्ध यात्रासंस्मरणात्मक शैलीमा आधारित निबन्ध हो । यस निबन्धको परिवेश पनि द्वन्द्वमा नै आधारित रहेको छ । प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित सातौं निबन्ध हो । यो निबन्धको आकृति तीन पृष्ठको र पन्ध्र अनुच्छेदमा संरचित छ । कुनै साना र कुनै मझौला संरचनागत आयाम भएका अनुच्छेदहरू यस निबन्धमा रहेका छन् । छोटा छोटा वाक्यहरूको प्रयोगले यसको वाक्य गठन सरल बनाएको छ । सरल र संयुक्त वाक्यहरूको वाक्ययोजनाको प्रयोगले यसको वाक्य गठनलाई सरल बनाएको छ । तत्सम (माहुते, आतङ्क पृ ४१) र आगन्तुक (डलर, होटल पृ ४१) स्रोतका शब्दहरूको प्रयोग गरिएको छ । यस निबन्धमा प्रयोग गरिएका शब्द, वाक्य, अनुच्छेदहरूको बुनोट उपयुक्त कार्य कारणशृङ्खलामा प्रस्तुत छ । विर्णनात्मक शैलीका माध्यमबाट निबन्धकारले आफ्ना निजी अनुभूतिलाई प्रकट गरेका छन् । यस निबन्धको शैली आकर्षक रहेको छ ।

### ४.८.३ उद्देश्य

प्रस्तुत निबन्धको उद्देश्य तत्कालीन समयको सङ्कटकालिन स्थितिको स्मरण गराउनु र समाज परिवर्तन गराउने तर्फ केन्द्रित रहेको छ । निबन्धकारले तत्कालीन

सङ्कटकालिन समयको स्मरण गराउँदै व्यङ्ग्यात्मक तरिकाले कर्णालीको आँसु बग्नदिनु राम्रो नभएको कुरा प्रस्तुत गर्दै आफ्ना सन्देश प्रवाह गरेका छन् । कर्णालीबाट फैलीएको विकृति निर्मूल पार्नु यस निबन्धको उद्देश्य रहेको छ ।

## ४.९ 'बन्दुकको आँखा' निबन्धको अध्ययन

### ४.९.१ विषयवस्तु

प्रस्तुत निबन्ध राजनीतिक विषयवस्तुमा आधारित निबन्ध हो । नेपालको पश्चिमी भेगमा रहेको दाङ जिल्लामा अवस्थित क्याम्पसमा विद्यार्थी भातृसङ्गठन बिचको साङ्गठनिक कुराकानी यस निबन्धको विषयवस्तु बनेको छ । नयाँ विद्यार्थीहरूलाई स्वागत कार्यक्रमसमेत नभएको खासखुसबाट निबन्धको थालनी भएको छ । पञ्चायतकाल ढलेको दश वर्ष भैसकेको छ तैपनि प्रजातन्त्रको महसुस गर्न नपाएको र सङ्कटकालीन सन्त्रासमा दिन बिताउनु पर्ने अवस्थाको उल्लेख गरेको छ । प्रजातन्त्र प्रजाको लागि नभई प्रजाले प्रजातन्त्र सुन्न, हेर्न, र पढ्नको लागि मात्र पाइने अनुभूत गर्न र उपभोग गर्न नपाइने कुरा उल्लेख गरिएको छ ।

तत्कालीन सङ्कटकालीन समयमा रडियोले प्रजातन्त्र आएको कुरा फुकेको फुकेकै छ तर जनताले महसुस गर्न नपाएको कुरा निबन्धमा उल्लेख छ । सङ्कटकालीन समयमा सबै त्रासले केही गर्ने साहस नगरेको प्रेस विज्ञप्ति समेत लुकीलुकी बाहिर आएको उल्लेख छ । बालबालिकाको पढ्न पाउने अधिकारसमेत हनन भएको र तेह्र, चौंध वर्षको उमेरमै निराश हुनुपर्ने अवस्थाको बारेमा प्रस्तुत निबन्धमा उल्लेख छ । एकबारको जुनीमा पनि कति लाछी भएर बस्नुपरेको भन्ने हीनतायुक्त कुरा निबन्धमा उल्लेख छ । द्वन्द्वले गर्दा दैनिक जीवनयापनमा असर परेको कुराका बारेमा निबन्धमा टिप्पणी गरिएको छ । विद्यालयमा विद्या आर्जन गर्न जाने विद्यार्थी विद्याको सट्टा राजनीतिका थोत्रा शब्दहरूले भरिएको झोला भिर्नु पर्ने तत्कालीन समयको बाध्यतालाई निबन्धकारले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । किताब बोकेर हिँड्नु पर्ने उमेरमा बन्दुक बोकेर हिँड्नुपरेको र विद्यालयमा खाली राजनैतिक कुराकानी भएको पनि उल्लेख गरिएको छ । जतासुकै राजनीतिले भिजेको समाजमा प्रजातन्त्रको खोल ओडेर हिँडिरहेको मानिसलाई देखेर निबन्धकार व्यङ्ग्य प्रहार गर्न थाल्छन् । यस निबन्धको विषयवस्तु राजनीतिक स्थितिको चित्रणमा केन्द्रित देखिन्छ ।

### ४.९.२ शैली

प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित आठौं निबन्ध हो । यो निबन्धको आकृति तीन पृष्ठको र सत्र अनुच्छेदमा संरचित छ । संरचनाका दृष्टिले ससाना अनुच्छेदहरू यस निबन्धमा रहेकाले प्रस्तुत निबन्ध आकर्षक देखिएको छ । यस निबन्धमा पनि अन्य निबन्धमा भैँ छोटा छोटा वाक्यहरूको प्रयोग भएको छ । सरल संयुक्त वाक्यहरूकै आधिक्य यस निबन्धमा रहेको छ । प्रस्तुत निबन्ध आत्मपरक शैलीमा संरचित निबन्ध हो । वर्णनात्मक शैलीका माध्यमबाट निबन्धकारले आफ्ना निजी विचारलाई प्रस्तुत गरेका छन् । विभिन्न दृष्टान्त, अलङ्कार आदिको प्रयोगद्वारा अभिव्यक्तिगत स्पष्टता कायम भएको छ । गाउँघरमा प्रयोग गरिने सामान्य बोलीचालीको भाषाले निबन्धलाई सुन्दर, सुन्दर र आकर्षक बनाएको छ । संस्कृत स्रोतबाट लिइएका (विज्ञप्ति, भित्तेपत्रिका) जस्ता तत्सम शब्द पनि प्रचलित किसिमका रहेकोले न्यून प्रयुक्तियुक्त भाषाको प्रयोग यस निबन्धमा भएको छ । प्रस्तुत निबन्धको भाषिक शिल्पले निबन्धात्मक सौन्दर्यमा वृद्धि गरेको छ । संरचनाका दृष्टिले ससाना अनुच्छेदहरू यस निबन्धमा रहेकाले प्रस्तुत निबन्ध आकर्षक देखिएको छ । "भित्तातिर फर्केर हेर्छु, फेरी तेहि दिनको सम्झना आउँछ ।" जस्ता सरल संयुक्त वाक्यहरूकै आधिक्य यस निबन्धमा रहेको छ । वर्णनात्मक शैलीका माध्यमबाट निबन्धकारले आफ्ना निजी विचारलाई प्रस्तुत गरेका छन् । विभिन्न अलङ्कारको प्रयोगद्वारा अभिव्यक्तिगत स्पष्टता कायम भएको छ । प्रस्तुत निबन्धको भाषिक शिल्पले निबन्धात्मक सौन्दर्यमा वृद्धि गरेको छ ।

### ४.९.३ उद्देश्य

जनताले प्रजातन्त्रको महसुस गर्न पाउनुपर्छ र बालबालिकाहरूले स्वतन्त्र र शान्तिसँग पढ्न पाउनुपर्छ भन्ने सन्देश प्रदान गर्नु प्रस्तुत निबन्धको उद्देश्य रहेको छ । राजनैतिक दबाबमा बन्द भएका स्कुल, क्याम्पसहरू खुल्नुपर्छ र लुकिलुकी बाहिरिएका प्रेस विज्ञप्तिहरू स्वतन्त्ररूपमा बाहिरल्याउनुपर्छ भन्ने यस निबन्धको मूल सन्देश र उद्देश्य रहेको छ ।

## ४.१० 'बस फेरि गुड्न थाल्छ' निबन्धको अध्ययन

### ४.१०.१ विषयवस्तु

प्रस्तुत निबन्ध राजनीतिक विषयवस्तुमा आधारित निबन्ध हो । सङ्कटकालको समयमा दाङदेखि काठमाडौंसम्मको यात्राको क्रममा भएको घटनाको वृत्तान्त यस निबन्धको मुख्य विषय भएको छ । दाङबाट काठमाडौं आउने क्रममा बसमा शाहीसेनाले बसका सम्पूर्ण यात्रुहरूलाई ओराल्न लगाउँछ । दाङको भालुवाङ्मा यात्रुका झिटीझ्याम्टा र कुम्ला-कुटुरासहित बसबाट ओरालेर अर्जुनखोलातर्फ लैजाँदै र कोही शाहीसेनाको नाइके भनाउँदाहरूले चाहिँ प्रश्नै प्रश्नको वर्षा गराउँछन् । प्रश्न सोध्ने क्रममा मङ्गोल अनुहार भएकालाई चाहिँ तँ माओवादी हो भन्छ र अन्यलाई माओवादीको सिआइडी हो भनेर नामाकरण गर्छ । झोला खोतल्दै झोलामा भएका सबै किताबहरू पढ्छ र अरू किताब कहाँ लुकाइस् ? भन्दै बुट प्रहार गर्न पनि पछि पर्दैन । सबै जनालाई प्रश्न सोध्ने काम सकिएपछि सबैजना अब बाँचियो भगवान् भन्दै भगवान् सम्झन थाल्छन् । अब काठमाडौं कसरी पुगिएला भन्ने भयले गर्दा सम्पूर्ण यात्रीहरू त्रसित छन् । ननिदाए पनि निदाएको स्वाङ पार्नु पर्ने बाध्यता छ । यही विषयलाई निबन्धमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । सङ्कटकाले अन्धकारले ग्रसित यात्रुहरू भयले को कहाँ ओर्लिए पत्तो हुँदैन । बसमा सिटहरू खाली भैरहेको र रेडियोमा गृहमन्त्रीले टाउकाको मूल्य पचास लाख तोकेको भयसहितको यात्राको परिवेश यस निबन्धमा प्रस्तुत छ । यसरी बसको यात्राका क्रममा निबन्धकारको मनमा उब्जेका भावहरू यसमा निबन्धको विषयका रूपमा प्रस्तुत छ ।

### ४.१०.२ शैली

प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित नवौं निबन्ध हो । यो निबन्धको आकृति चार पृष्ठको र चौँतीस अनुच्छेदमा संरचित छ । प्रस्तुत निबन्धले साना र ठुला गरी जम्मा आठ ओटा अनुच्छेदहरूमा पूर्णता प्राप्त गरेको छ । छोटा र मझौला किसिमका वाक्यको सुगठित आयोजनाले यस निबन्धको वाक्य गठनलाई प्रभावकारी तुल्याएको छ । तत्सम (समय, पृ ५०) र आगन्तुक (कन्डक्टर पृ ५६) शब्दको प्रयोगले भाषिक विविधताको सिर्जना गरेको छ । गाउँघरमा प्रयोग गरिने सामान्य बोलीचालीको भाषाले निबन्धलाई सुन्दर, सुन्दर र

आकर्षक बनाएको छ । संस्कृत स्रोतबाट लिइएका (आकर्षित ,यात्रा) जस्ता तत्सम र ( कन्डक्टर) जस्ता आगन्तुक शब्द पनि प्रचलित किसिमका रहेकोले न्यून प्रयुक्तियुक्त भाषाको प्रयोग यस निबन्धमा भएको छ । यस निबन्धको भाषिक शिल्प कलात्मक रहेको छ । प्रस्तुत निबन्ध यात्रासंस्मरणात्मक शैलीमा आधारित निबन्ध हो । यसमा सरल र सरस भाषाको प्रयोगले निबन्ध पठनीय बनेको छ ।

### ४.१०.३ उद्देश्य

प्रस्तुत निबन्धको उद्देश्य तत्कालीन समयको सङ्कटकालिन स्थितिको स्मरण गराउनु र समाजमा फैलिएको शासकीय अत्याचारको चित्रण गर्नु रहेको छ । समाजमा फैलिएको विकृति र विसङ्गतिको अन्त्य गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

## ४.११ 'झल्को झुन्नारामा भुलभुलैया' निबन्धको अध्ययन

### ४.११.१ विषयवस्तु

प्रस्तुत निबन्धको विषयवस्तु दाङको घोराहीबाट झुन्नारा भुलभुलैया सम्मको यात्रासँग सम्बन्धित छ । निबन्धकारले यात्राका सम्पूर्ण घटनाहरू स्मरण गर्दै विषयवस्तुलाई अगाडी बढाएका छन् । घोराहीबाट सुरु भई झुन्नारासम्मको यात्राको क्रममा घटेको घटनाहरू यसका मुख्य विषय हुन् । घुम्दै जाने क्रममा लखनउस्थित छेदीलाल धर्मशालामा पुगेको र भुलभुलैया, सञ्जय गान्धी अस्पताल, चारवाग, हजारीवाग आदि स्थानमा घुमेको सम्झना निबन्धमा प्रस्तुत गरिएको छ । निबन्धमा भुलभुलैया ठाउँको विस्तृत जानकारी गराइएको छ । भुलभुलैया नाम जस्तै त्यहाँको ठाउँ पनि भुलाउने खालको जतातनै प्रवेशद्वार भएको जति घुमे पनि नसकिने डरलाग्दो स्थानको वर्णन गरिएको छ । भ्रमणकै क्रममा गाइडले इमामबाडाको कथा सुनाएको कुरा पनि यसमा प्रस्तुत छ । जनता भोकले मर्दै गरेको र राजाले महल ठड्याउँदै गरेको कुरा गाइडले सुनाउँदा शासक त जहाँको पनि एउटै स्वार्थी र निकमा भएको कुरा निबन्धमा प्रस्तुत छ । गाइडले घुम्दै गरेको दरबारको पनि घटनाहरू क्रमैसँगले सुनाउँछ । गाइडले घटना सुनाउँदै गर्दा दरबारमा गएको मानिस कहिल्यै फर्केर नआउने कुरा सुनाउँछ यो सुनेपछि डरले मुटु कामेको स्मृति निबन्धमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

### ४.११.२ शैली

निबन्धकार विभास नवीन शिल्प र नवीन शैली प्रस्तुत गर्ने निबन्धकार हुन् । प्रस्तुत निबन्ध यात्रासंमरणात्मक शैलीमा आधारित निबन्ध हो । प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित दशौं निबन्ध हो । यो निबन्धको आकृति चार पृष्ठको र बत्तीस अनुच्छेदमा संरचित छ । यस निबन्धमा पनि निबन्धकारले आफ्ना निजानुभूतिलाई आत्मसंस्मरणात्मक र वर्णनात्मक शैलीका माध्यमबाट प्रस्तुत गरेका छन् । अलङ्कारिक वाक्यहरूको प्रयोग पनि यस निबन्धमा भएको छ । यसले गर्दा प्रस्तुत निबन्धको भाव रमणीयतामा वृद्धि भएको छ । अन्य निबन्धमा झैं यस निबन्धमा पनि क्रियाहीन वाक्य र काव्यात्मक भाषाले निबन्धात्मक सौन्दर्यमा वृद्धि गरेको छ । गाउँघरमा प्रयोग गरिने सामान्य बोलीचालीको भाषाले निबन्धलाई सुन्दर, सुन्दर  र आकर्षक बनाएको छ । संस्कृत स्रोतबाट लिइएका (शिव, धर्मशाला) जस्ता तत्सम शब्द पनि प्रचलित किसिमका रहेकोले न्यून प्रयुक्तियुक्त भाषाको प्रयोग यस निबन्धमा भएको छ । यस निबन्धमा प्रयोग गरिएका शब्द विषयानुकूल, रोचक र सुन्दर रहेका छ । निबन्धमा कतै रोचक कतै गम्भीर भाषा शैलीमार्फत निबन्धलाई सजिसजाउ गरिएको छ ।

### ४.११.३ उद्देश्य

निबन्धकारले व्यङ्ग्यात्मक तरिकाले आफ्ना अनुभूतिलाई प्रस्तुत गरेका छन् । झुन्नारासम्मको यात्राको क्रममा जति पनि घुमाउरो बाटो पार गर्नु परेको थियो । त्यसरी नै जिन्दगीको यात्रा पनि घुमाउरो किसिमको भएको र त्यसका लागि आम मानिस बेलैमा सचेत भइ सहिमार्ग तर्फ लाग्नुपर्छ भन्ने यस निबन्धको उद्देश्य र सन्देश रहेको छ ।

## ४.१२ 'मलाम जाँदाजाँदै निबन्धको' अध्ययन

### ४.१२.१ विषयवस्तु

प्रस्तुत निबन्ध समसामयिक विषयवस्तुमा आधारित निबन्ध हो । यसमा सङ्कटकालीन अवस्थाको पनि चर्चा गरिएको छ । सङ्कटकालको समयमा विदेसिएका लाहुरेहरूले घरमा चिठी पठाउनको लागि र घर परिवारबाट बिदेसिएका छोराछोरीका लागि चिठी पठाउन समस्या भएको कुरा यस निबन्धको मुख्य विषयको रूपमा आएको छ । त्यस

समयमा खामबन्दी गरिएको चिठीपत्र पठाउन निषेध गरेकाले सबै पत्रहरू सबैले पढ्न मिल्ने गरी खुल्ला आउन थाल्छ । निबन्धकार आफन्तको चिठी ओसारपसार गरी हुलाकी झैँ बनेको हुन्छ । यसै क्रममा चिठी पत्रको कुरा पढ्ने अवसर मिल्छ । त्यसमा नेपालबाट लेखिएको हुन्छ, नेपाल नफर्क छोरा यहाँ कुन बेला मरिन्छ थाहा छैन भनिएको पाइन्छ । त्यसैले जीवित रहनको लागि विदेशमै बस, यस्ता अनेकौँ वेदनाले भरिएको चिठीपत्र पढेको कुरा यसमा प्रस्तुत छ । यसरी कोही आफ्नो ज्यान जोगाउन, कोही बिहान बेलुकीको छाक टार्न पनि नसकेर बिदेश पलायन भएको युवाहरूको कथा र तत्कालीन समयको जर्जराउँदो अवस्था यसमा प्रस्तुत गरिएको छ । आफ्नै जन्मभूमिमा समेत बस्न नसकी बिदेसिएकाहरूको विदेशमा पनि दुःख भोग्नुपरेको अवस्थालाई यस निबन्धमा कलात्मक ढङ्गमा प्रस्तुत गरिएको छ ।

### ४.१२.२ शैली

प्रस्तुत निबन्ध संस्मरणात्मक शैलीमा आधारित छ । निबन्धकारले अतीतका कुरालाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । प्रस्तुत निबन्ध जम्मा चौध ओटा अनुच्छेदहरूमा संरचित छ । प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित एघारौं निबन्ध हो । यो निबन्धको आकृति दुई पृष्ठमा संरचित छ । छोटा छोटा चौध ओटा अनुच्छेदहरूमा सजिएको प्रस्तुत निबन्ध संरचनागत सन्तुलनका दृष्टिले आकर्षक देखिएको छ । अन्य निबन्धहरू झैँ यो निबन्ध पनि सरल र संयुक्त वाक्यहरूको गठनद्वारा संरचित छ । सरल, सहज र प्रभावकारी भाषाका माध्यमबाट प्रस्तुत निबन्धको अभिव्यक्तिगत स्पष्टतामा वृद्धि भएको छ । यस निबन्धमा पनि निबन्धकारले आफ्ना निजानुभूतिलाई वर्णनात्मक शैलीका माध्यमबाट प्रस्तुत गरेका छन् । आलङ्कारिक वाक्यहरूको प्रयोग पनि यस निबन्धमा भएको छ । यसले गर्दा प्रस्तुत निबन्धको भाव रमणीयतामा वृद्धि भएको छ । अन्य निबन्धमा झैँ यस निबन्धमा पनि क्रियाहीन वाक्य र काव्यात्मक भाषाले निबन्धात्मक सौन्दर्यमा वृद्धि गरेको छ ।

### ४.१२.३ उद्देश्य

प्रस्तुत निबन्धको उद्देश्य निबन्धकारले जीवनमा भोगेका घटनाहरू पाठकमाझ प्रस्तुत गर्नु र तत्कालीन सङ्कटकालीन अवस्थाको स्मरण गराउनु रहेको छ । तत्कालीन

समयको राजनैतिक विकृतिलाई उजागर गर्नु यस निबन्धको उद्देश्य रहेको छ । समाजमा भएको थिचोमिचो, अन्याय र अत्याचारको निमूल पार्नु यस निबन्धको उद्देश्य रहेको छ । यस निबन्धले समाजलाई प्रगतिको बाटो तर्फ धकेल्न खोजिएको छ ।

### ४.१३ 'नयाँ बस्ती' निबन्धको अध्ययन

#### ४.१३.१ विषयवस्तु

प्रस्तुत निबन्ध समसामयिक विषयवस्तुमा आधारित निबन्ध हो । कोठामा सुतिरहँदा टिरिङ-टिरिङ बजेको घन्टीको आवाजबाट निबन्धको सुरुवात हुन्छ । यस निबन्धको परिवेश दाङस्थित घोराही बजारमा रहेको छ । खाली आङ र खाली खुट्टा धनियाँ र सिमी बेच्न आएकी महिलालाई पाँच रुपियाँमा साहुले किचकिच गरिरहेको दृश्यलाई देखाएर निबन्धमा सामाजिक परिवेश प्रस्तुत गरेको छ । सङ्कटकालीन समय भएकाले घाँस काटेर हिँड्ने घाँसी समेत डरले काँप्दै हिँडुनुपर्ने अवस्था यसमा प्रस्तुत गरिएको छ । घोराहीको नयाँ बस्ती र त्यहाँका वस्तुस्थिति निबन्धमा प्रस्तुत गरिएको छ । नयाँ बस्तीको छेवैमा एउटा नदी रहेको र त्यहाँ क्षतविक्षत भएको कसैको शरीर किनारमा बुट्यानमा अल्भिरहेको अवस्थामा फेला परेको उल्लेख छ । त्यही क्षेतविक्षत शरीरलाई हेरेर निबन्धकारको मनमा उठेको भावनाहरूलाई निबन्धमा विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

प्रधानमन्त्रीले संविधान दिवसको अवसरमा दिएको भाषण, संविधानविद् राजनीतिक दल तथा बुद्धिजीवीसितको परिसंवाद र देशभरि संविधान दिवस विविध कार्यक्रमसहित मनाइरहेको कुरा पनि निबन्धमा प्रस्तुत छ । सङ्कटकाल र द्वन्द्वको कारण नेपाल नै नयाँ बस्तीको रूपमा फेरिएको, रूपान्तरित भएको कुरा निबन्धमा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

#### ४.१३.२ शैली

प्रस्तुत निबन्ध आत्मसंस्मरणात्मक शैलीमा आधारित निबन्ध हो । प्रस्तुत निबन्ध चौध अनुच्छेदमा संरचित रहेको देखिन्छ । प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित बाह्रौं निबन्ध हो । यो निबन्धको आकृति दुई पृष्ठको र चौध अनुच्छेदमा संरचित छ । यी अनुच्छेदहरूको वाक्य गठन पनि

सरल र संयुक्त वाक्य तथा छोटा वाक्यको वाक्यात्मक संरचनाद्वारा निर्माण भएको छ । यस निबन्धमा तत्सम (आङ पृ ७१) र आगन्तुक (साइकल, किलोमिटर पृ ७३) भाषाका स्रोतबाट आएका शब्दहरूको प्रयोग भएको छ । निबन्धले तत्कालीन समयमा भएको आतङ्कको सम्झना गराएको छ । संरचनाका दृष्टिले ससाना अनुच्छेदहरू यस निबन्धमा रहेकाले प्रस्तुत निबन्ध आकर्षक देखिएको छ । यस निबन्धमा पनि अन्य निबन्धमा झैँ छोटाछोटा वाक्यहरूको प्रयोग भएको छ । सरल संयुक्त वाक्यहरूकै आधिक्य यस निबन्धमा रहेको छ । वर्णनात्मक शैलीका माध्यमबाट निबन्धकारले आफ्ना निजी विचारलाई प्रस्तुत गरेका छन् । विभिन्न अलङ्कारको प्रयोगद्वारा अभिव्यक्तिगत स्पष्टता कायम भएको छ । प्रस्तुत निबन्धको भाषिक शिल्पले निबन्धात्मक सौन्दर्यमा वृद्धि गरेको छ । संस्कृत स्रोतबाट लिइएका (सङ्कट, आतङ्क) जस्ता तत्सम शब्द पनि प्रचलित किसिमका रहेको छ ।

### ४.१३.३ उद्देश्य

प्रस्तुत निबन्धले सङ्कटकालीन समयको स्मरण गराउँदै समाज परिवर्तनको लागि युवाहरूले गर्नुपर्ने सङ्घर्सको बारेमा प्रस्तुत गर्दै समाज परिवर्तन गर्नु यस निबन्धको मूल उद्देश्य रहेको छ । समाजमा बढ्दै गैरहेको विकृतिको अन्त्य गर्न युवाहरू लागिपर्नु पर्छ भन्ने सन्देश यस निबन्धले दिएको छ ।

## ४.१४ 'रात ढल्नुअगि' निबन्धको अध्ययन

### ४.१४.१ विषयवस्तु

प्रस्तुत निबन्ध राजनीतिक विषयवस्तुमा आधारित निबन्ध हो । मुख्यत दश बर्से द्वन्द्वकालीन समयमा सर्वसाधारणले झेल्नु परेको दुःख कष्ट नै यस निबन्धको विषयवस्तु हो । द्वन्द्वको समयमा निबन्धकारले भोगेको वास्तविक घटना यसमा प्रस्तुत छ । घोराही नै यस निबन्धको मूल स्थान हो । द्वन्द्वको समयमा निबन्धकारले बसको यात्राको क्रममा धेरै हन्डर खानु परेको छ । जसलाई भेट्यो उसलाई आतङ्ककारी भन्दै मार्ने तत्कालीन समयको प्रचलन नै भैसकेको अवस्था यसमा प्रस्तुत छ । आफ्नो ज्यान जोगाउनको लागि विभिन्न झुट बोल्नुपरेको घटना यस निबन्धमा प्रस्तुत छ । 'रात ढल्नुअघि' शीर्षकबाट नै प्रष्ट हुन्छकि रात ढल्नुअगि धेरै घटना घटेको छ । बसको यात्रादेखि सुरु भइ रातभरी शाहीसेनाका फन्दामा परेको घटना यस निबन्धमा प्रस्तुत छ । कर्फ्युको डरले गर्दा गाडी

चालकले गाडी चलाउन मानिरहेको छैन । आदि बाटोमा नै गाडी रोकिएको छ । आफन्तलाई फोन गर्न फोन पनि कसैको छैन । खान बस्नभन्दा पनि आफ्नो ज्यान जोगाउन नै गाह्रो भएको घटनालाई निबन्धकारले कलात्मक ढङ्गले निबन्धमा प्रस्तुत गरिएको छ । रातभर सेनाको बुट आफ्नो शरीरभरि वर्षेको तीतो अनुभव निबन्धमा प्रस्तुत गरेको छ । त्यस एक रात बिताउँदा मनभरि खेलेका कुराहरू निबन्धमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

### ४.१४ २ शैली

प्रस्तुत निबन्ध पनि संस्मरणात्मक शैलीमा निर्मित निबन्ध हो । शाही सेनाले बोलेको कडा ठाडो भाषा जस्ताको तस्तै राखिएको छ । शाही सेनाले बोल्ने क्रममा प्रयोग गरेको अश्लील शब्द पनि संवादसँगै राखिएको छ । प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित ‘रात पनि ऐठन परेको रातमा’ निबन्ध सङ्ग्रहमा सङ्कलित तेह्रौं निबन्ध हो । यो निबन्धको आकृति सात पृष्ठको र बहत्तर अनुच्छेदमा संरचित छ । छोटाछोटा अनुच्छेदहरूमा सजिएको प्रस्तुत निबन्ध संरचनागत सन्तुलनका दृष्टिले आकर्षक देखिएको छ । संरचनाका दृष्टिले ससाना अनुच्छेदहरू यस निबन्धमा रहेकाले प्रस्तुत निबन्ध आकर्षक देखिएको छ । यस निबन्धमा पनि अन्य निबन्धमा झैँ छोटा छोटा वाक्यहरूको प्रयोग भएको छ । सरल संयुक्त वाक्यहरूकै आधिक्य यस निबन्धमा पनि रहेको छ । वर्णनात्मक शैलीका माध्यमबाट निबन्धकारले आफ्ना निजी विचारलाई प्रस्तुत गरेका छन् । विभिन्न अलङ्कारको प्रयोगद्वारा अभिव्यक्तिगत स्पष्टता कायम भएको छ । प्रस्तुत निबन्धको भाषिक शिल्पले निबन्धात्मक सौन्दर्यमा वृद्धि गरेको छ । संस्कृत स्रोतबाट लिइएका तत्सम शब्द पनि प्रचलित किसिमका रहेकोले न्यून प्रयुक्तियुक्त भाषाको प्रयोग यस निबन्धमा भएको छ । अन्य निबन्धहरू झैँ यो निबन्ध पनि सरल र संयुक्त वाक्यहरूको गठनद्धारा संरचित छ । सरल, सहज र प्रभावकारी भाषाका माध्यमबाट प्रस्तुत निबन्धको अभिव्यक्ति सरस बनेको छ ।

### ४.१४.३ उद्देश्य

निबन्धकारले तत्कालीन द्वन्द्वको समयमा भोग्नुपरेको दुःख कष्ट प्रस्तुत गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ । जति पनि द्वन्द्वको समयमा निबन्धकारले दुःख कष्ट झेल्नुपरेको

थियो त्यस्तो कष्ट अवका पिँडीले भोग्न नपरोस र यसैबाट शिक्षा प्राप्त गरोस भन्ने सन्देश रहेको छ ।

### ४.१५ 'रात पनि ऐठन परेको रातमा' निबन्धको अध्ययन

#### ४.१५.१ विषयवस्तु

प्रस्तुत निबन्ध राजनीतिक विषयवस्तुमा आधारित निबन्ध हो । यस निबन्धमा सङ्कटकालीन समयमा भएको भयावह अवस्थालाई प्रस्तुत गरिएको छ । सङ्कटकालको बेलामा जताततै कर्फ्यु लागु गर्ने, कोही कसैलाई घरबाहिर निस्कन नदिने, कुनै घरमा उज्यालो देख्यो भने कर्फ्युको गाडी जाँच गर्न आइहाल्ने त्रासमय अवस्थालाई निबन्धमा प्रस्तुत गरिएको छ । कर्फ्यु लागु गरिसकेपछि कोही बाहिर निस्केभने आतङ्ककारी भन्ने र मारिदिने सन्त्रासले डराउनु पर्ने अवस्थाको बारेमा यसमा प्रस्तुत गरिएको छ । सङ्कटको बेला  दिनभन्दा रात कटाउन गाह्रो हुने रातको समयमा कोहीकसै बिरामी भैहाले भने पनि बरु मर्न तयार हुनुपर्ने तर बाहिर निस्कन नपाउने समयको सम्झना निबन्धमा प्रस्तुत छ । जताततै कर्फ्युको गाडीको मात्रै आवाज आइरहने अरू सबै मुक भई बस्नुपर्ने र बसिरहेको अवस्था निबन्धमा प्रस्तुत छ । कर्फ्युको समयमा जस्तोसुकै समस्या परे पनि चुपचाप सहेर बस्नुपर्ने भएकाले एकरात बिताउन पनि एक वर्ष जस्तो हुने, त्यसैले रात समेत ऐठन परे जस्तो हुने भएकोले यस निबन्धको शीर्षकै ऐठन परेको रात भनी नामाकरण गरिएको छ । कर्फ्यु रातमा दिनभरि जेसुकै गरे पनि रातमा जताततै डरत्रासले सन्नाटा छाउने तर आदि राततिर भने बन्दुकको गोलीको आवाज सुनिने सङ्कटग्रस्त अवस्था निबन्धमा प्रस्तुत छ । विभिन्न पत्रपत्रिकामा र रेडियो, टेलिभिजनमा मानिस मारिएको सङ्ख्या दिनानुदिन बढ्दै गरेको सुन्नु पर्ने सङ्कटकालको भुमरीको राप निबन्धमा प्रस्तुत छ ।

#### ४.१५.२ शैली

प्रस्तुत निबन्ध नवीन विभासद्वारा रचित 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित चौधौं निबन्ध हो । यो निबन्धको आकृति पाँच पृष्ठको र चालिस अनुच्छेदमा संरचित छ । यस निबन्धमा अनुच्छेदहरूको वाक्य गठन पनि सरल र संयुक्त वाक्य तथा छोटा वाक्यको वाक्यात्मक संरचनाद्वारा निर्माण भएको छ । तत्सम (बर्खामास पृ ९१) र आगन्तुक (कर्फ्यु, प्लास्टिक, अङ्कल पृ ९३) भाषाका  स्रोतबाट आएका शब्दहरूको

प्रयोग भएको छ । निबन्धले तत्कालीन समयमा भएको कर्फ्यु आतङ्कको सम्झना गराएको छ । प्रस्तुत निबन्धको भाषाशैली सरल, सरस र  साधारण पाठकले पनि बुझ्न सक्ने खालको रहेको छ । प्रस्तुत निबन्धमा “कर्फ्यु रातमा रात पनि अनिदो रहन्छ” जस्ता आलङ्कारिक वाक्य प्रयोग गरी निबन्धलाई सरस र सुन्दर बनाइएको छ । संरचनाका दृष्टिले ससाना अनुच्छेदहरू यस निबन्धमा रहेकाले प्रस्तुत निबन्ध आकर्षक देखिएको छ । यस निबन्धमा पनि अन्य निबन्धमा झैँ छोटा छोटा वाक्यहरूको प्रयोग भएको छ । सरल संयुक्त वाक्यहरूकै आधिक्य यस निबन्धमा रहेको छ । वर्णनात्मक शैलीका माध्यमबाट निबन्धकारले आफ्ना निजी विचारलाई प्रस्तुत गरेका छन् । विभिन्न अलङ्कारको प्रयोगद्वारा अभिव्यक्तिगत स्पष्टता कायम भएको छ । प्रस्तुत निबन्धको भाषिक शिल्पले निबन्धात्मक सौन्दर्यमा वृद्धि गरेको छ ।

### ४.१५.३ उद्देश्य

प्रस्तुत निबन्धको उद्देश्य तत्कालीन समयको सङ्कटकालीन स्थितिको स्मरण गराउनु र समाज परिवर्तन गराउने तर्फ केन्द्रित रहेको छ । रातभर निबन्धकारले भोगेको समस्याबाट पाठकवर्गले समस्या समाधान गर्न  सिक्नुपर्ने कुरा यस निबन्धको मूल सन्देश रहेको छ ।

# पाँचौ अध्याय
# सारांश र निष्कर्ष

## ५.१ सारांश

'रात पनि ऐठन परेको रातमा निबन्ध सङ्ग्रहको विधातात्त्विक अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्रमा पाँच ओटा अध्याय रहेका छन् । पहिलो अध्यायमा शोध परिचय दिइएको छ । शोध परिचयअन्तर्गत विषय परिचय, समस्या कथन, अध्ययनका उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, अध्ययन विधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधको दोस्रो अध्यायमा निबन्ध विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । यस अध्यायमा निबन्धको परिचय, निबन्धको व्युत्पत्ति र अर्थ, पूर्वीय र पाश्चात्य दृष्टिकोण, निबन्धको र विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरूको चर्चाद्वारा निबन्ध विधालाई चिनाउने प्रयास गरिएको छ । त्यस्तै यस अध्यायमा निबन्धको वर्गीकरण गर्ने आधार प्रस्तुत गरिएको छ ।  यसअन्तर्गत आत्मपरक र वस्तुपरक गरी निबन्धलाई दुई प्रकारमा वर्गीकरण गरिएको छ । यस अध्यायमा निबन्धका तत्त्वहरूको विवेचनासहित भाषाशैली र शिल्पको चर्चा गरिएको छ ।

तेस्रो अध्यायमा नेपाली निबन्धको विकासक्रमको बारेमा प्रस्तुत गरिएको छ । यस अध्यायमा निबन्धको सुरूवातदेखि हालसम्मको स्थितिको बारेमा देखाइएको छ । यस अध्यायमा नेपाली निबन्धको इतिहासको बारेमा पनि चर्चा गरिएको छ । यसमा नेपाली निबन्धलाई तीन चरणमा विभाजन गरिएको छ । यस अन्तर्गत प्राथमिक, माध्यमिक र आधुनिक गरी छुट्याइएको छ । आधुनिक अन्तर्गत पनि पहिलो चरण, दोस्रो चरण र तेस्रो चरण गरी छुट्याइएको छ । अन्त्यमा निष्कर्ष दिइएको छ ।

चौथो अध्ययमा 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूको विधातात्त्विक अध्ययन गरिएको छ । विधातत्त्वअन्तर्गत विषयवस्तु, संरचना र शैलीशिल्पका आधारमा सङ्ग्रहमा रहेका सम्पूर्ण निबन्धहरूको विश्लेषण गरिएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरूको विषयवस्तु के हो, निबन्धहरूमा भाषा, शैली र

शिल्पयोजना के कसरी प्रस्तुत गरिएको छ तथा प्रत्येक निबन्धमा के कस्तो संरचना छ भनी विश्लेषण गरीएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ अध्यायमा शोधको सारांश र निष्कर्ष रहेका छन् । सारांशअन्तर्गत सम्पूर्ण शोधको सारांश प्रस्तुत गरिएको छ । सारांश प्रस्तुत गर्ने क्रममा अध्यायगत सारांशको संक्षिप्त सार राखिएको छ र पाँच ओटै शोधका अध्यायहरूको सारसंक्षेप प्रस्तुत गरिएको छ । त्यस्तै निष्कर्ष खण्डअन्तर्गत समग्र शोधको निष्कर्षलाई शोध प्रश्न वा शोध समस्यामा केन्द्रित रहेर प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

निबन्धकार नवीन विभासद्वारा रचिएको 'रात पनि ऐठन परेको रातमा' निबन्ध सङ्ग्रह (२०६०) को विधातात्त्विक अध्ययनमा प्रस्तुत शोध केन्द्रित रहेको छ । यस निबन्ध सङ्ग्रहमा रहेका चौध ओटा निबन्धहरूलाई प्रस्तुत अध्ययनमा विधातत्त्वका आधारमा अध्ययन गरिएको छ । विभासका अधिकांश निबन्धहरू राजनीतिक विषयमा केन्द्रित छन् । कुनै निबन्ध वैचारिक किसिमका पनि देखिन्छन् । खास गरी समाजका विविध पक्षहरूलाई विषयका रूपमा ग्रहण गरी यस कृतिमा त्यसको कलात्मक अभिव्यञ्जना गर्ने प्रयास गरिएको छ । सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, आदि अनेक विषयहरूले उनका निबन्धमा स्थान पाएका छन् । विशेष गरी दश बर्से जनयुद्धको विषयमा केन्द्रित रहेर राजनीतिक, शैक्षिक, सामाजिक आदि विषयलाई उनले सशक्त रूपमा निबन्धमा चित्रण गरेका छन् । त्यस्तै आफ्ना नितान्त वैयक्तिक सन्दर्भहरूलाई पनि जीवनीसँग सम्बन्धित विविध पक्षलाई पनि विषयका रूपमा ग्रहण गरी संस्मरणात्मक शैलीमा कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । निबन्धकारको विचार वा दार्शनिकता पनि कुनै निबन्धको विषय भएर प्रस्तुत भएको छ । यति हुँदा हुँदै पनि खास गरी राजनीतिक विषयवस्तुका क्रियाकलापसँग सम्बन्धित रहेर र प्रगतिशील चेतनाकै कोणबाट मात्र विषयको संयोजन गरिनुले पाठक निबन्धको आस्वादनका क्रममा एकै प्रकारका विषयबाट निरस हुने अवस्था सिर्जना भएको छ । यसको सट्टा विषय वस्तुगत विविधतालाई फरक फरक शैलीका साथ प्रस्तुत गर्न सकेको भए विभासको निबन्धकारितामा मौलिकता थपिन्थ्यो । विभासका निबन्धहरूमा भाव विचार एवम् उद्देश्यगत समानता रहेको पाइन्छ । यसबाट प्रगतिवादी निबन्धकार भनिएका विभास क्रान्ति र विद्रोहभन्दा व्यक्ति स्वयम्लाई मन परिवर्तनका माध्यमबाट सुधारको

बाटोमा ल्याउन चाहन्छन् । प्रस्तुत चिन्तन नै यस निबन्ध सङ्ग्रहको मुख्य प्रतिपादन भाव वा विचार हो र यही नै उद्देश्यका रूपमा पनि प्रस्तुत छ । उनी मूलत : मार्क्सवादी सौन्दर्यमा रुचि राख्ने मार्क्सवादप्रति प्रतिबद्ध लेखक भएका कारणले उनका निबन्धमा प्रगतिवाद मुख्य प्रवृत्ति भएर देखा परेको छ । निबन्धकार विभास सामाजिक विषयवस्तुलाई जस्ताको तस्तै रूपमा प्रकट गर्ने रुचि देखाउँछन् । यसबाट निबन्धकार विभासको अर्को निबन्धात्मक प्रवृत्तिका रूपमा सामाजिक यथार्थवाद रहेको छ । त्यस्तै विभास सामाजिक समस्याको निराकरण सुझाउने क्रममा आदर्श रूपमा प्रस्तुत भएका छन् । उनका निबन्धमा विद्रोह, द्वन्द्व, वर्ग सङ्घर्ष, क्रान्ति जस्ता मूलभूत मार्क्सवादी समाज परिवर्तनका उपायहरूको सट्टा मन परिवर्तन/विचार परिवर्तनमा जोड दिन्छन् । निबन्धका आधारमा हेर्दा समाज परिवर्तनको मुख्य हतियार नै व्यक्तिमा आत्मा जागरण ल्याउनु हो । जबसम्म आत्मजागरण आउँदैन तबसम्म परिवर्तन असम्भव छ भन्ने उनको आदर्श दृष्टिकोण छ । उनका निबन्धको विषय मूलत : एकै प्रकारका भए तापनि त्यसलाई प्रस्तुत गर्ने शैली भने फरक रहेका कारण पृथक् किसिमको बन्न पुगेका छन् । राजनीतिक, वैचारिक, वैयक्तिक र जीवनीमूलक विषयवस्तुलाई उनले आफ्ना निबन्धमा ग्रहण गरेका छन् । त्यस्तै उनको अर्को मुख्य प्रवृत्ति भाषा र शिल्पगत प्रवृत्ति हो । उनी भाषिक र शिल्पशैलीगत योजनामा सफल देखिन्छन् । उनका निबन्धमा काव्यात्मक मिठास पनि प्राप्त गर्न सकिन्छ । यिनै विभिन्न प्रवृत्ति र शिल्प चेतनालाई साक्षी राखेर उनको निबन्धकारिता निरूपण गर्नु पर्ने हुन्छ । निबन्धमा प्रयुक्त विषयवस्तु तिनको सान्दर्भिकता, औचित्य र महत्त्व, विचार, भाव, भाषा शैली, उद्देश्य आदिको समग्र प्रभावकारितामा आधारित निबन्धात्मक प्रभावकारिता र उपयुक्तताका दृष्टिले तथा निबन्धहरूको जीवन्तता र मूल्य चेतनाको विश्लेषण गर्दा उनको निबन्धकारिता मध्यम स्तरको रहेको निष्कर्ष प्राप्त भएको छ ।

आकर्षक वाक्य गठन र अनुच्छेद योजना, तत्सम र तद्भव शब्दको सन्तुलित प्रयोग, आगन्तुक शब्दहरूको न्यून प्रयोग र छोटो आकृति उनका निबन्धमा पाइने विशेषता हुन् । निबन्धलाई पनि काव्यात्मकता प्रदान गर्न सक्ने सामर्थ्य उनमा रहेको देखिन्छ । क्रियापदहीन वाक्य, प्रकृति, संस्कृति, भूगोल, सामाजिक र त्यसबाट सिर्जित अलङ्कार, आदिले समग्र निबन्धको शिल्पपक्षलाई उजिल्याएको छ भने निबन्धको भाव सौन्दर्यमा पनि वृद्धि भएको छ । यथार्थ विषय हुँदाहुँदै पनि निबन्धमा उठाइएका समस्याको समाधानको स्वर भने आदर्श किसिमको रहेकाले प्रगतिवाद र सामाजिक यथार्थवादभित्र आदर्शको स्वर

मुखरित भएको पाइन्छ । समग्रमा विभास समकालीन नेपाली निबन्धको पछिल्लो चरणका सशक्त प्रतिभाका रूपमा देखा परेका छन् ।

(१) विभासका अधिकांश निबन्धहरू राजनीतिक विषयमा केन्द्रित छन् ।

(२) विभास सामाजिक समस्याको निराकरण सुझाउने क्रममा नवीन विचार लिएर प्रस्तुत भएका छन् ।

(३) विभासको निबन्धकारिताको मूल्याङ्कन गर्दा विषयवस्तु र शैली दुबैका कोणबाट 'सङ्कटकालको तराजुमा जोख्दाजोख्दै', 'रात पनि ऐठन परेको रातमा', 'सपना भत्कने रात' र 'मलाम जाँदाजाँदै' निबन्धहरू उत्कृष्ट देखिन्छन् ।

(४) उनको यस निबन्ध सङ्ग्रहको शिल्पशैली प्रगतिवादी निबन्धका लागि अनुकूल हुने खालको छ । शब्द शैलीमा सरलता र सरसता पाइन्छ ।

(५) निबन्धलाई पनि कलात्मकता प्रदान गर्न सक्ने सामर्थ्य निबन्धकारमा पाइन्छ ।

(६) निबन्धकार विभासको अर्को निबन्धात्मक प्रवृत्तिका रूपमा सामाजिक यथार्थवाद रहेको छ ।

(७) विभास प्रगतिवादी निबन्धकार भएकै कारण उनका निबन्धमा सामाजिक असमानताको विरोध गरिएको पाइन्छ ।

(८) उनको 'बस फेरि गुड्न थाल्छ' र 'झल्को झुन्नारामा भुलभुलैया' निबन्ध यात्रासंमरणात्मक शैलीमा आधारित निबन्ध हुन् ।

(९) विभासका निबन्धहरूमा भाव विचार एवम् उद्देश्यगत समानता रहेको पाइन्छ ।

## ५.३ अध्ययनका सम्भावित शीर्षक

नवीन विभासको 'रात पनि ऐठन परेको रातमा' निबन्ध कृतिलाई आधार बनाएर यो शोध कार्य सम्पन्न गरिएको छ । यस शोध कार्यको शीर्षकसँग निकट रहेर गर्न सकिने सम्भावित शोधशीर्षकहरू निम्नानुसार छन् :

(क) 'रात पनि ऐठन परेको रातमा' निबन्ध कृतिको शैलीवैज्ञानिक अध्ययन

(ख) 'रात पनि ऐठन परेको रातमा' निबन्ध कृतिको विश्लेषण र मूल्याङ्कन

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, रामलाल (ई.१९७५). *नेपाली निबन्ध यात्रा.* दार्जिलिङ : नेपाली साहित्य सच्चयिका ।

उपाध्याय, केशवप्रसाद (२०५९). *साहित्य प्रकाश.* छैटौं संस्क. काठमाडौं : रत्न पुस्तक भण्डार ।

एटम, नेत्र (२०६४). "समसामयिक नेपाली निबन्धको प्रभेदगत सर्वेक्षण." मिर्मिरे. ११:२७०, पृ. ११३/१२६

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति.* काठमाडौं : पैरबी प्रकाशन ।

ढुङ्गेल, ओमप्रकाश (२०६६). "समयसापेक्ष" समाचारपत्र. आइतवार पृ. ५ ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४९). *लक्ष्मी निबन्ध सङ्ग्रह.* बाह्रौं संस्क. काठमाडौं : साझा प्रकाशन ।

नेपाल, स्वागत (२०६०). "वर्तमान देशको चित्र." *समाचारपत्र.* आइतवार, पृ. ६ ।

पहाडी, ढुण्डिराज (२०७४). *पाश्चात्य साहित्यका प्रमुख वादहरूको विमर्श.* काठमाडौं : मोलुङ फाउन्डेसन ।

बराल, ईश्वर (२०३०). (सम्पा), "सयपत्री." तेस्रो संस्क, काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, घटराज *(२०५५). नेपाली साहित्यको ऐतिहासिक रूपरेखा.* काठमाडौं : सृष्टि प्रकाशन ।

रिजाल, विष्णु (२०६०). "नवीन शैलीका निबन्धहरू." *साप्ताहिक. पुस* ९, शुक्रवार, पृ. ५ ।

विभास, नवीन (२०६०). *रात पनि ऐठन परेको रातमा.* काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

शर्मा, गोपीकृष्ण (२०६७). *नेपाली निबन्ध, परिचय.* दसौं संस्क. काठमाडौं : रत्न पुस्तक भण्डार, (२०६३) ।

सिलवाल, प्रकाश (२०६०). "देशको सन्त्रासमा अभ्यस्त कलम." *हिमालय टाइम्स.* माघ १०, शनिवार, पृ.९ ।

सुवेदी, राजेन्द्र, र शर्मा, हिरामणि (२०४७). (सम्पा), *नेपाली हास्यव्यङ्ग्य निबन्ध.* काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५६). *स्नातकोत्तर नेपाली निबन्ध.* तेस्रो संस्क. काठमाडौं : पाठ्य सामग्री पसल ।

सुवेदी, राजेन्द्र (२०६४). "नेपाली निबन्धको समसामयिक स्वरूप. *मिमिरे.*" ३ : २६२, पृ. २६२/२६८